


नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित





वर्ष २९ अंक १६२ काठमाडौं | १५ साउन २०७८ शुक्रबार श्रावण कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११४१ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, July 30, 2021 | पृष्ठ १० | १० रुपैयाँ


# सर्वोच्चकै प्रतिवेदन : न्यायाधीश नियुक्तिदेखि भ्रष्टाचार, पेसी तोक्दा नै अनियमितता

**जयसिंह महरा** (काठमाडौं)

न्यायाधीश नियुक्तिको सिफारिसदेखि नै न्यायालयमा विकृति, विसंगतिको प्रारम्भ हुने भन्दै सर्वोच्च अदालतकै समितिले चिन्ता व्यक्त गरेको छ । इजलास गठन र मुद्दाको पेसी तोक्ने विद्यमान पद्धतिबाट समेत भ्रष्टाचार बढेको भन्दै अदालत शुद्धीकरणका लागि समितिले विभिन्न सुझाव दिएको छ ।

समितिको प्रतिवेदनमा कतिपय न्यायाधीश विकृति एवं भ्रष्टाचारजन्य कार्यमा संलग्न रहेको, राजनीतिक दलको प्रभावमा परेको र माथिल्लो अदालतका न्यायाधीशको भनसुनका आधारमा मुद्दामा फैसला दिने गरेको गुनासो बढ्दा न्यायपालिकाका लागि चुनौती थपिएको उल्लेख छ । कानुनले तोकेको वस्तुनिष्ठ आधारमा नभई आत्मनिष्ठ एवं मनोगत आधारमा गरिएको नियुक्तिको सिफारिसले समस्या सिर्जना गरेको समितिको निष्कर्ष छ । 'तसर्थ न्यायाधीश नियुक्ति योग्यमध्येको योग्यतम् व्यक्तिलाई वस्तुनिष्ठ एवं पारदर्शी ढंगबाट गरिनुपर्छ,' प्रतिवेदनमा छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले सर्वोच्चका न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गत वर्ष साउन २९ मा उक्त समिति गठन गरेका थिए । समितिले 'न्यायपालिकामा हुन सक्ने विकृति, विसंगति, अनियमितता वा भ्रष्टाचार एवं बिचौलियाबाट हुन सक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि चाल्नुपर्ने उपायका सम्बन्धमा' प्रतिवेदन तयार गरेको हो । **बाँकी पृष्ठ २**

### सर्वोच्चका न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वमा गठित समितिको प्रतिवेदनका मुख्य अंश

१. न्यायाधीश नै भ्रष्टाचार र राजनीतिक दबाबमा, भनसुनका आधारमा मुद्दामा फैसला

२. अदालत बाहिरको सम्बन्धबाट मुद्दा प्रभावित, भित्र भने न्यायाधीश र कर्मचारीबीच समन्वय अभाव

३. प्रधानन्यायाधीश र न्याय परिषद्को इमानदार सक्रियताबिना न्यायाधीशहरूमा देखिएको विचलन नियन्त्रण असम्भव

४. संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको संलग्नतालगायतका विषयमा संविधान तथा कानुन संशोधन गर्ने वा नगर्ने निर्क्योल गर्न अध्ययन आवश्यक

५. संवैधानिक इजलासको प्रभावकारिता र न्यायाधीशहरूको संसदीय सुनुवाइसम्बन्धी विषयमा पनि अध्ययन जरुरी


६. न्यायाधीश नियुक्ति सिफारिसबाटै विसंगतिको सुरुवात, योग्यमध्येको योग्यतम् व्यक्तिलाई पारदर्शी ढंगबाट नियुक्त गर्ने परिपाटी जरुरी

७. न्यायाधीश सरुवामा हुने असमान व्यवहारले न्यायिक जनशक्तिमा नैराश्यता, पारदर्शी प्रणालीबाट सरुवा र कारबाही प्रणाली विकास गर्न जरुरी


८. इजलास गठन र मुद्दाको पेसी तोक्ने विद्यमान पद्धतिका कारण भ्रष्टाचार, कम्प्युटरमा आधारित 'अटोमेटेड कज लिस्ट सिस्टम' लागू गर्न र सो प्रणाली स्थापना नभएसम्म गोलाप्रथाबाट पेसी प्रकाशन गर्न सुझाव

९. अदालत, बार र अनुसन्धान विज्ञको संलग्नतामा छुट्टै संयन्त्र गठन, बिचौलियाको प्रभावमा पर्ने न्यायाधीश तथा कर्मचारीमाथि कारबाही

१०. न्यायाधीश र फाँट मिलाउँछु भनी अतिरिक्त रकम लिने गरेको गुनासो आएकाले कानुन व्यवसायीको आम्दानीको अभिलेख अनिवार्य



## 'अदालतमा भ्रष्टाचार र बिचौलिया छन् भन्ने के नौलो विषय हो र ?'



**प्रकाश वस्ती**
सर्वोच्चका पूर्वन्यायाधीश

सर्वोच्चको प्रयास राम्रो हो, कार्यान्वयन टाढा छ । सबै समस्याको चुरो, हामीभित्र इमान छैन । म ठीक, अरू सबै बेठीक भन्ने सोचाइ छ । जबसम्म हामीभित्र इमान प्रवेश गर्दैन, तबसम्म यी सबै विषय आदर्श मात्रै हुन् । आदर्शले मात्रै सुधार गर्दैन, अठोट चाहिन्छ । त्यसका लागि सरकार, राजनीतिक नेतृत्व र न्यायपालिका सबैको अठोट चाहिन्छ । त्यो अठोट प्रकट होला कि नहोला भन्नेमा शंका छ । प्रतिवेदन आफैंमा खराब छैन । यसअघिका प्रतिवेदन पनि खराब थिएनन् । रामप्रसाद श्रेष्ठको प्रतिवेदन कार्यान्वयन हुन नदिन न्यायालयभित्रबाटै प्रयास भए, बाहिरबाट पनि भए । राम्रो होस् भन्नेभन्दा राम्रो नहोस् भन्ने पक्ष बलियो भयो । न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको समितिको जन्म नै केही विषय ढाकछोप गर्न बनेको हो । **बाँकी पृष्ठ २**

# बीपी प्रतिष्ठानको अनियमितताविरुद्ध डेढ महिनादेखि आन्दोलन

**सुदीप कैनी** (काठमाडौं)

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानभित्र फस्टाउँदै गएको आर्थिक अनियमितताविरुद्ध डेढ महिनादेखि आन्दोलन चलिरहेको छ । आन्दोलनका पक्षमा देशका विभिन्न स्थानमा प्रदर्शनहरू भइरहेका छन् । चिकित्सा शिक्षा र स्वास्थ्य सुधारका अभियन्ता डा. गोविन्द केसीले पनि आन्दोलनमा ऐक्यबद्धता जनाएका छन् ।

चिकित्सक, प्राध्यापक, कर्मचारी, विद्यार्थी, पूर्वविद्यार्थी र धरानवासीले प्रतिष्ठानलाई असहयोग कार्यक्रमसमेत सञ्चालन गरेका छन् । जेठ अन्तिम सातादेखि सुरु भएको आन्दोलन माग पूरा नभएसम्म जारी रहने बीपी प्रतिष्ठान शुद्धीकरण अभियान संयुक्त संघर्ष समितिका संयोजक डा. एसपी रिमालले बताएका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव वैकुण्ठ अर्यालको नेतृत्वमा गठित विज्ञहरूको टोलीले समस्या समाधानका लागि सरकारलाई सुझाव दिने अन्तिम तयारी गरिरहेको छ । अर्याल नेतृत्वको टोली प्रतिष्ठानमा भइरहेको आन्दोलन, समस्या समाधानका उपायबारे अध्ययन गरेर काठमाडौं फर्किसकेको छ । प्रधानमन्त्री देउवाले १५ दिनभित्र सुझाव दिने गरी साउन १ मा उक्त कार्यदल बनाएका थिए ।

प्रतिवेदन लेखनको अन्तिम गृहकार्य भइरहेको कार्यदलका सदस्यसचिव तथा प्रधानमन्त्री कार्यालयका उपसचिव शंकर नेपालले जानकारी दिए । कार्यदलमा शिक्षा, स्वास्थ्य, कानुन मन्त्रालय र महालेखा नियन्त्रण कार्यालयका प्रतिनिधि सदस्य थिए । **बाँकी पृष्ठ ८**

## भित्र


- 'भैंसी व्यापारी' सँग किनेर खोप, प्रहरीद्वारा पक्राउ
- मूल्यसँगै तौलमा पनि ठगिए उखु किसान
- अपांगता भएका महिलाले पाएनन् न्याय
- अतिरिक्त शुल्क उठाउँदै मेडिकल कलेज
- सेबोनले नेप्सेबाट ब्रोकर छनोटको अधिकार खोस्यो


## गजब छ बा ! अविन




'भिडभाड नगरौं' भन्ने चेतना दिने खालको यस्तो यौटा जुलुस निकालम् कि क्या हो ?

# नेपालको अलमलले मन्त्रिपरिषद् विस्तार रोकियो

**बबिता शर्मा** (काठमाडौं)

एमालेको माधवकुमार नेपाल समूहको अनिर्णयले सत्ता गठबन्धनका दलहरूबीच मन्त्रालय बाँडफाँट हुन नसकेर मन्त्रिपरिषद् विस्तार अझै टुंगो लाग्न सकेको छैन । गठबन्धनका नेताहरूले भने बिहीबार ढिलामा आइतबारसम्ममा मन्त्रिपरिषद् विस्तार गर्ने समझदारी गरेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएको दुई साता बितिसक्दा मन्त्रिपरिषद् ६ सदस्यीय मात्रै छ ।

सरकारको न्यूनतम साझा कार्यक्रम बनाउन गठित कार्यदलका एक सदस्यका अनुसार शुक्रबार पहिलो चरणमा एमालेका वरिष्ठ नेता नेपालसँग संवाद गर्ने र उनको समूह सरकारमा आउने नआउने निश्चित भएपछि गठबन्धनका दलहरूबीच मन्त्रालय बाँडफाँट गर्ने तयारी छ । 'शुक्रबारसम्ममा नेपाल समूहको निर्णय आउँछ । त्यसपछि कुन पार्टीले कति र कुन मन्त्रालय पाउने भन्ने गहन छलफल थाल्छौं,' उनले भने, 'आइतबारसम्म मन्त्रिपरिषद् विस्तार हुन सक्छ ।'

मन्त्रिपरिषद् विस्तारका विषयमा नेपालको निर्णायक धारणा बुझ्न माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल बिहीबार उनको कोटेश्वरस्थित निवास पुगेका थिए । उनीनिकट एक नेताका अनुसार दाहालले नेपाललाई शुक्रबारसम्म उपयुक्त निर्णय लिन आग्रह गरेका छन् । शुक्रबार नेपालसँग दाहाल र प्रधानमन्त्री देउवाले भिन्दाभिन्दै छलफल गर्ने सम्भावना छ । 'शुक्रबार उहाँ (नेपाल) ले निर्णय दिनुभएन भने हामी मन्त्रिपरिषद् विस्तारमा अगाडि बढ्छौं, अब उहाँलाई कुर्न सकिन्नँ,' दाहालनिकट ती नेताले भने ।

### नेपाल समूहले सरकारमा जाने-नजाने निर्णय आज दिने

### एकताका लागि समयसीमा दिएर निर्णय गर्ने मनस्थितिमा ओली

नेपाल समूह सरकारमा नआए कांग्रेसलाई प्रधानमन्त्रीसहित ९, माओवादीलाई ७ र जसपालाई ६ मन्त्रालय भागबन्डा गर्ने मोटामोटी सहमति छ । एमालेको नेपाल समूह सहभागी भए मन्त्रालयको संख्या बदलिन सक्छ । गठबन्धनको बिहीबार भएको छलफलमा प्रधानमन्त्री देउवा, कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री पूर्णबहादुर खड्का र माओवादी केन्द्रबाट दाहाल, नारायणकाजी श्रेष्ठ तथा जसपाबाट उपेन्द्र यादव, बाबुराम भट्टराई र अशोक राई सहभागी थिए । मन्त्रिपरिषद् विस्तारलाई लिएर बुधबार पनि गठबन्धनको बैठक बसेको थियो । बैठकमा प्रधानमन्त्री देउवाले छिटो मन्त्रिपरिषद् विस्तार गर्नुपर्नेमा जोड दिएका थिए । जनता समाजवादी पार्टीले भने शनिबार संसदीय दलको नेता चयन गर्ने भएको छ । निर्वाचन आयोगले आधिकारिकताको विवाद टुंग्याएपछि जसपाले संसदीय दलको नेता छान्न लागेको हो । संसदीय दलको नेता चयनपछि मन्त्रीहरूको नाम दिने जसपाको तयारी छ ।

वरिष्ठ नेता नेपालले निर्णय गर्न नसक्दा एमालेको आन्तरिक एकता पनि अन्योल बनेको छ । संस्थापन पक्षले विकल्पसहित एकताका लागि प्रयास गर्दा पनि नेपालले निर्णय नदिएको भन्दै असन्तुष्टि जनाएको छ । अध्यक्ष ओलीले एकताका लागि नेपाललाई समयसीमा दिएर निर्णय गर्ने मनस्थिति बनाएका छन् ।

नेपालले सत्ता गठबन्धनको बैठकमा आफ्नो प्रतिनिधि पठाउन छाडेका छैनन् । **बाँकी पृष्ठ ८**







# विरोधबीच सेती खोंच भाडामा ?

**दीपक परियार** (पोखरा)

संरक्षणकर्मी, नागरिक समाज र राजनीतिक दलको विरोधकै बीच पोखराको सेती खोंच र पातले छाँगो (डेभिज फल्स) ४० वर्षका लागि निजी कम्पनीलाई भाडामा दिन महानगरले सम्झौताको तयारी गरेको छ । सेती क्यान्योन प्रालिसँग बिहीबारै सम्झौता हुने भनिए पनि तयारी नपुगेपछि शुक्रबारलाई सारिएको छ ।

संरक्षणकर्मी एवं नागरिक समाजले पोखराका सम्पदा भाडामा लगाउने प्रक्रिया रोक्न माग गर्दै महानगरमा ज्ञापनपत्र बुझाएका छन् । राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपाल, सटिजन्स जुरी कास्की र नागरिक समाज कास्कीले महानगर उपप्रमुख मञ्जुदेवी गुरुङलाई बिहीबार ज्ञापनपत्र बुझाएका हुन् । प्राकृतिक सम्पदामा



मानवीय गतिविधि बढाउँदा त्यहाँका जीवजन्तु र वनस्पतिमा गम्भीर असर पर्ने जनाइएको छ । 'भू-धरातल भएको सेतीको डिल भत्किने, भासिने, प्रदूषित हुने र परापूर्वकालदेखि विभिन्न जातजातिले गर्दै आइरहेको धार्मिक, सामाजिक, सांस्कृतिक गतिविधिमा खलल पुग्न जान्छ,' ज्ञापनपत्रमा भनिएको छ, 'प्राकृतिक स्रोतको अवाञ्छित रूपमा चरम दोहन हुनुका साथै लामो समयको भाडा सम्झौताले आर्थिक अपारदर्शिता तथा आर्थिक नोक्सानी हुन्छ ।'

राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालका अध्यक्ष विष्णुहरि अधिकारीले विज्ञको रोहबरमा सचेत गराइरहँदा र पटक-पटक ध्यानाकर्षण गराइरहँदा पनि विज्ञको सुझावलाई बेवास्ता गरी भाडामा दिने निर्णय गर्नु दुर्भाग्यपूर्ण भएको बताए । ज्ञापनपत्र बुझ्दै महानगर उपप्रमुख गुरुङले उक्त विषयमा आफ्नो ध्यानाकर्षण भएको बताइन् । सेती खोंच, डेभिज फल्स, रामघाट र मोरेखरेका सम्बन्धमा कार्यपालिका बैठकले नै निर्णय गरिसकेकाले त्यहीअनुसार तयारी भएको उनले सुनाइन् । **बाँकी पृष्ठ ८**

# सर्वोच्चकै प्रतिवेदन : न्यायाधीश...

समितिमा न्यायाधीश प्रकाशमानसिंह राउत, नेपाल बार एसोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठ, महासचिव लीलामणि पौडेल, नायब महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेय, सर्वोच्चका सहरजिस्ट्रार नारायणप्रसाद पौडेल र सर्वोच्च बारका सचिव ऋषिराम घिमिरे सदस्य थिए ।

सरोकारवाला निकायहरूका रूपमा रहेका सरकारी वकिल, निजी कानुन व्यवसायीलगायत अनुसन्धानमा संलग्न निकाय एवम् पदाधिकारी, सरकार, राजनीतिक दलसँगको सम्बन्ध र सहयोगका आधारमा बाह्य कार्य वातावरणको प्रभाव न्यायसम्पादनमा पर्ने समितिको निष्कर्ष छ । न्यायपालिकाभित्र कार्यरत न्यायाधीश एवम् कर्मचारीबीच समन्वयको अभाव एवम् अन्य विकृति, विसङ्गति एवम् भ्रष्टाचारजन्य क्रियाकलापले समेत आन्तरिक कार्य वातावरणमा प्रभाव पार्ने समितिले जनाएको छ ।

प्रतिवेदनमा न्यायाधीशहरूमा देखिएका विकृति, विचलन र भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणका लागि प्रधानन्यायाधीश र न्याय परिषद्को इमानदार सक्रिय आवश्यक रहेको समेत उल्लेख छ । संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको संलग्नता, संवैधानिक इजलासको प्रभावकारिता, न्यायपरिषद्को संरचना पुनरावलोकन, संसदीय समितिमा सर्वोच्चका न्यायाधीशको सुनुवाइ हुने व्यवस्थाका लगायत विषयमा अध्ययन गर्नुपर्ने समितिले जनाएको छ । न्यायाधीश र न्यायपालिकामा कार्यरत कर्मचारीको सरुवामा स्पष्ट मापदण्ड बनाउन समितिले दिएको छ । 'न्यायाधीश र कर्मचारीहरूको सरुवा, काज एवम् अनुशासनात्मक कारबाही गर्ने क्रममा समेत स्पष्ट मापदण्ड अवलम्बन नगरी समानहरू बीचमा गरिएको असमान व्यवहारले इमानदार एवम् नैतिकवान् न्यायिक जनशक्तिमा नैराश्य सिर्जना हुन पुगेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ । न्यायाधीश र कर्मचारीको सरुवा कानुनले निर्दिष्ट गरेका आधारलाई ध्यानमा राखी पारदर्शी एवम् अनुमानयोग्य प्रणालीमा आधारित रहनुपर्ने र अनुशासनात्मक कारबाही प्रतिशोध साध्ने हिसाबले गर्न नहुनेमा समितिले जोड दिएको छ । कानुन व्यवसायीबाट न्यायाधीश नियुक्त गर्दा राजनीतिक दबाब र प्रभावमा नपरेको तथा भविष्यमा न्यायाधीशको पदलाई व्यक्तिगत लाभका लागि भऱ्याङ नबनाउने व्यक्ति छान्न समितिले सुझाव दिएको छ ।

जिल्ला, उच्च र सर्वोच्च अदालतको नेतृत्वले इजलास गठन र मुद्दाको पेसी तोक्दाखेरि अनियमितता गर्छन् भन्ने जनमानसमा परेको उल्लेख गर्दै समितिले पेसी तोक्दा नै विधि र प्रक्रियाले काम गर्नुपर्नेमा जोड दिएको छ । समितिले पेसी तोक्ने व्यवस्था स्वचालित सूची प्रणाली (कम्प्युटरमा आधारित अटोमेटेड कज लिस्ट सिस्टम) बाट गर्नुपर्ने सुझाव दिइएको छ । तत्कालै स्वचालित प्रणाली सम्भव नभएकाले मंसिरबाट गोला प्रथा गरेर पेसी तोक्ने व्यवस्था गर्नुपर्ने समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

सर्वोच्च अदालतमा हुने अनियमितता अन्त्य गर्नका लागि २०६४ सालमा सर्वोच्च अदालत बार एसोसिएसनले एउटा प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त प्रतिवेदन श्रीहरि अर्याल, भरतराज उप्रेती र प्रकाश वस्ती सम्मिलित समितिले तयार गरेको थियो । त्यसमा न्यायालयमा २९ किसिमका बिचौलिया रहेको उल्लेख थियो । भान्से, ड्राइभर, कर्मचारीदेखि न्यायाधीशसम्ममा बिचौलिया रहेको भनिएको थियो । उक्त प्रतिवेदनलाई सर्वोच्चले स्वीकार गरेको थिएन । सर्वोच्चले नै २०६६ र २०७२ सालमा अदालतमा हुने विकृति र विसंगति पत्ता लगाउन समिति गठन गरेको थियो तर ती समितिका प्रतिवेदन सार्वजनिक गरिएन ।

अहिलेको प्रतिवेदनमा भने को र कति संख्यामा बिचौलिया हुन् भन्ने उल्लेख नगरिए पनि केही न्यायाधीशको वरिपरि बस्ने कानुन व्यवसायी, केही कर्मचारी तथा सेवाग्राही पनि बिचौलिया रहेको जनाइएको छ । बिचौलिया नियन्त्रणका लागि छुट्टै कानुन निर्माणको आवश्यकता पनि औंल्याइएको छ । यस्तै अदालत, बार र अनुसन्धान विज्ञको संलग्नतामा छुट्टै संयन्त्र गठन गर्नुपर्ने र बिचौलियाको प्रभावमा पर्ने न्यायाधीश तथा कर्मचारीमाथि कारबाही गर्नुपर्नेमा जोड दिइएको छ । यस्तै, कानुन व्यवसायीको आम्दानीको अभिलेख राख्ने र बिचौलियाको भूमिका खेल्ने कानुन व्यवसायीलाई बार र कानुन व्यवसायी परिषद्ले कानुनको दायरामा ल्याएर कारबाही गर्ने व्यवस्था आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ । समितिले प्रतिवेदनमा अनुसन्धानका क्रममा पक्राउ परेको व्यक्तिलाई सञ्चार माध्यममार्फत सार्वजनिक गर्ने र अदालतमा विचाराधीन मुद्दामा राष्ट्रियस्तरका पत्रिकाको मुख्य समाचार बनाई यसो हुनुपर्छ वा यस्तो हुँदैछ भन्ने जस्ता 'मिडिया ट्रायल' गर्ने अभ्यासले न्यायसम्पादनमा असर पारेको उल्लेख गरेको छ ।

प्रधानन्यायाधीश जबराले प्रतिवेदनमा सुझाएका विषय कार्यान्वयन गरिने बताएका छन् । प्रतिवेदनका विषयवस्तु पनि आफूले नै दिएकाले कार्यान्वयनमा लैजाने उनको भनाइ छ । उनले यो प्रतिवेदन अध्ययनपछि सार्वजनिक गर्ने र कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरेका हुन् ।


## VACANCY ANNOUNCEMENT

Birat Nepal Medical Trust (BNMT) is a non-profit making non-governmental organisation dedicated towards the improved health and wellbeing of Nepalese people.

BNMT is conducting a research project entitled **"Epidemic Intelligence: Understanding how economic migrant waves drive SARS-CoV2 epidemic seeding and community transmission events in the South Asian context"** project to be launched from mid-August 2021. In order to drive execution of the research project, BNMT is seeking a qualified, pro-active Post-Doctoral Researcher to join in BNMT Head Office, Kathmandu as per details below.

| Positions: | No: | Minimum Qualifications and Experiences: |
|---|---|---|
| Post-Doctoral Researcher | 1 | PhD in relevant topic- ideally clinical epidemiology. Experience of sequencing, clinical epidemiology, pathogen genetics, statistical analysis would be an advantage. Between 2-5 years post-doctoral experience in health sciences as a senior researcher. |

**Duration:** Initially eight months with the possibility of extension. First 3-months will be probationary period.

Interested and qualified individuals who meet the above criteria should forward an application and updated bio-data through email to the following address no later than 11 August, 2021.

HR and Administration Manager
Birat Nepal Medical Trust (BNMT)
Lazimpat, Kathmandu, Nepal
Email: bnmt.recruitment@gmail.com

Only short-listed candidates will be invited for selection process. BNMT particularly welcomes applications from women and minority ethnic community groups.



## Call for Proposal

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare infographic videos under the project named "Strengthening/Supporting Local Level Platforms in their Response to Gender Based Violence". Infographic videos should be prepared based on the GBV Training Manual focussing on the roles and responsibilities of local level government in responding to GBV. The sealed proposal containing all the documents should be submitted before August 5, 2021, 5 p.m. to FWLD's office.

**TERMS OF REFERENCE**

**Scope of Work**
- Prepare a total of 9 infographic videos.
- Prepare Infographics Video with the duration of 5-7 minutes.
- Content and storyline will be provided by FWLD
- Must be in the Nepali language along with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Proposed budget
- CV of key people engaged
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year
- Technical Proposal
- Working plan
- Prior work sample

FWLD
**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415



Save the Children

## VACANCY ANNOUNCEMENT

Save the Children believes every child deserves a future. In Nepal and around the world, we give children a healthy start in life, the opportunity to learn and protection from harm. We do whatever it takes for children - every day and in times of crisis - transforming their lives and the future we share. Save the Children adheres Safeguarding Policy, including its Child Safeguarding and Global Anti-harassment Policy, with high importance and commits rigorous procedure to ensure all our personnel and programs are safe for children. All candidates will be, therefore, subject to strict background checks.

Save the Children invites applications from the interested and eligible candidates (Nepali Citizens only) who are reliable, accountable, have the ability to deliver results with the highest level of integrity and who value diversity for the following position(s).

| Position | Description | Eligibility |
|---|---|---|
| **Program Manager – COVID Response**<br>**Required No.(s):1**<br>**Term & Location:** Fixed term; based in Country Office, Kathmandu | Responsible for overall planning, implementation, monitoring and reporting of CR19M grants; will liaise closely with the Sr Managers/Managers in the field and the entities to ensure effective coordination and communication arrangements are in place for implementing CR19M activities | Master's degree in Public Health (MPH) or equivalent in related field with minimum of 7 years of working experience (5 years for GSI group*) in Public Health program. Any experience in COVID response will be desirable |
| **Procurement Manager**<br>**Required No.(s):1**<br>**Term & Location:** Fixed term; based in Country Office, Kathmandu | Responsible for managing all Procurement and Supply Chain under Global Fund CRM 19 grant; ensures that all goods and services are procured in accordance with the timescales set and agreed with programme staff and SCI's systems, policies, and procedures, to support programmes to deliver outstanding results; ensures that "value for money" and quality is achieved through competitive and transparent Procurement processes | Master's degree in Business Administration/Finance/Economics or equivalent in related field with minimum of 7 years of working experience (5 years for GSI group*) in procurement/supply chain field and governance on procurement related matters |
| **Project Coordinator-CRG & CP**<br>**Required No.(s):1**<br>**Term & Location:** Fixed term; based in **Kuse, Jajarkot,** MFWFO | Responsible for timely project implementation and necessary coordination in consultation with the Project Manager-Sahayatra; will provide technical inputs to District/Municipal level stakeholders and Partner's project team to support the implementation of high quality CRG and CP (**Child Rights and Governance and Child Protection**) theme activities, and will support partner team in finalizing DIPs and periodic reports | Master's Degree in in Social Science, Human Rights, International Relations, Law or equivalent in related field with minimum of 3 years (2 years for GSI group*) of experience in child rights-based project implementation and experience of working closely with the local government will be an added advantage |
| **Program Officer (Re-Advert)**<br>**Required No.(s):1**<br>**Term & Location:** Fixed term; based in Country Office, Kathmandu | Responsible to support program team in planning and implementation of HIV, TB, and Malaria program; assist program team in possible integration of HIV, TB and Malaria services particularly services among migrants, and support in all Health System and Community System Strengthening related activities; support in arranging program related meetings, reviews, workshops and preparing program reports | Bachelors' Degree in Public Health or Management and with minimum of 3 years (2 years for GSI group*) of experience in relevant field |
| **Procurement Officer**<br>**Required No.(s):1**<br>**Term & Location:** Fixed term; based in Country Office, Kathmandu | Responsible for undertaking the responsibilities of operational procurement and supply chain for CRM19 linked with the smooth functioning of National Covid response, HIV/AIDS, TB and Malaria Program, workshops and preparing program reports | Bachelors' Degree in Management or equivalent in related field with minimum of 3 years (2 years for GSI group*) of working experience in procurement |

*GSI group includes Female, Dalit, Madhesi, People with Disabilities and other indigenous/minorities

**For detail job description(s) of the position(s), log on to https://stcuk.taleo.net/careersection/ex/jobsearch.ftl**
**To apply, select the position and click the "Apply" button.**
**The application deadline is 23:00 hrs, Friday, 06 August 2021.**

**Only the shortlisted candidates will be contacted for further selection process. Canvassing at any stage of the processes shall lead to automatic disqualification. No telephone inquiries will be entertained. Save the Children does not charge a fee at any stage of the recruitment process.**

**Qualified candidates from minorities, indigenous groups, women and people with disabilities from local level are highly encouraged to apply**


# अदालतमा भ्रष्टाचार...

अदालतप्रति चुलिएको आक्रोश मत्थर गर्न समिति बनेको हो । जसको कारणबाट यो समिति जन्मिएको थियो, कार्यान्वयन उनैको जिम्मामा छ । यो खेलौना बन्छ कि शस्त्रास्त्र बन्छ, हेर्नैपर्ने हुन्छ ।

अदालतमा सेटिङ हुन्छ र भ्रष्टाचार छ भन्ने नयाँ कुरा कहाँ हो र ? बिचौलिया शब्द श्रीहरि अर्याल नेतृत्वको समितिले दिएको हो, जसमा म र भरतराज उप्रेती थियौं । हामीले २९ किसिमका बिचौलिया न्यायालयमा छन् भनेका थियौं । त्यसपछि रामप्रसाद श्रेष्ठ संयोजकत्वको समितिले पनि अदालतमा भ्रष्टाचार र बिचौलिया छन् भन्यो ।

बारको प्रतिवेदनमा प्रधानन्यायाधीश इमानदार भयो भने न्यायपालिकाका ६० प्रतिशत समस्या स्वतः हल हुन्छन् भनिएको थियो । श्रेष्ठको प्रतिवेदनले भने प्रधानन्यायाधीश ठीक भयो भने ८० प्रतिशत समस्या हल हुन्छन् भनेको छ ।

भागबन्डामा आफैं हिस्सा लिने, मन परेका, कुनै योग्यता क्षमता नभएका मान्छेलाई न्यायाधीश बनाउने, उनीहरूलाई दाहिने र देब्रे हात बनाउने अनि न्यायपालिकामा नियुक्ति ठीक भएन भन्ने ?

मलाई लाग्दैन, हुनेवाला प्रधानन्यायाधीशले नै नियुक्ति गर्दा यो पालना गर्नुहोला । त्यतिबेला पनि नियुक्ति गर्नैपर्ला । त्यो बेला पनि हुने यस्तै हो । एउटा कांग्रेसको मान्छे, अर्को कम्युनिस्टको । त्यसमा पनि एउटा केपी ओलीको, अर्को माधव नेपालको, अर्को कसको ? त्यो भएन भने ठीक हो । तर, मूल चुरो हामीभित्र इमान हुनुपर्छ ।

२०६४ सालको बारको प्रतिवेदन कार्यान्वयन गरेको भए न्यायालयमा रामराज्य हुनुपर्ने हो । त्यो त सर्वोच्चले ग्रहण गरेन, छोडिदिउँ । रामप्रसाद श्रेष्ठ संयोजक रहेको समितिमा सर्वोच्च अदालतका चार जना न्यायाधीश थियौं, त्यो समिति प्रधानन्यायाधीश अनुपराज शर्माले गठन गर्नुभएको थियो । उहाँले कार्यकालको अन्तिम दिन प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गर्नुभयो । तत्कालीन प्रवक्ता श्रीकान्त पौडेलले वेबसाइटमा राख्नू भनेर टिप्पणी सदर गर्नुभएको थियो । त्यो प्रतिवेदन वेबसाइटमा राखेको, तर पर्सिपल्टबाट रहेन ।

आज प्रधानन्यायाधीशले प्रतिवेदन सार्वजनिक गर्ने भन्नुभएको छ । यसो गरौं, गिरीशचन्द्र लाल, अनिलकुमार सिन्हालगायतका प्रतिवेदन पनि छन्, ती सबै सार्वजनिक गरिदिए हुन्छ । किताब नै निकाल्दा राम्रो हुन्छ ।

न्यायालयभित्र विकृति, विसंगति र भ्रष्टाचार छ भन्ने स्वीकार मात्रै गरिबस्ने हो कि सुधार पनि गर्ने हो ? बिहानीले दिनको संकेत गर्छ भनेजस्तो यसको कार्यान्वयन हुने/नहुने हेर्न १५ दिनदेखि १ महिना कुरौं, संकेत देखिइहाल्छ ।


WORLD DAY AGAINST TRAFFICKING IN PERSONS 30 JULY

"VICTIMS' VOICES LEAD THE WAY "
मानब बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस

* महिला दिदि बहिनिको विशेष अधिकार,बेचबिखन विरुद्धको प्रतिकार
* मानव वेचविखन हुन वाट आफुपनि वचौ अरुलाई पनि वचाऔ
* महिला अधिकारको सम्मान गरौ, मानव अधिकारको संरक्षण गरौ
* सुनिश्चित भविष्य बनाउनलाइ दिलाउ शिक्षा चेलिलाइ
* लैगिक हिंसा अन्त्य गरौ मानव वेचविखन विरुद्ध प्रतिवद्ध वनौ
* सवै मिली गरौ विपद्को सामना, मानव बेचविखन रहित समाज हाम्रो चाहना
* मानव बेचविखन अन्त्यका लागि ऐक्यवद्धता, हामि सवैको साझा प्रविद्धता

OPPORTUNITY VILLAGE NEPAL
शुभ अवसर ग्राम नेपाल

GOOD SHEPHERD INTERNATIONAL FOUNDATION NEPAL


## दुई बालक बेपत्ता

बागलुङ (कास)- पौडी खेल्न गएका बागलुङका दुई बालक बिहीबार दिउँसो कालीगण्डकी नदीले बगाएर बेपत्ता भएका छन् । चार जना गएकामा दुई जना भने नदीमा पसेका थिएनन् ।

बागलुङ नगरपालिका-१ को निरयघाटमा पौडी खेल्ने क्रममा ताराखोला-१ का अभिषेक विक र ताराखोला गाउँपालिका-५ का यमबहादुर पुनलाई नदीले बगाएको जिल्ला प्रहरीका सूचना अधिकारी इकवाल हवारीले बताए ।


DRILP TECHNICAL ASSISTANCE TO EARTHQUAKE EMERGENCY ASSISTANCE PROJECT
AF-Iteco Ltd., Switzerland
Täfernstrasse26 | 5405 Baden, Switzerland | A member of the AF-Group

## AUCTION NOTICE

First Date of Publication: 30th July 2021

Decentralized Rural Infrastructure and Livelihood Project (DRILP) is a joint programme between Government of Nepal (GoN) and Government of Switzerland represented by Swiss Agency for Development and Cooperation (SDC). AF ITECO AG, Switzerland on behalf of SDC provides Technical Assistance (TA) to the GoN in building and rehabilitation of roads and trails.

DRILP III plans to auction on "AS IS WHERE IS" basis some of the assets and equipment. The asset & equipment will be available for inspection at the DRILP/LRBSU office on 2nd and 3rd August 2021. (Time: 10 am to 4 pm only)

Interested bidders (individual/ firms) shall submit their bids in the specified bid form (sealed/ signed) to the specified location given below latest by 4th August 2021 at 12 noon. DRILP III will sell the highest bid offer following evaluation of the submitted sealed bids.

The detailed assets and equipment list, bidding process and forms can be downloaded from **www.drilpnepal.org**

**DRILP III/LRBSU**
Manbhawan, Lalitpur
PO Box. 113, Email: drilp@drilpnepal.org
Telephone: (+9771) 5549589

DRILP reserves the right to accept or reject, wholly or partly any or all the bid offers without assigning any reason, whatsoever.



## VACANCY ANNOUNCEMENT

**First date of publication: 30 July 2021**

Patan Academy of Health Sciences (PAHS) is seeking qualified Nepali citizens for the following positions on performance contract basis.

| Vacant Positions | Minimal Qualifications |
|---|---|
| Lecturer/Assistant Professor/Consultant Researcher in Community Health Sciences Department, OUCRU-PAHS | MBBS with MPH/MD Community Medicine. |
| Lecturer in Orthopedics | Master's degree in relevant subject with Fellowship/MCH in Orthopedics Oncology. |
| Lecturer in Pediatrics Cardiology | MD Pediatrics with Fellowship/DM in Pediatrics Cardiology. |

Candidates meeting the above requirements may apply with their certificates, curriculum vitae, recent passport sized photographs and a covering letter along with application form which can be obtained from the office of PAHS or downloaded from PAHS website (www.pahs.edu.np). It is required to present original certificates during the time of interview. Last date for application submission is no later than 8th August 2021 to the following address. Date and time of exam will be announced later.

**Patan Academy of Health Sciences (PAHS)**
**Office of the Registrar, Lagankhel-5, Lalitpur**
**Phone: 01-5539003/5545152**


# बढी शुल्क उठाउँदै मेडिकल कलेज

**सुदीप कैनी** (काठमाडौं)

काठमाडौं विश्वविद्यालय (केयू) बाट सम्बन्धन लिएका मेडिकल कलेजहरूले चिकित्सा शिक्षा आयोगले तोकेभन्दा बढी शुल्क विद्यार्थीबाट असुलेका छन् । मेडिकल कलेजहरूले एमबीबीएस पहिलो वर्षमा अध्ययनरत विद्यार्थीसँग परीक्षा शुल्कका नाममा १० हजार रुपैयाँका दरले अतिरिक्त शुल्क उठाएका हुन् । थप शुल्क नबुझाए परीक्षामा बस्न नदिने धम्की दिने गरिएको विद्यार्थीले गुनासो गरेका छन् ।

काठमाडौं जोरपाटीस्थित नेपाल मेडिकल कलेज, सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज, देवदह मेडिकल कलेज रूपन्देही र लुम्बिनी मेडिकल कलेज पाल्पाले अतिरिक्त शुल्क उठाएको बिल कान्तिपुरले प्राप्त गरेको छ । नेपाल मेडिकल कलेजका विद्यार्थीले बढी शुल्क लिएको विषयमा चिकित्सा शिक्षा आयोगमा समेत उजुरी दिएका छन् । चिकित्सा शिक्षा ऐनमा परीक्षा शुल्क पनि एकमुष्ट शिक्षण शुल्कभित्रै समावेश हुने उल्लेख छ । आयोगका सदस्यसचिव डिल्लीराम लुइँटेलले शिक्षण शुल्कभन्दा बढी शुल्क नलिई आवेदन फाराम भर्न निर्देशन दिएको जानकारी दिए । 'विद्यार्थी गुनासो लिएर आएका थिए, बढी शुल्क नलिनू भनेर निर्देशन गरेका छौं,' उनले भने ।

मेडिकल कलेजले यसअघि पनि विभिन्न शीर्षकमा विद्यार्थीबाट लाखौं रुपैयाँ उठाउँदै आएका छन् । तर बोल्न सक्ने अवस्था नभएको एक अभिभावकले बताए । कलेजले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीसँग पनि शुल्क मागेको छ । 'परीक्षा आवेदन भर्न १० हजार मागिएको छ,' एक विद्यार्थीले भने, 'त्यति नतिरे परीक्षा दिन नै नपाइने रे ।'

केयूका मेडिकल कलेजहरूले आयोगले तोकेको शुल्क बुझाउने किस्ता प्रणाली पनि उल्लंघन गरेको विद्यार्थीको भनाइ छ । ऐनमा विद्यार्थीबाट शुल्क पहिलो वर्षमा एक तिहाइ र बाँकी रकम वार्षिक रूपमा किस्ताबन्दीमा लिनुपर्ने उल्लेख छ । एमबीबीएसका लागि काठमाडौं उपत्यकामा भित्र ४० लाख र बाहिर ४४ लाख रुपैयाँ शुल्क तोकिएको छ । मेडिकल कलेजहरूले भने तेस्रो वर्षको पढाइ सकिनुअघि नै सबै रकम लिइसक्ने गरेको विद्यार्थीहरू बताउँछन् ।

दुई वर्षअघि विराटनगरको नोबेल, वीरगन्जको नेसनल, पोखराको गण्डकी, भरतपुरको चितवन मेडिकल कलेजमा अवैध शुल्क असुलेको भन्दै विद्यार्थी आन्दोलित भएका थिए । पछिल्लो समय नोबेल मेडिकल कलेज सञ्चालक सुनील शर्माले सिनामंगलको काठमाडौं मेडिकल कलेज र नेसनल मेडिकल कलेजका सञ्चालक बसरुद्दिन अन्सारीले जोरपाटीको नेपाल मेडिकल कलेजमा लगानी गरेका छन् । उनीहरू सञ्चालक बनेपछि चिकित्सक, कर्मचारीको सेवा सुविधा कटौती र विद्यार्थीबाट अतिरिक्त शुल्क उठाउन थालिएको प्राध्यापकहरूले बताए ।

निजी मेडिकल कलेज एसोसिएसनका अध्यक्षसमेत रहेका अन्सारीले मेडिकल कलेजहरूले विद्यार्थीबाट परीक्षा शुल्क लिएको स्वीकार गरे । 'विश्वविद्यालयले प्रतिविद्यार्थी लिने शुल्क बढायो, त्यसैले हामीले पनि विद्यार्थीबाट शुल्क मागेका हौं,' उनले भने, 'हामी पनि चिकित्सा शिक्षा आयोगमा उजुरी गर्ने तयारीमा छौं ।' केयू स्कुल अफ मेडिकल साइन्सेजले भने शुल्क वृद्धि नभएको जनाएको छ । 'कोरोनाका कारण सम्बन्धन शुल्क लिनसमेत कडिकडाउ गरेका छैनौं,' डिन राजेन्द्र कोजूले भने, 'आयोगले तोकेभन्दा बढी शुल्क लिन पाइँदैन ।'

### कसले कति उठाए ?

राष्ट्रिय सतर्कता केन्द्रले गरेको छानबिनमा मेडिकल कलेजहरूले २०७४ पछिका ४ शैक्षिक सत्रमा ३ अर्बभन्दा बढी अतिरिक्त शुल्क उठाएको भेटिएको थियो । नोबेल मेडिकल कलेजले ३५ करोड ४७ लाख, काठमाडौं मेडिकल कलेजले २७ करोड ८१ लाख, नेसनल मेडिकल कलेजले ३२ करोड ५५ लाख र लुम्बिनी मेडिकल कलेजले ३२ करोड ९६ लाख बढी पैसा लिएको प्रतिवेदनमा छ ।

सबैभन्दा बढी गण्डकी मेडिकल कलेजले ४३ करोड ४ लाख ९० हजार रुपैयाँ उठाएको छ । युनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवाले ३२ करोड ७२ लाख, नेपालगन्ज मेडिकल कलेजले २१ करोड ९१ लाख, ललितपुरको किस्ट मेडिकल कलेजले ५ करोड ९९ लाख, देवदह मेडिकल कलेजले ३ करोड ८९ लाख ९४ हजार, मणिपाल कलेज अफ मेडिकल साइन्सेज पोखराले १० करोड ९ लाख, विराट मेडिकल कलेज विराटनगरले १९ करोड ९ लाख, कलेज अफ मेडिकल साइन्स भरतपुरले १० करोड ६१ लाख ठगी गरेको केन्द्रको ठहर छ ।


Pre-Owned
CARS
Are you more than done with the nightmare of buying a pre-owned automobile in this town?
autoworld by Hamrobazar
Then come check out Hamrobazar's AutoWorld collection, and drive away with the deal of your dreams.
Every Saturday, Hamrobazar will showcase under one roof the best-value pre-owned vehicles from around Kathmandu. Make your pick from AutoWorld's vast collection of vehicles of all brands, take your pick for a spin, and drive home your dream deal. To further sweeten the deal, Hamrobazar will facilitate your auto loan on the spot.
HYUNDAI TUCSON CRDI
Engine Type DIESEL
Transmission MANUAL- 4 WD
Interior / Exterior GOOD
Make Year 2008
Excellent engine condition, Never been in major or minor Accident.
RS. 21,50,000
FORD FIGO TITANIUM AUTOMATIC
Engine Type PETROL
Transmission AUTOMATIC
Interior / Exterior EXCELLENT
Make Year 2016
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 23,50,000
Down Payment RS. 12,92,000
KIA CARNIVAL FULL OPTION AUTOMATIC
Engine Type DIESEL
Transmission AUTOMATIC
Interior / Exterior EXCELLENT
Make Year 2016
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 62,00,000
Down Payment RS. 34,10,000
CHEVROLET OPTRA
Engine Type PETROL
Transmission MANUAL- 2 WD
Interior / Exterior EXCELLENT
Make Year 2013
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 15,50,000
Down Payment RS. 8,52,000
HONDA CITY ZX
Engine Type DIESEL
Transmission AUTOMATIC
Interior / Exterior VERY GOOD
Make Year 2008
Excellent engine condition, Never been in major or minor Accident.
RS. 20,00,000
TOYOTA FORTUNER
Engine Type DIESEL
Transmission MANUAL
Interior / Exterior EXCELLENT
Make Year 2017
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 137,00,000
Down Payment RS. 75,35,000
HYUNDAI TUCSON GLS
Engine Type DIESEL
Transmission AUTOMATIC
Interior / Exterior VERY GOOD
Make Year 2012
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 53,00,000
Down Payment RS. 29,15,000
FORD ECOSPORT
Engine Type PETROL
Transmission MANUAL
Interior / Exterior VERY GOOD
Make Year 2016
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 27,00,000
Down Payment RS. 14,85,000
TOYOTA RAV-4
Engine Type PETROL
Transmission MANUAL
Interior / Exterior VERY GOOD
Make Year 2014
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 67,00,000
Down Payment RS. 36,85,000
TOYOTA INNOVA
Engine Type DIESEL
Transmission MANUAL
Interior / Exterior EXCELLENT
Make Year 2017
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 68,00,000
Down Payment RS. 34,00,000
VOLKSWAGEN TIGUAN
Engine Type DIESEL
Transmission AUTOMATIC
Interior / Exterior EXCELLENT
Make Year 2010
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 47,00,000
Down Payment RS. 28,20,000
DC AVANTI
Engine Type PETROL
Transmission MANUAL
Interior / Exterior EXCELLENT
Make Year 2018
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 125,00,000
HYUNDAI CRETA SX(O)CVT
Engine Type PETROL
Transmission AUTOMATIC
Interior / Exterior BRAND NEW
Make Year 2021
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 71,50,000
Down Payment RS. 35,75,000
HYUNDAI GRAND I10
Engine Type PETROL
Transmission MANUAL- 2 WD
Interior / Exterior GOOD
Make Year 2014
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 21,00,000
Down Payment RS. 10,50,000
BALENO DELTA
Engine Type PETROL
Transmission MANUAL- 2 WD
Interior / Exterior EXCELLENT
Make Year 2017
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 23,25,000
Down Payment RS. 11,62,000
SUBARU FORESTER
Engine Type PETROL
Transmission MANUAL
Interior / Exterior GOOD
Make Year 2005
Excellent engine condition, Never been in major or minor Accident.
RS. 21,50,000
VOLKSWAGEN TIGUAN
Engine Type PETROL
Transmission AUTOMATIC
Interior / Exterior EXCELLENT
Make Year 2013
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 57,50,000
Down Payment RS. 28,50,000
FORD FIGO
Engine Type PETROL
Transmission MANUAL
Interior / Exterior VERY GOOD
Make Year 2013
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 14,00,000
Down Payment RS. 7,00,000
ALTO LXI
Engine Type PETROL
Transmission MANUAL- 2 WD
Interior / Exterior GOOD
Make Year 2014
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 12,25,000
Down Payment RS. 6,12,000
HYUNDAI EON
Engine Type PETROL
Transmission MANUAL- 2 WD
Interior / Exterior GOOD
Make Year 2013
Excellent engine condition, Never been in major or minor Accident. Finance options available, Terms and conditions apply.
RS. 11,50,000
Down Payment RS. 5,75,000
Financial Partner
BATAS INVESTMENT COMPANY PVT. LTD.
If you are an automobile owner or dealer interested in showcasing your vehicle(s) at AutoWorld, Please call us at 9801865901, 9801865904
For further inquiries/Test Drives
9801865902 / 03
Showcase location:
Central Business Park, Thapathali, Kathmandu

# स्थानीय तहका योजनामा अनुदान बढ्यो

मकवानपुर (कास)- वाग्मती प्रदेश सरकारले स्थानीय तहलाई दिने समपूरक अनुदानमा बर्सेनि वृद्धि गर्दै लगेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा १ अर्ब ३८ करोड ७३ लाख रुपैयाँ समपूरक अनुदान दिएको प्रदेश सरकारले गत आर्थिक वर्ष २०७७/७८ मा २ अर्ब ६३ करोड १६ लाख रुपैया दिएको थियो । चालु आर्थिक वर्षमा यो रकम बढाएर २ अर्ब ९१ करोड ८१ लाख रुपैयाँ पुर्‍याइएको छ । 'स्थानीय तहले छनोट गरेका आयोजनाहरूमा प्रदेश सरकारको पनि लगानी रहने व्यवस्थाका लागि यो अनुदान दिइएको हो,' आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुंगेलले भने, 'यसो हुँदा काम प्रभावकारी हुने देखियो । हामीले चार वर्षको बजेट अध्ययन गर्दा समपूरकमा भएका कामहरू सबैभन्दा बढी प्रभावकारी भएको पायौं ।'

मन्त्रालयका सचिव डण्डुराज घिमिरेले चालु आर्थिक वर्षमा ७० अर्ब रुपैयाँ हाराहारी राजस्व उठ्ने दाबी गरे । 'राजस्व धेरै उठ्ने भएकाले हामीले बजेटको आकार ठूलो बनायौं । तर चौतर्फी आलोचना पनि भयो,' उनले भने, 'तर गत आर्थिक वर्षको राजस्व संकलनको अवस्था हेर्दा चालु आर्थिक वर्षमा हामीले धेरै सफलता पाउने प्रक्षेपण गर्न सकिन्छ । अहिले ५८ अर्बको बजेट बनेको छ । हामीले करिब ७० अर्ब हाराहारी राजस्व संकलन गर्न सक्ने अनुमान गरेका छौं ।'

अघिल्लो आर्थिक वर्षको बजेट खर्च ऐतिहासिक भएको दाबी गर्दै उनले यसले प्रदेश सरकारलाई उत्साहित बनाएको बताए । 'राजस्व परिचालनमा केही जटिलता देखिए पनि हामीले गर्ने खर्च उत्साहजनक छ । केही अवरोधका बाबजुद पनि अघिल्लो आर्थिक वर्षमा ७० प्रतिशत खर्च भयो । अब चालु आर्थिक वर्षमा ९० प्रतिशत बजेट खर्च हुनेछ ।'

मन्त्री ढुंगेलले प्रदेश सरकार पनि असारे विकासमा लागेको भन्ने भनाइ अस्वीकार गरे । उनले बजेट चक्र पूरा गर्ने क्रममा असारमा धेरै खर्च देखिएको दाबी गर्दै असारे विकासको पछि नलागेको बताए । 'हामी असारे विकासमा छैनौं,' उनले भने, 'बजेट चक्र पूरा गर्ने क्रममा असारमा धेरै खर्च हुने देखिन्छ । यो स्वाभाविक हो । असारमा भुक्तानी धेरै हुँदा यो महिनामा धेरै खर्च भएको देखिन्छ । तर, हामीले असार लक्षित विकास गर्न खोजेका होइनौं ।'

# विदुरमा सडक भासियो

नुवाकोट (कास)- विदुर नगरपालिकाको २ र ४ वडा बीचमा रहेको मैथली ब्यारेक खोल्सामा वर्षाले सडक भासिएपछि सडक अवरुद्ध भएको छ । सडक भासिएपछि काठमाडौंबाट आएका यातायात बट्टारबजार पट्टी, रसुवा तथा उत्तरी भेगबाट आएका सवारी विदुर बजारपट्टि रोकिएका छन् ।

अस्थायी रूपमा सडक सञ्चालनमा ल्याउने र साना सवारी सञ्चालन तुरुन्तै गरिने प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए । 'सबै जनशक्ति लगाएर छिट्टै सडक सञ्चालनमा ल्याउँछौं,' उनले भने । उक्त सडकबाट अन्यत्रबाट जाने वैकल्पिक मार्गसमेत छैन । सडक १० मिटर तल भासिएको छ । सडक गत वर्षदेखि जोखिममा थियो ।

गल्छी-त्रिशूली-मैलुङ- स्याफ्रुबेंसी-रसुवागढी आयोजनाले सडकको तल्लोभागबाट काम नगरी माथिल्लो भागमात्र कालोपत्र गरेर छाडेकोले सडक भासिएको स्थानीयले बताए ।



काठमाडौंको वसन्तपुरमा बिहीबार काष्ठमण्डपको गजुर प्राणप्रतिस्थापन पूजाका लागि लगिँदै । २०७२ सालको भूकम्पमा ढलेको काष्ठमण्डप पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको छ । कुमारी घरबाट गजुरलाई पूजा गरी काष्ठमण्डपमा प्राणप्रतिस्थापन गरिएको हो । *तस्बिर : बिजु महर्जन/कान्तिपुर*

# समातेका बाघ स्याहार्न सास्ती

## बाघबाट हुने मानवीय क्षति कम गर्नेतर्फ योजना बनाउनुपर्ने विज्ञको सुझाव

**रमेशकुमार पौडेल** (चितवन)

गत असार ७ गते पूर्वी चितवन जनकौली मध्यवर्ती वनमा बाघले आक्रमण गर्दा एक महिलाको ज्यानै गयो । मान्छे मार्ने बाघलाई तुरुन्तै नसमाएको भनेर आक्रोशित स्थानीयले निकुञ्ज कार्यालयमा तोडफोड र आगजनीसमेत गरे । निकुञ्जका प्राविधिक टोलीले त्यसलाई नियन्त्रणमा त लिए तर राख्ने कहाँ ? चितवन निकुञ्जको मुख्यालय कसरामा बाघ राख्ने ठूलो खोर नभएको हैन । तर त्यहाँ अघिल्लो वर्ष असोज १० मा पटिहानी बेलसहर मध्यवर्ती वनमा मान्छे मारेको बाघलाई ल्याएर राखिएको थियो । एकै ठाउँ दुईवटा बाघ राख्दा जुध्ने खतरा हुन्छ । सात वर्षअघि त्यो खोरमा भाले पोथी राखे पनि जुधेर समस्या भएको थियो ।

त्यसैले जनकौलीमा समाएको बाघलाई सौराहाको सानो खोरमा राखियो । अब कुनै समस्या आएर बाघ समाए कहाँ राख्ने ? बाघका विषयमा अध्ययन गर्दै आएका राष्ट्रिय प्रकृति संरक्षण कोषको सौराहामा रहेको कार्यालयका प्रमुख बाबुराम लामिछाने मान्छेलाई दुःख दिने स्वभाव भएका बाघ निकै थोरै नै हुने बताउँछन् । तर समस्या ल्याएका बाघहरूको व्यवस्थापन गर्ने विषय सजिलो भने छैन । उनको अध्ययनअनुसार सन् २००७ देखि सन् १६ सम्म २२ वटा बाघले समस्या ल्याएका थिए ।

'तीमध्ये एउटा मात्र बाघ कानुनी प्रक्रिया पूरा गरेर मारेको देखिन्छ । चारवटा बाघ नियन्त्रणमा लिएर घनाजंगलमा छाडिएको थियो । पाँचवटा बाघलाई केही पनि गरिएन । आठवटा बाघ चिडिया खाना र निकुञ्जको खोरमा राखिएको थियो । चारवटा बाघ गाउँनजिक खेतमा मरेको फेला परे' लामिछानेले भने । स्थानीयले विष दिएर वा हानेर बाघ मारेको उनले बताए । निकुञ्जले नियन्त्रणमा नलिए यसरी मार्ने खतरा पनि छ ।



गत वर्ष पटिहानी बेलसहर मध्यवर्ती वनमा मान्छे मारेको बाघलाई नियन्त्रणमा लिएर खोरमा राख्न कसरा लगिँदै । *फाइल तस्बिर : कान्तिपुर*

जंगलमा छाडेको बाघ फेरि फर्केर पुरानै ठाउँमा जाने गरेको पनि भेटिन्छ । 'सन् २०१३ को कुरा हो । माडीको गणेशकुञ्जमा एउटा बाघले दुःख दियो भनेर हामीले त्यसलाई समाएर निकुञ्जको घनाजंगल क्षेत्र गौर मचान नजिक लगेर छाड्यौं । पछि फेरि उही पुरानै ठाउँमा पुगेछ,' लामिछानेले भने । त्यो बाघलाई पछि बर्दिया पुर्‍याएर निकुञ्जमा छाडेको उनले बताए । तीन वर्षअघिको गणनाअनुसार नेपालमा २३५ बाघ छन् । तीमध्ये सबैभन्दा धेरै ९३ वटा बाघ चितवन निकुञ्जमा छन् । बाघका कारण मान्छे घाइते हुने र ज्यानै जाने घटना बर्सेनि हुने गरेको छ ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले गत आर्थिक वर्षमा वन्यजन्तु आक्रमणमा परेर १२ जनाको ज्यान गएकोमा बाघका कारणले चार जना मरेको जानकारी दिए । बाघले मान्छे मारेपछि त्यसलाई समाउनुपर्ने माग चर्को रूपमा उठ्ने गरेको उनले बताए । सबैलाई समाउनुपर्ने हुँदैन । त्यसैले दुईवटा बाघ मात्रै समाएर खोरमा राखेको उनको भनाइ छ ।

'बाघ बूढो भएमा र घाइते भएमा सिकार गर्न सक्दैन र मान्छे मार्न थाल्छ । त्यसैगरी समूहबाट भर्खर छुटेको सानो भाले बाघले पनि मान्छेलाई झम्टन्छ । नभए मान्छे बाघको आहारा हैन । जंगलमा जति बाघ छन् तीमध्ये पाँच प्रतिशत बाघले मात्रै मान्छे र जनावरलाई आक्रमण गरेर समस्या ल्याएका छन्' अध्ययनकर्ता लामिछानेले भने । समस्या ल्याउन सक्ने बाघ पत्ता लगाउने, उनीहरू कुन ठाउँमा छन् नियमित अनुगमन गर्ने र त्यस्ता बाघबाट जोगिन स्थानीयलाई सचेत गराए मानवीय क्षति हुनबाट धेरै हदसम्म जोगिने उनको तर्क छ ।

तर नीति र योजना बनाउनेहरूको ध्यान र चासो यसतर्फ खासै जान नसकेको संरक्षणकर्मीहरूको भनाइ छ । चितवनमा बाघ बढाउन सकिने सम्भावना अझै रहेको तराई भूपरिधि परियोजनाका प्रमुख रामचन्द्र खतिवडा बताउँछन् । बाघ बढ्दा स्थानीयमा पर्ने समस्या हल गर्न सकिने योजनाहरू पनि बनाउनुपर्ने उनको भनाइ छ । 'चितवन र पर्सा निकुञ्जमा १७५ वटा बाघ बस्न सक्छन् भनिएको छ । तर अहिले योभन्दा कम बाघ छन् । तैपनि समस्या आएको छ । ती समस्या हटाउने उपाए के हुन्छ सोच विचार गरौं,' खतिवडाले भने ।

बाघ एसियाका १३ देशमा पाइन्छ । सन् २०१० मा रुसमा भएको एउटा सम्मेलनले सन् २०२२ सम्म बाघको संख्या दोब्बर बनाउने लक्ष्य राखेको थियो । सन् २०१० मा नेपालमा १२१ बाघ रहेका थिए । बाघ जोगाउनु भनेको पर्यावरणको सबै पाटोको संरक्षण गर्नु हो भन्ने सोच राखेको पाइन्छ । 'संख्या बढेको देख्दा लक्ष्य पूरा गर्न सकिने देखिन्छ । तर यससँग जोडिएर आउने हरेक चुनौतीलाई सामना गर्ने योजनाहरू पनि बनाएर लाग्नुपर्ने छ,' चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगानाले भने ।

# चुरिया सुरुङ पुनर्निर्माण सुरु

हेटौंडा (कास)- मकवानपुरको चुरियामाईस्थित सुरुङमार्गको वाग्मती प्रदेश सरकारले बिहीबारदेखि पुनर्निर्माण सुरु गरेको छ । प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले पुनर्निर्माणको शुभारम्भ गरे । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले ३ करोड ३६ लाखको लागतमा सुरुङमार्गको पुनर्निर्माण गर्न लागेको हो । पुनर्निर्माणपश्चात् सुरुङ सञ्चालनमा आउने दाबी निर्देशनालयका निर्देशक सहदेवबहादुर भण्डारीले गरे । २०७९ वैशाखको १९ गतेसम्म काम सक्ने लक्ष्य छ ।

एक सय ९८ मिटर लामो सुरुङको रेक्ट्रोफिटिङबाट पुनर्निर्माण गरेर सञ्चालन गर्ने जनाएको छ । 'सुरुमा ५ सय मिटर लामो उक्त सुरुङमार्ग सडक निर्माण गर्दा भत्काइएको रहेछ,' निर्देशक भण्डारीले भने ।


**Request for Quotations (RFQ) For Vehicle Procurement**

World Vision

**IFB No: WVIN/SCM/2021-06, Published date: July 30, 2021**

World Vision International Nepal (WVIN) is an INGO committed to working with vulnerable children, families, and communities to overcome poverty and injustice. WVIN is facilitating a procurement of **4 units of 4WD Single CAB Pickups** having spec as per attached annex-2 on behalf of its Partner NGOs. Hence, WVIN invites interested manufacturers/authorized dealers to submit electronic quotation for it. Suppliers are advised to visit the link: **https://bit.ly/3BV4fUT** to access the RFQ document. Quotation submission deadline is August 08, 2021 by 12:00 Noon. WVIN reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

**SCM Department, WVIN Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877 Email: npl_supplychain@wvi.org**

KANTIPUR PUBLICATIONS PVT. LTD. | KMG KANTIPUR MEDIA GROUP

**आवश्यकता**

यस पब्लिकेसन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- काठमाडौं - ३० जना (पुरुष/महिला)
- विराटनगर - १५ जना (पुरुष/महिला)
- भरतपुर - १५ जना (पुरुष/महिला)
- पोखरा - १० जना (पुरुष/महिला)
- नेपालगन्ज - १० जना (पुरुष/महिला)

आवेदन दिने अन्तिम मितिः- २०७८ श्रावण १५ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
धरानरोड, नेमुवा, मोरङ
फोन नं.: ०२१-४१८०७६, ४१८०७४
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
कारकादो, भुजईगाउँ, नेपालगन्ज
फोन नं.: ०८१-५५१०९४
E-mail: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं.: ०५६-५२८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सिर्जनाचोक, पोखरा
फोन नं.: ०६१-५२५६५६
E-mail: bishow.adhikari@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१३५०००
E-mail: sales@kmg.com.np

**Call for Proposal**

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare a short movie under the Information and Support To People Without Civil Documentation Project. Infographic video should be made on the laws related to Legal Identity (Citizenship). The sealed proposal containing all the documents should be submitted preferably on or before August 9, 2021 by 5 p.m. to FWLD's office.

**TERMS OF REFERENCE**

**Scope of Work**
- Prepare a short movie of around 15 minutes
- Content and story line will be provided by FWLD
- Must be in Nepali and also with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Technical Proposal
- Proposed budget
- Working plan
- CV of key people engaged
- Prior work sample
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year

FWLD 1995 Working for non-discrimination and equality
**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415

**VACANCY ANNOUNCEMENT**

Urgently requires qualified candidates for the following posts.
- **Research Coordinator :-** PHD/MD (virology Epidemiology with 2 years minimum working experience in phase I and Phase II vaccine trials whole genome sequenceing.
- **Principal of Investigator :-** PHD/MD in Immunology or infectious disease with 2 years working experience in COVID-19 vaccine trial in phase I Phase, II & III with minimum 2 articles published in Q1 or Q2 journal.
- **Program Manager :-** Master Degree in related field with minimum 2 years working experience.
- **Communication Officer :-** well command in English writing & speaking with Bachelor/Masters degree.
- **Administrative Officer :-** Bachelor/ Masters Degree in related field.
- **Microbiologist :-** B.sc/ M.sc.
- **Staff Nurse :-** Few PCL with 1 year working experience.
- **Quality Control Executive :-** M.pharma/M.sc chemist.
- **Quality Control Assistant :-** B.pharma.
- **Personal Assistant :-** Minimum Bachelor degree with 1 year working experience.
- **Accountant :-** Bachelor Degree with 1 year experience.

Please send your CV with documents at **clinicalkathmandu@gmail.com** before **5th August 2021**
Only eligible candidates call for Interview.

**वर्गीकृत डिस्प्ले**

**भाडामा**
इमाडोल स्थित डाउन टाउन हाउजिङ्ग भित्र २० फिट बाटो भएको ६ आनामा बनेको २.५ तल्ले आधुनिक घर भाडामा
सम्पर्कः ९८५११०२५८४

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन | STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन | SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**सूचना**
नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौंको लागि खाद्यान्न तथा तरकारी आपूर्ति गर्न ३५ दिने कोटेशन माग सम्बन्धी सूचना ।
विस्तृत जानकारीको लागि
फोन नं. ०१-४९११६७८

**भाडामा**
बबरमहलको प्राईम लोकेसनमा रहेको पार्किङ्ग सुविधा भएको Furnished Office-2 फ्ल्याट एवम् सटर गोदाम-१ भाडामा छ
सम्पर्कः 9851124618, 9611066618
Email: kamalanepal64@gmail.com

काठमाडौंको लागि
**डिलर चाहियो**
आलमोनियमको झ्याल ढोकामा प्रयोग हुने प्लाष्टिकका सामानहरुः गाइड, एंगल, ग्रिप तथा पर्दाका पाईप, इत्यादी
यू. एण्ड के. प्लाष्टिक प्रोडक्ट्स, वीरगंज
सम्पर्क नं. ९८५५०२६३६६
Website: www.uk-plastic.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# अपांगता भएका महिलाले पाएनन् न्याय

## बलात्कारमा संलग्न धेरै आरोपित फरार हुन्छन् । पक्राउ परेका थोरै पनि चाँडै छुट्छन् । पीडक नै खुलेआम हिँडिरहँदा पीडित र परिवार त्रासमा बाँच्न बाध्य छन् ।

**विद्या राई** (काठमाडौं)

अपांगता भएकी २२ वर्षीया छोरीलाई घरमा छाडेर बाआमा मेलापात गए । हिँडडुल गर्न र बोल्न नसक्ने उनी त्यही मौकामा छिमेकीबाट बलात्कृत भइन् । पीडित पक्षले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दिए । घटनाको अढाई महिना बितिसक्दा पनि आरोपित फरार छन् । पीडक नै पक्राउ नपरेपछि पीडितले न्याय पाउने कुरै भएन । बरु उल्टो त्रासको अनुभव गरिरहेका छन् । 'ज्यान खेतबारीमा भए नि मन छोरीतिरै हुन्छ,' आमाले भनिन्, 'काम नगरी पेट भरिन्न, उसैलाई रुङ्दै बसेर नि नहुने ।'

सर्लाहीकी अर्की महिला नीलो रङको लुगा लगाएका पुरुष देख्नासाथ चिच्याउँछिन् । बोल्न र सुन्न नसक्ने उनलाई गत वैशाख १६ गते आँप टिप्न बाहिर निस्केका बेला नीलो लुगा लगाएका छिमेकीले बलात्कार गरेका थिए । उनले पनि न्याय पाएकी छैनन् । महोत्तरीका एसपी दिनेशकुमार आचार्यले फरार व्यक्तिको खोजी भइरहेको बताए । 'नेपालबाहिर छ भन्ने बुझ्नमा आएको छ,' उनले भने । राष्ट्रिय अपांग महासंघकी उपाध्यक्ष रमा ढकाल भने प्रहरीबाटै संवेदनशीलता नदेखिएको बताउँछिन् । 'नत्र महिनौं, वर्षौं बित्दासम्म बलात्कारीलाई पक्राउ गर्न सकिँदैन र ?' उनले प्रश्न गरिन् ।

अपांगता भएका महिलामाथि हुने यौनजन्य हिंसामा संलग्न अधिकांश पीडक फरार हुने गरेको पाइएको छ । अपांगता महिलाको क्षेत्रमा २४ वर्षदेखि वकालत गर्दै आएकी टीका दाहाल भन्छिन्, 'हामीलाई जति रिपोर्ट आएका छन्, पीडक जति प्रायः फरार छन् । थोरै पक्राउ पर्छन्, ती पनि प्रहरीबाट चाँडै छुट्छन् ।'

मुलुकी अपराध संहिता २०७४ मा पीडितले कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने व्यवस्था छ । संविधानले मानव अधिकारलाई हरेक नागरिकको मौलिक अधिकारका रूपमा स्वीकार गरेको छ । अझ सामाजिक न्याय सुनिश्चित गर्न अपांगता भएका व्यक्तिलाई विशेष प्राथमिकतामा राख्नुपर्ने गरेको छ । राष्ट्रिय अपांग महासंघकी कार्यक्रम संयोजक अञ्जना श्रेष्ठका अनुसार डेढ वर्षअघि कैलालीमा शारीरिक र दृष्टिसम्बन्धी अपांगता भएकी एक किशोरीलाई चारजनाले सामूहिक बलात्कार गरे । प्रदेश अदालतमा उजुरी गरियो । तीनजना आरोपित पक्राउ परे । तर पीडित पक्षलाई जानकारी नै नदिई अदालतले पीडकको पक्षमा फैसला गरेर रिहा गऱ्यो । 'पीडक भनिएका छुटेर खुलेआम समाजमा हिँड्न थालेका छन्, पीडित परिवार डराइरहेका छन्,' श्रेष्ठले भनिन् ।

न्यायिक प्रक्रियामा जाँदा पीडितलाई न्याय र पीडकलाई सजायको ढोका खोल्ने पहिलो खुड्किलो नै प्रहरी हो । नेपाल प्रहरीका प्रवक्ता वसन्तबहादुर कुँवर भन्छन्, 'पीडक नै पक्राउ नपरेपछि त जति ठूलै प्रमाण जुटाए नि न्याय मिल्दैन ।' यौन हिंसापीडित अपांगता महिलाका सन्दर्भमा फरार आरोपित पक्राउ नपर्नुमा थुप्रै कारण छन् । अपांगता भएका अधिकांश महिला आर्थिक, सामाजिक रूपमा कमजोर परिवारका हुन्छन् । उनीहरू साहसपूर्वक बोल्न सक्दैनन् भन्ठानेरै आपराधिक मानसिकता बोकेका मानिसले 'टार्गेट' गर्छन् । हिंसाबारे परिवार र समाजमा थाहा भए पनि सकेसम्म मिलेमतो गर्नेतिर लाग्छन् । हिंसामा परेका अपांग महिलाले न्याय पाएको थाहा भएको भए पो परिवार पनि न्यायका लागि डटेर लड्थे होला,' अपांग महासंघकी उपाध्यक्ष ढकालले भनिन्, 'त्योभन्दा ठूलो डर त उसलाई इज्जतको भइदिन्छ, मुद्दा लड्ने खर्चकै अभाव हुन्छ ।'

कतिपय अवस्थामा बौद्धिक अपांगता र बहुअपांगता महिलालाई प्रमाण पेस गर्न गाह्रो हुन्छ । अधिकारकर्मी सिर्जना केसीका अनुसार यौन हिंसापीडितका नजिकका नातेदार/आफन्तको बयानलाई प्रहरीले प्रमाण मान्दैन । कतिपयको परिवार र समाजले पनि सहयोग गर्दैनन् । दृष्टिसम्बन्धी अपांगता भएका महिलाले पीडकलाई देख्न सक्दैनन् । पीडकको आवाज सुनेको आधारमा बयान दिनुपर्ने हुन्छ । बहिरा महिलाले सांकेतिक भाषा प्रयोग गरे पनि प्रहरी, अदालतलगायत वा न्यायिक निकायमा दोभासेको व्यवस्था छैन । अपांगताभित्रका बहिरा, बौद्धिक तथा बहुअपांगता भएकालाई कानुनी सहायताकै अभाव छ । इज्जत जाने डरले निकै थोरै मात्र बाहिर आउने यस्ता मुद्दामा लड्न अधिकारकर्मीहरूको पनि निरन्तर दबाब पुग्दैन ।



### दिनहुँ औसत ७ जना महिला, बालिका तथा किशोरी बलात्कारको सिकार

नेपाल प्रहरीका प्रवक्ता कुँवरले पीडक पक्राउ गर्न अलि समय लागे पनि आफूहरूले खोजतलासमा हेलचक्र्याइँ नगरेको बताए । 'सकेसम्म उपलब्ध स्रोतसाधनको प्रयोग गरेर पीडितमैत्री वातावरणमा बयान लिने, प्रमाण संकलन र विश्लेषण, फास्ट ट्र्याकबाट सुनुवाइ र प्राथमिकतामा राखेर अनुसन्धान गरिएको छ,' उनले भने । अपांगता भएका पीडित महिला फरार पीडकको त्रासदीमा हुन्छन् । परिवार र समाजले पनि घृणा गर्न थाल्छन् । परामर्श पाउँदैनन् । यस्तो विचलनले अन्ततः 'डिप्रेसन' मा पुग्छन् ।

नेपाल प्रहरीको तथ्यांकले दिनमा औसत ७ जना महिला, बालिका तथा किशोरी बलात्कारको सिकार हुने गर्छन् । प्रहरीसँग अपांगता भएका कति महिला यौन हिंसामा परे भन्ने छुट्टै अभिलेख छैन । नेपालमा अपांगता भएका चार महिलामध्ये एक कुनै न कुनै किसिमको हिंसाको सिकार हुने र पाँचमध्ये एक शारीरिक हिंसामा पर्ने गरेको राष्ट्रिय अपांग महासंघ सर्वेक्षणमा भनिएको छ । यौन हिंसा पीडितमध्ये १६ प्रतिशतले मात्र उजुरी गर्ने गरेको पाइएको छ ।

सरकारले ल्याएको 'एकीकृत कानुनी सहायता नीति २०७६' बमोजिम सरकार मातहतका न्यायिक अंग, स्थानीय सरकार, संघसंगठन, नेपाल बार एसोसिएसनलगायतले निःशुल्क कानुनी सहायता उपलब्ध गराउनुपर्छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका, अपांगता भएका, लैंगिक तथा यौनिक अल्पसंख्यकलगायतलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ, पहुँचयुक्त भौतिक संरचना र सञ्चार समस्याले निःशुल्क कानुनी सेवा र परामर्शबाट समेत अपांगता भएकाहरू वञ्चित छन् । सरकारको संवैधानिक अंग राष्ट्रिय महिला आयोगले समेत अपांगता भएका हिंसापीडित महिलालाई समेट्न सकेको छैन । 'हामीसँग एकजना मनोसामाजिक परामर्शकर्ता हुनुहुन्छ, दिनमा ७/८ जनालाई परामर्श दिँदै भ्याइनभ्याई हुन्छ,' आयोगका सचिव मनोजकुमार आचार्यले भने, 'परामर्शकर्ता संख्या बढाउन हामीले पहल गरिरहेका छौं ।'

अधिवक्ता अधिवक्ता यमकुमार योञ्जन कानुनी व्यवस्था र कार्यान्वयन अपांगमैत्री हुनुपर्नेमा जोड दिन्छन् । 'कानुन व्यवसायी र न्यायिक निकाय अपांगता पहिचान गर्न सक्ने हुनुपर्छ, ब्रेलमा सूचना दिनुपर्छ, पहुँचयुक्त संरचना हुनुपर्छ,' उनले भने । सरकारले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०३० सम्म लैंगिक समानता हासिल गर्ने, सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने भनेको छ । 'लक्ष्य पूरा गर्ने हो भने अपांगता भएका महिलामाथि हुने हिंसाको अन्त्य गर्नुपर्छ, यसका लागि न्यायिक सेवा पहुँचयुक्त बनाउन एकदमै जरुरी छ,' अधिवक्ता कृष्णप्यारी नकर्मीले भनिन् ।

# किनेर खोप लगाउँदा पक्राउ



चोपनारायण श्रेष्ठको फेसबुकबाट

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-४ वाङ्लास्थित सन्देश नेवारी खाजाघरमा खोप लगाइँदै ।

**वीरेन्द्र केसी** (अर्घाखाँची)

सन्धिखर्क नगरपालिका-४ का चोपनारायण श्रेष्ठले भारतीय एक भैंसी व्यापारीसँग किनेर एक साताअघि आफू, श्रीमती, छोरा र छिमेकीसमेत सात जनालाई कोरोनाविरुद्धको खोप लगाए ।

वाङ्लास्थित सन्देश नेवारी खाजाघरभित्र खोप लगाएको तस्बिर उनले सामाजिक सञ्जाल फेसबुकमा राखे । तर यसरी तस्बिर सार्वजनिक भएपछि उनले सास्ती बेहोर्नुपरेको छ । उनले प्रहरीलाई चारपटक बयान नै दिइसकेका छन् । प्रहरी निगरानीमै रहेका उनले फेसबुकबाट खोप लगाएको तस्बिर भने हटाइसकेका छन् ।

प्रहरीले श्रेष्ठसँग खोप कसरी आयो भन्ने बारेमा सोधपुछ गरेको छ । 'कोरोनाविरुद्धको खोप कहाँबाट ल्याइयो भन्नेबारेमा अनुसन्धान भइरहेको छ,' प्रहरी नायब उपरीक्षक अम्बरबहादुर थापाले भने, 'बोलाएका बेला आउने गरी श्रेष्ठलाई निगरानीमा राखेका छौं ।' प्रहरीका अनुसार श्रेष्ठले नेपाल-भारत सीमाबाट भैंसी व्यापारीले ल्याइदिएको खोप होटलमा ल्याएर लगाएको बताएका छन् ।

'खोप लगाउन पाइएन । भैंसी खरिद गर्न गाउँमा आउने व्यापारीले सीमातिर खोप पाइन्छ ल्याइदिऊँ भनेर सोधेका थिए । पाइन्छ भने ल्याइदिनूस् भनें, एक महिनापछि खोप ल्याइदिए,' श्रेष्ठले भनेका छन्, 'वाङ्लामा मेडिकल चलाउने मेरो मामाको छोरो दीपक श्रेष्ठलाई बोलाएर म, श्रीमती, छोरोसहित छिमेकीले खोप लगायौं ।' भैंसी व्यापारीलाई आफूले फेरि देखे चिन्ने बताए पनि उनले घर र ठेगाना थाहा नभएको बताए । श्रेष्ठले प्रतिडोज खोप एक हजार रुपैयाँमा किनेको बताए । त्यो खोप एक पटक लगाए पुग्ने भैंसी व्यापारीको भनाइ थियो ।

प्रहरीले उनका छोरालाई पनि बयानका लागि बोलाउने गरेको छ । खोप लगाइदिने दीपक श्रेष्ठ पनि प्रहरी निगरानीमा छन् । उनले आफूले भेरोसेल खोप लगाइदिएको प्रहरीलाई बताएका छन् । खोप लगाउनेहरू २० देखि ५८ वर्षसम्मका छन् ।

'श्रीमती घरमै छिन्, अरू कोही काठमाडौं गए, कोही काम गर्न विभिन्न ठाउँ गए,' चोपनारायण श्रेष्ठले भने । प्रहरीले खोप ल्याउने ती व्यापारीलाई हाजिर गराउन भनेको छ । उल्फतमा आइलागेको झमेला टुंग्याउन भैंसी व्यापारी आए भने प्रहरीकहाँ बुझाउने सोचाइमा श्रेष्ठ छन् । प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलले खोप सरकारी निकायभन्दा गैरकानुनी बाटोबाट ल्याइएकाले अनुसन्धान भइरहेको बताए । 'कस्तो खोप हो, कहाँबाट ल्याएको हो भन्नेबारे अनुसन्धान भइरहेको छ,' उनले भने । श्रेष्ठले खोपको खोल जलाएको बयान दिएका छन् ।

सरकारले जिल्ला जनस्वास्थ्य र गाउँका स्वास्थ्यचौकीमार्फत कोरोनाविरुद्धको खोप लगाउँदै आएको छ । जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी विजय विकले वाङ्लामा उनीहरूलाई सरकारी निकायको अनुमतिबाट खोप नलगाइएको बताए । 'भ्याक्सिन स्वास्थ्यचौकीमै लगाइन्छ, होटलमा होइन,' उनले भने ।



सम्पादकीय

# कहाँ छन् हराइरहेका महिला–बालिका ?

सुन्दै आतेस लाग्छ– मुलुकबाट हरेक दिन औसत २२ महिला-बालिका हराउँछन् । तिनमा आधाआधी त कहिल्यै फर्केर आउँदैनन् । कोरोनाकालमा हराएका त अझ ५ मध्ये ४ जना भेटिएका छैनन्; एक तथ्यांकअनुसार लकडाउन र निषेधाज्ञाका बेला ५११ जना हराएकामा ३९८ जना अझै बेपत्ता छन् । आखिर कहाँ जान्छन् होला यिनीहरू ? कसले बनाउँछ होला यिनलाई बेपत्ता ? द्वन्द्वकालमा राज्य वा तत्कालीन विद्रोहीबाट बेपत्ता बनाइएका व्यक्तिका परिवारको पीडा त बताइनसक्नु छ, यिनलाई त झन् कसले र किन बेपत्ता बनायो भन्नेसमेत केही पत्तो छैन । यस्तो अवस्थामा परिवारको वेदना र छटपटी कति होला ? वर्षौंदेखि यसरी महिला र बालबालिका हराउने क्रम जारी छ, पीडित परिवारको छटपटी निरन्तर छ । तापनि यसलाई रोक्न राज्यले ठोस कदम चाल्न सकेको देखिँदैन ।

देशको एक मात्रै नागरिक बेपत्ता हुनु पनि गम्भीर कुरा हो, तर यहाँ त यो संख्या सानो छैन । एकछिन अनुमान गरौं त– यसरी हराउनेहरू हाम्रो आफ्नै आमा, दिदीबहिनी, छोरी, भतिजी-भान्जीमध्ये कोही हुन् । त्यस्तो भएमा हामी कुन मनोदशाबाट गुज्रौंला ? आज यी बेपत्ताहरूको परिवारको हाल त्यही छ । त्यसैले राज्यपदाधिकारीले बेपत्ता नागरिकका परिवारको पीडाप्रति समानुभूति महसुस गरी यसलाई रोक्न उपर्युक्त उपाय अपनाउन ढिला भैसकेको छ । यसका निम्ति राज्यका निकायलाई सम्बन्धित परिवारले पनि समयमै सूचना उपलब्ध गराउनेलगायतका सम्पूर्ण सहयोग गर्नुपर्छ ।

आर्थिक वर्ष २०७४/७५ देखि २०७७/७८ को जेठ मसान्तसम्म देशभरका २७ हजार ४ सय ३३ जना महिला, किशोरी तथा बालिका हराए । तीमध्ये १० हजार ९ सय ६२ मात्रै फेला परेका छन् । यो संख्या बर्सेनि बढिरहेको छ । आर्थिक वर्ष २०७६/७७ मा ५ हजार ९ सय ८१ जना हराएकामा गएको वर्ष ११ महिनामा ७ हजार ५ सय ६१ हराएका छन् । यस्तै, यही अवधिमा ११ हजार ६ सय ४२ पुरुष र बालक हराएकामा ४०.१५ प्रतिशत भेटिएका छन् । प्रहरी भन्छ– आपराधिक गतिविधिमा संलग्न भएका र परिवारसँग सम्पर्कमा आउन नचाहेकाहरू सजिलै भेटिँदैनन् । तर नभेटिएकामध्ये सबै नै आपराधिक गतिविधिमा संलग्न भएका वा परिवारसँग सम्पर्कमै आउन नचाहेकाहरू त पक्कै होइनन् होला ? त्यसैले राज्यको जिम्मेवार निकाय बेपत्ताहरूको खोजीका निम्ति संवेदनशील बन्नुपर्छ । हराएको सूचना दिने परिवारले आफ्नो मान्छे भेटिएमा त्यसको जानकारी प्रहरीलगायतका निकायलाई दिनुपर्छ । प्रहरीले पनि यस्तो लगत संकलनलाई चुस्त बनाउनुपर्छ ।

विभिन्न कारणले हराएकाहरू कति भारतका विभिन्न स्थानमा भेटिने गरेका छन्, खासगरी किशोरी र बालिकालाई मनोरञ्जनात्मक क्षेत्रमा काम दिने लोभमा लुकाईछिपाई त्यता पुर्‍याइएको पाइन्छ । महिला तथा बालिका बेपत्ता हुनबाट रोक्न सर्वप्रथम त जोखिमपूर्ण समूह-समुदाय पत्ता लगाउनुपर्छ । गरिबीसँगै सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, प्रथाजन्य विभेदकारी कुसंस्कृतिका कारण पनि कमजोर वर्ग, जाति, समुदायका महिला-बालिका हराउने गरेको जानकारहरूको मत छ । तसर्थ, स्थानीय सरकारलगायतका सम्बन्धित निकायहरूले असुरक्षित समूह लक्षित कार्यक्रमहरू अघि सार्नुपर्छ । अभिभावक-समाजमा चेतना अभिवृद्धि गर्नुपर्छ । आफ्नो मान्छे हराइहालेमा खोजीका लागि के गर्ने भन्ने प्रक्रिया बुझाउनुपर्छ ।

प्रहरीले हराएको उजुरी आएपछि व्यक्तिको फोटो, हुलिया र ठेगाना संकलन गरेर सबै जिल्ला र सीमा नाकामा जानकारी पठाएर खोजी गर्छ । कति त आफ्नो मान्छे हराएपछि खोजीका लागि माइती नेपाल नामक गैरसरकारी संस्था पनि पुग्छन् । उसले पनि प्रहरी कार्यालय, अन्य संघसंस्था, वैदेशिक निकाय र संयन्त्रसँग मिलेर खोजबिन गर्छ । हराएका बालबालिकाका हकमा राष्ट्रिय बालअधिकार परिषद्ले पनि खोजतलास गर्छ । खासगरी बालिका हराएको सूचना केही दिनसम्म लुकाएर ढिलो मात्रै राज्यका निकायमा खबर गर्ने प्रचलन देखिन्छ, जुन तोडिनुपर्छ । यसबारे पालिकाहरूले अभिभावक शिक्षाको व्यवस्था मिलाउनुपर्छ । अभिभावकहरूलाई छोराछोरी बेपत्ता हुनेबित्तिकै स्थानीय वडा/पालिका, प्रहरी अर्थात् बालबालिका खोजतलास केन्द्रको निःशुल्क टेलिफोन नम्बर १०४ मा सम्पर्क गर्न लगाउनुपर्छ ।

यति धेरै संख्यामा हराइरहेका आफ्ना नागरिकको खोजीमा राज्यका निकायसित जनशक्ति अभावको बहाना स्वीकार्य हुन सक्दैन । उनीहरूको हरहालत थाहा पाई उद्धार गर्नका खातिर सरकारले हरसम्भव उपाय लगाउनुपर्छ । बालबालिका बेपत्ता हुन नदिन स्थानीय तहहरूले बालबालिकासम्बन्धी ऐन-२०७५ ले प्रबन्ध गरेका संरचनाहरू निर्माण गर्नुपर्छ । ऐनअनुसार स्थानीय तहमा बालअधिकार समिति गठन गरी स्थानीय तहमै बालकल्याण अधिकारी नियुक्त गर्नुपर्छ । स्थानीय सरकारहरू मात्रै अग्रसक्रिय हुने हो भने पनि बालबालिका हराउने क्रममा कमी आउने मात्र होइन, हराएकाहरूको खोजी गर्न पनि सजिलो हुन्छ ।

आफ्ना नागरिकको जीवनको सुरक्षा गर्नु राज्यको प्राथमिक दायित्व हो । त्यसैले, हतपत्त नभेटिने गरी कहाँ हराइरहेका छन् यी नागरिक ? कहाँ पुर्‍याइन्छ उनीहरूलाई ? यसबारे सरकारले गहन अनुसन्धान गर्न जरुरी छ । हराएकाहरूलाई खोज्नदेखि थप महिला-बालबालिका बेपत्ता हुन नदिन राज्यका निकायहरूले उचित अग्रसरता लिनुपर्छ । परिवारसित रहेका बालबालिकाहरू कसरी सम्पर्कबाहिर पुग्छन् भन्ने पाटोमा विशेष अध्ययन गर्नुपर्छ, अनि मात्रै उचित रणनीति तथा कार्ययोजना तय गर्न सजिलो हुन्छ । खासमा महिला-बालबालिका हराउने समस्याको एकल समाधान नहुन सक्छ । र यसका निम्ति खोजिने समाधानले अरू धेरै समस्या पनि सल्टिन सक्छन् । तसर्थ राज्यले कमजोर वर्ग, जाति, समुदायको आर्थिक, सामाजिक र राजनीतिक अवस्था हेरेर सामाजिक सुरक्षा, आय, जीविकोपार्जन पनि सहज बनाइदिनुपर्छ । यस्तो व्यवस्था भएमा सानोतिनो आवश्यकताका पूरा गर्नकै निमित्त कतिपय लोभलालचमा उनीहरू नफस्न सक्छन् । त्यसैले यसबारे सरकारले बहुपक्षीय सोचका साथ रणनीति तथा कार्यक्रमहरू अघि सार्नुपर्छ । र, बेपत्ता खोजबिन गर्ने संयन्त्रहरूलाई पनि प्रभावकारी बनाउनुपर्छ ।

# टोपबहादुरका ठट्टा–मजाक



हुलाकी

उज्ज्वल प्रसाईं


टोपबहादुर रायमाझीको व्यक्तिचित्र होइन यो । हाल सबैका नजरमा एमाले नेता देखिएका तर आफैंले भने माओवादी सांसद भएको दाबी गरिरहेका पात्रको चर्चामार्फत दलीय राजनीतिको चरित्रकै छलफल हुन सक्ला भनेर उनी विषय बनेका हुन् । माओवादी पार्टीले कारबाही गरेर सांसदबाट पदच्युत भएका उनी केही दिनपहिले माओवादी पार्टी नै अवैध भइसकेको जिकिर गर्दै थिए । उनले त्यसो भनेर यसै बोलेका मात्र होइनन्, बकाइदा निर्वाचन आयोगमा उजुरी नै दर्ता गरेका थिए । अहिले आएर त्यही खारेज गर्नैपर्ने अवैध पार्टीको सांसद हुन पाउनुपर्ने तर्कसहित कानुनको सहारा लिन खोज्दै छन् । माओवादीको वैध नेता हुनुपर्नेमा उनका कानुनी दाबीहरू होलान्, त्यसभन्दा बढी दसवर्षे युद्ध लडेर आएको नेताका रूपमा पनि उनले त्यस्तो ढिपी गरेका हुन् ।

त्यसैले कथा माओवादी जनयुद्धबाटै सुरु गरौं । माओवादीले जनयुद्ध लडेर प्राप्त गर्न खोजेको जनगणतन्त्र कति औचित्यपूर्ण थियो भन्नेबारे कम्युनिस्टहरू एकमत छैनन् । यसो हुनु अस्वाभाविक पनि होइन, अन्य विचारधाराका व्यक्ति र समूहले आलोचना गर्नु त झन् सामान्य नै हो । जे प्राप्तिका निम्ति दस वर्ष युद्ध लडियो, त्यो नै कति जायज थियो भन्नेमा पनि बहसहरू भएका छन् । २०५२ मा जनयुद्ध सञ्चालन गर्ने निर्णय गर्दा औपचारिक दस्तावेजमा जेसुकै लेखिएको भए पनि, आम मानिसले प्रत्यक्ष भोगेका दुःख, बेहोरेका वञ्चितीकरण एवं 'प्रजातान्त्रिक' व्यवस्थामा समेत नपाएका वा खोसिएका आधारभूत अधिकार नै ती सर्वसाधारणका लागि युद्धमा होमिनुपर्ने कारण बने । राज्यका सुरक्षा संयन्त्रबाट भएको दमनको शृंखलाले पनि सयौं जनतालाई माओवादी बन्न प्रेरित गर्‍यो । सयौं मान्छे अनेकौं दुःखबाट मुक्ति खोज्दै युद्ध लड्न तयार भए । दस वर्ष बबन्डर मच्चियो ।

शीर्षस्थ तहका केही दर्जन नेतालाई नायक बनाइदिने तिनै आम मानिस थिए जो अनेक सपना साँचेर सशरीर भयानक युद्धमा सामेल भए । तिनै शीर्षस्थ मुठीभर मानिसमा पर्छन् टोपबहादुर रायमाझी र लेखराज भट्टहरू । उनीहरू सशरीर उपस्थित भएर प्रत्यक्ष युद्ध कति लडे, थाहा छैन । कतिको जोखिमपूर्ण काम गरेर उनीहरू पार्टीका आम कार्यकर्ता एवं लडाकुभन्दा विशिष्ट बन्न पुगे, त्यसको तथ्यगत लेखाजोखा पनि राखेको छैन । सिद्धान्तमा पारंगत भएर, सो सिद्धान्तअनुरूपको संगठन निर्माणमा आफ्नो कौशल प्रमाणित गरेर, फौजी शिल्प प्रदर्शन गरेर वा कुनै विशिष्ट प्रतिभा भएर नै उनीहरू पार्टीको उपल्लो तहमा पुगेका होलान् । त्यसो होइन भने, उनीहरू कसरी हिजोको माओवादीमा सधैं उपल्लो तहमा रहे ? कसरी सांसद र मन्त्री बन्ने अवसरहरू प्राप्त गरिरहे ? अनि आज आएर उनी जस्तो भएका छन्, त्यस्तो बन्नमा माओवादी पार्टी र आन्दोलनकै देन के-कति छ ?

आजका दिनमा टोपबहादुर रायमाझी निश्चय नै एउटा दलीय विम्ब हुन्, उपयोगी उदाहरण र नेपाली राजनीतिका सयौं खेलाडीका प्रतिनिधि पनि हुन् । उनी सम्झन, लेखिन र सोचिन लायक पात्र हुन् । आजसम्म कम्युनिस्ट आन्दोलनका नाममा प्रचलित राजनीतिक आन्दोलनको पतन-शृंखलाको एक अध्ययनयोग्य 'केस स्टडी' पनि हुन् । राजनीतिक संगठनले उत्पादन गर्ने तिकडमबाजहरूका प्रतिनिधिका रूपमा दलीय बजारमा स्थापित पात्र हुन् । समग्र नेपाली राजनीतिले समाजको चरम दलीयकरणबाट उब्जाएका त्यस्ता निष्ठाच्युत खेलाडीका कुख्यात विम्ब हुन् टोपबहादुर, जसलाई हेरेर सिंगो माओवादी आन्दोलनको वैचारिक एवं सांस्कृतिक जगमा सन्देह गर्नुपर्ने हुन्छ । माओवादी आन्दोलनलाई पूर्णतया खारेज गर्नेहरूका लागि टोपबहादुर निश्चय नै विदूषकजस्ता देखिएका होलान् । यस आन्दोलनलाई सम्यक् ढंगले हेर्नेहरूका लागि भने टोपबहादुर र लेखराजहरूले मञ्चन गरेको राजनीतिक ठट्टा उच्चाटलाग्दो छ ।

टोपबहादुरहरू जस्तोसुकै सम्झौता गरेर भए पनि शक्ति र स्रोतमा आफ्नो पकड बलियो बनाइरहन चाहन्छन् । पार्टी र सरकारको पदमा रहे मात्र त्यस्तो सहज अवस्था बन्छ भन्ने उनलाई थाहा छ । त्यसैले उनलाई आफूअनुकूल निर्णय गराउन सकिने पार्टी र सरकारी पद सधैं आवश्यक भइरहन्छ । हिजो केपी ओलीसँग बसिरहनुपर्ने कुनै तर्क थिएन । माओवादी खारेजीको माग गर्नुपर्ने कुनै गतिलो मर्म थिएन । र, आज जगहँसाइ गरेर फेरि माओवादी सांसद भएको प्रमाणित गराउनुपर्ने कुनै राजनीतिक तर्क छैन । सयौंले ज्यान बिछ्याएर खनिदिएको बाटोबाट यात्रा गर्दै यहाँसम्म आइपुगेका टोपबहादुरहरूको मूल उद्देश्य नै सत्तामा रहेर स्रोतदोहन गर्ने भएको छ । त्यसो त, प्रत्येक माओवादी सांसदको मन्त्री बन्ने उत्कट चाहनाबारे प्रचण्ड स्वयंले खुलासा गरेका थिए । मन्त्री पदप्रतिको आसक्ति जिम्मेवारी निर्वाह गर्ने अभिलाषा होइन, स्रोतदोहन नै हो ।





**सयौंले ज्यान बिछ्याएर खनिदिएको बाटोबाट यात्रा गर्दै यहाँसम्म आइपुगेका टोपबहादुरहरूको मूल उद्देश्य नै सत्तामा रहेर स्रोतदोहन गर्ने भएको छ ।**

यद्यपि हिजोआज प्रदर्शन भइरहेका प्रहसन मात्रले टोपबहादुर प्रवृत्तिलाई बुझ्न सकिँदैन । पर्दापछिल्तिर उनले गरेका लेनदेन र हिसाबकिताब दर्जनौं होलान्, उनका निकटवर्तीले सुइँको पाएका हुन सक्छन् । हामी आम नागरिकले स्पष्ट देख्न सक्ने गरी उनले गरेका केही सार्वजनिक कामबाट पनि उनको वैचारिक धरातल स्पष्ट हुन्छ ।

२०६८ को घटना हो । तत्कालीन माओवादी नेता बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद्ले मन्त्रीहरूले औपचारिक कामकाज गर्दा वा कार्यालय आउँदा दौरा-सुरुवाल लगाउनैपर्ने बाध्यकारी प्रावधान हटाएको थियो । राजतन्त्रले आफ्नो राष्ट्रवादी विचारधारा सुहाउँदो औपचारिक पहिरन छनोट गर्दै दौरा-सुरुवाललाई अनिवार्य बनाएको थियो । अनेक मौलिक पोसाक र वेशभूषा भएको विविधतापूर्ण नेपाली समाजमा दौरा-सुरुवाल मात्रलाई औपचारिक सरकारी पोसाक बनाउनु समय सुहाउँदो नभएको ठहर गर्दै सम्भवतः त्यो निर्णय गरिएको थियो । सयौं वर्षसम्म राज्यमा दौरा-सुरुवालको राइँदाइँ रहेका कारण त्यो निर्णयको ठूलो सांकेतिक अर्थ थियो ।

तिनताक राज्य पुनःसंरचनाको विषय सबैभन्दा पेचिलो थियो । जनजाति र मधेस आन्दोलनले समाजको विविधतालाई सम्मान गर्न, राज्यलाई समाजअनुरूप विविध बनाउन माग गर्दै सडक र संविधानसभा तताइरहेको समय थियो । त्यति मात्र होइन, स्वयं माओवादीहरू तिनै जनजाति पहिचानका मुद्दा लिएर संविधानसभामा उपस्थित भएका थिए । नयाँ संविधानमा नेपाली समाजका सबै विशिष्टतालाई सम्बोधन गर्नुपर्ने उनीहरूको औपचारिक माग थियो । आफ्ना माग र मुद्दाअनुरूप भट्टराई नेतृत्वको सरकारले दौरा-सुरुवाललाई अनिवार्य औपचारिक पोसाकबाट हटायो । यद्यपि कसैलाई पनि दौरा-सुरुवाल लगाउन बन्देज भने गरिएको थिएन ।

मन्त्रिपरिषद्को निर्णयलाई चुनौतीझैं देखिने गरी स्थानीय विकासमन्त्री टोपबहादुर रायमाझीले दौरा-सुरुवाल लगाउने निर्णय गरे । यो आफैंमा कुनै अवैध काम थिएन । आफूलाई सहज लाग्ने वा मन पर्ने पहिरन उनले पहिरिए भनेर सम्भवतः कसैले प्रश्न पनि उठाएन । तर, दौरा-सुरुवाल लगाउने उनको निर्णयको राजनीतिक निहितार्थ गम्भीर थियो । उनले दौरा-सुरुवाल लगाउन थालेको देखेपछि तिनताक राज्य पुनःसंरचनाका मुद्दालाई विखण्डनकारी भन्दै बाहुनक्षत्रीलाई आन्दोलित तुल्याएको क्षत्री समाज नेपालले रायमाझीलाई औपचारिक पत्र लेखेर धन्यवाद दियो । 'क्षत्रीको छोरो एवं राष्ट्रवादी' का रूपमा उनले 'राष्ट्रिय एकताको प्रतीक' प्रति देखाएको सम्मानको 'उच्च प्रशंसा गर्दै' सो पत्र लेखिएको थियो । मन्त्रालयका व्यस्तताबीच रायमाझीले समय निकालेर क्षत्री समाजका प्रतिनिधिलाई भेटेर सो पत्र बुझे । मूलधारको दलीय राजनीतिमा आएको पाँच वर्षमै माओवादी टोपबहादुरले आफूलाई 'क्षत्रीको राष्ट्रवादी छोरो' भएको प्रमाणित गरे ।

के कसैले दौरा-सुरुवाल लगाउन र आफूलाई क्षत्रीको राष्ट्रवादी छोराका रूपमा चिनाउन पाउँदैन ? पाउँछ, नपाउने सवाल नै होइन । कमल थापाहरूले सधैं त्यसो गरे । राजतन्त्रमा राष्ट्रवादी फणा फिँजाएर गरे, प्रजातन्त्र र लोकतन्त्रमा पनि त्यसरी नै गर्व गरिरहे । त्यसो त झलनाथ खनाल नेतृत्वको एमाले सरकारले दौरा-सुरुवाल लगाएर आउन सांसद र मन्त्रीहरूलाई उर्दी गरेको थियो । केपी ओलीले सधैं दौरा-सुरुवालकै राजनीति गरे । तर टोपबहादुरको पार्टीले दौरा-सुरुवाललाई राष्ट्रिय एकताको प्रतीक मान्ने पञ्चायती राष्ट्रवादका विरुद्ध सशस्त्र लडाइँ गरेको थियो । पूर्वका राई र लिम्बू, पश्चिमका मगर र थारू, दक्षिणका मधेसी र कोच, उत्तरका हिमाली समुदायका वेशभूषा, भाषा र संस्कृतिको संवर्द्धन गर्ने प्रणसहित उनीहरूलाई युद्धमा होमेको थियो । जनयुद्धमा सबैभन्दा बढी मारिने तिनै जनजाति थिए, बेपत्ता हुनेमा पनि तिनै थिए ।

वञ्चितिमा परेका थारू, मधेसी र जनजातिका रगतपसिनाको बलमा ठडिएको आसनमा उभिएर टोपबहादुरलाई 'क्षत्रीको राष्ट्रवादी छोरो' हुने छुट थिएन । विडम्बना, उनले सधैं त्यो छुट पाइरहे । त्यति मात्र होइन, २०७२ को संविधान घोषणा हुने बेला संघीयताको मागवरपर ठूला प्रदर्शन भए । मधेस आन्दोलित भयो, जनजाति र दलितका दर्जनौं प्रदर्शन भए । टोपबहादुरहरू मधेसी र थारूका मागप्रति कहिल्यै सकारात्मक भएनन् । लेखराज भट्टले अखण्ड सुदूरपश्चिम आन्दोलनलाई सधैं सघाए । आफ्नै पार्टीले बोकेर हिँडेको थरुहटको मागलाई टोपबहादुर र लेखराजहरूले सधैं लत्याए ।

विचारधाराको सवालमा होस् वा राजनीतिक संस्कारको प्रश्नमा, टोपबहादुरहरूले प्रतिनिधित्व गर्ने भनेको माओवादीकै पतन हो । आज आएर उनले आफूलाई माओवादी भएको दाबी गर्दै गर्दा, प्रचण्ड नेतृत्वको पार्टीमा भएका नेता-कार्यकर्ताले बुझ्नुपर्छ, उनी ओलीपन्थी एमाले भएका कारण मात्र हास्यास्पद बनिरहेका होइनन् । माओवादी नै हुँदादेखि उनले जगहँसाइ गरिरहेका थिए ।

## सम्पादकलाई चिठी

### सेती थुन्नु अनुचित

'रामघाटमा सेती थुने अकल्पनीय विपत्ति' समचारले सरोकारवाला निकायलाई झकझकाएको छ । समाचारमा सहरको छेवैमा पर्ने रामघाटमा पोखरा महानगरले नदी थुनेर ढुंगा-गिट्टी-बालुवा उत्खनन र सेती खोचमा साहसिक पर्यटन गतिविधि सञ्चालन गर्न निजी क्षेत्रलाई सुम्पने तयारी गरिरहेको उल्लेख छ । त्यसो गर्नु हुन्न भनेर विज्ञहरूले भनिरहेका छन् । यससम्बन्धी समाचारमा विज्ञहरूको विचार समेटिएकाले महानगरलाई आफ्नो निर्णय सच्याउन सहज हुनेछ । निजी कम्पनीलाई यति महत्त्वपूर्ण विषयमा बिनाछलफल खुसुक्क महानगरले स्वीकृति दिनु हुन्नथ्यो । यथार्थमा सेतीको प्राकृतिक बहाव अत्यन्त ठूलो भएकाले यसलाई सहजै नियन्त्रण गर्न सकिन्न । ड्याम बनाएपछि देखिने नकारात्मक असर अनेक हुन सक्छन् । ताल जतिसुकै गहिरो बनाए पनि ठूलो नदीको लेदो, ढुंगा-माटो, बालुवाले पुरिन कति समय लाग्छ र ? त्यो कसले र कसरी पन्छाइराख्ने ? नगर क्षेत्रमा सुरुङमार्ग बनाएर बगिरहने सेतीको आफ्नै सौन्दर्य र गरिमा छ । सहरको बीचबाट आफ्नो लयमा बगेको सेतीलाई तगारो हाल्दा प्राकृतिक स्वरूप खलबलिने, ढुंगा-माटाले सुरुङ भरिएर पूरै बस्ती डुबाउन सक्ने सम्भावनालाई कसरी नकार्ने ? फेरि अहिले नगर क्षेत्रका ढलहरू नदीमा मिसाइने, भएभरको फोहोर नदीमा मिल्काइने गरिएकाले छोटो समयमै ड्यामभित्र फोहोरको खात तैरिन थाल्छ । यसो भयो भने, उक्त ताल हेरेर पर्यटन कसरी रमाउल सक्लान् र ? ड्याम थुनिएर खोल्नुपर्दा, फुट्दा त्यसले कास्की, तनहुँ, चितवन, नवलपरासी जिल्लाका नदी किनारका क्षेत्र, बस्ती बढार्न सक्छ । तसर्थ अनेक स्वार्थ गाँसिएको यो योजना अघि बढाउनु उचित देखिँदैन ।

– **भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

### भूमि आयोगको औचित्य

बहुदल आएयता बनेका भूमि वितरण आयोगहरूले, डेढ लाख भूमिहीन र अव्यवस्थित बसोबास गरेकाहरूलाई जग्गा वितरण गरिसकेको छ । पछिल्लो गठित आयोगमा ११ लाख बढी भूमिहीनले आवेदन दिएका छन् र हाल वितरण प्रक्रिया स्थगित छ । जति आयोग गठन हुन्छन्, त्यति नै निवेदकको संख्या पनि बढ्दै गइरहेको छ । किनभने, आयोगबाट वितरित जग्गा केही समयपछि बिक्री हुन्छ र उक्त व्यक्ति पुनः भूमिहीन हुन जान्छ । एकै परिवारका एकभन्दा बढीले लाभ लिएको देखिएको छ । जग्गाधनीहरूले आयोगबाट जग्गा पाएका दृष्टान्त थुप्रै छन् । गाउँ-सहरमा घर भएकाहरूले सार्वजनिक र वनको जग्गामा झुपडी र टहरा निर्माण गरी बस्ने गरेको देखिएको छ । आयोगले वितरण गर्ने जग्गामा टाठाबाठाको हालीमुहाली हुने गरेको छ ।



आयोगबाट जग्गा पाउनेमा वास्तविक सुकुम्बासी तथा भूमिहीनहरू एकदम थोरै छन् । उनीहरू बिचराको श्रेणीमा पर्छन्, सूचना र प्रक्रियागत ज्ञानको कमीका कारण यथावत् स्थितिमा छन्, सरकारी नीतिबाट लाभ लिन सकिरहेका छैनन् । यदि जसलाई आवश्यक परेको हो, उसले जग्गा नपाउने भए किन चाहियो भूमि बाँड्ने आयोग ? यसको हालसम्म कुनै औचित्य देखिएको छैन । भूमि बाँड्नलाई कि वन मास्नुपर्छ कि नदी किनाराका फाँटहरू, दुवै तरिका पर्यावरणको दृष्टिले ठीक छैनन् । लोकतान्त्रिक सरकारले जनताको रोजगार, आवास, गाँसबास, शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गर्नुपर्छ । यसका लागि जग्गा हदबन्दी लगाउने र त्यसबाट उपलब्ध जग्गा बाँड्ने व्यवस्था गर्नुपर्छ । बाँझो जग्गामा सरकारी-सहकारी खेती, कलकारखाना-उद्योग स्थापना गरी भूमिहीनहरूलाई रोजगारी उपलब्ध गराउनुपर्छ । अपार्टमेन्ट-कोलोनी निर्माण गरी आवासको व्यवस्था मिलाउनुपर्छ । यातायातको समुचित व्यवस्था मिलाई नयाँ औद्योगिक क्षेत्र र कलकारखानाहरू पिछडिएका र दुर्गम स्थानमा स्थापना गरेर भूमिविहीनहरूलाई रोजगारीको वातावरण मिलाउनुपर्छ, ताकि उनीहरूले आफ्नो दैनिक जीवन सहजै चलाउन । अर्कातिर यसले गाउँबाट सहर र पहाडबाट तराई/उपत्यकामा भइरहेको तीव्र बसाइसराइलाई रोक्न सघाउनेछ । र, बसाइसराइको असरले बाँझोमा परिणत उब्जाउ भूमि पुनः खेतीयोग्य हुनेछ । जग्गा बाँड्ने मात्र नीति लिएर, भूमिहीनहरूलाई कुनै फाइदा हुँदैन ।

– **महेन्द्रसिंह बम**, *टीकापुर-१, कैलाली*

### नेताहरूको उपचार खर्चले अस्पताल

नेताहरूले सरकारी ढुकुटीको दुरुपयोग गर्दै विदेश गएर उपचार गर्ने फेसन उर्लंदो छ । हालै पनि पूर्वप्रधानमन्त्री झलनाथ खनालले दिल्लीस्थित एपोलो हस्पिटलमा उपचार गराएको सारा खर्च नेपाल सरकारले बेहोर्ने भएको छ । तथ्यांकअनुसार, २०४६ सालयता विभिन्न राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्री र नेताहरूको उपचारमा भएको खर्च ४ अर्ब पुगेको छ । हाम्रोजस्तो गरिब राष्ट्रका लागि यो रकम सानो होइन । यदि नेताहरूले देश र जनताको हकहित र भलो चाहन्थे भने, यति पैसाले यहीँ थुप्रै सुविधासम्पन्न अस्पताल बनाउन सकिन्थ्यो । पछिल्लो समय नेपालमै उपचार गराएका शशांक कोइराला र केपी ओलीलाई अपवाद मान्न सकिन्छ, यीबाहेक सबै नेता उपचारमा विदेश नै धाउँछन् । हाम्रा नेताहरूलाई आफ्नो देशको शिक्षा र स्वास्थ्य सेवामा विश्वास छैन । मानौं नेपालका अस्पताल र डाक्टरहरू कमजोर र अक्षम छन्, यी नवधनाढ्य नेताहरूको उपचार गर्न । उनीहरूलाई जनताको पसिनाबाट संकलित राज्य कोषलाई उपचार खर्चको नाममा निर्बाध लुट्न पाइरहे पुग्यो ।

जनता भने सामान्य स्वास्थ्य चौकीको अभावमा डोकोमा बिरामी परिवारजन बोकेर सुविधाविहीन अस्पतालतिर कुद्न र समयमा उपचार पाउन नसकेर अनाहकमा ज्यान गुमाउन बाध्य छन् । नजिकै अस्पताल नभएर गर्भवतीहरूको उद्धारमा ढिलो हुँदा मृत्यु हुने गरेका धेरै घटना सार्वजनिक भइरहन्छन् । झाडा-पखाला र ज्वरोले सताउँदा जीवनजल र सिटामोलको अभावमा जनता छटपटिनुपरिरहेको छ । नेताहरू आफू सरकारी पैसामा उपचार गर्न विदेश जान अनि निजी अस्पताललाई प्राथमिकतामा राखेर सरकारी अस्पताल कमजोर बनाउँदै ध्वस्त पार्न उद्यत भएपछि देशको स्वास्थ्य क्षेत्र कसरी उँभो लाग्छ ?

कमजोर आर्थिक अवस्था भएका नेताहरूले बिरामी हुँदा राज्यसँग पैसा मागे पनि मन्त्री, प्रधानमन्त्री अनि राष्ट्रपति भैसकेका र आर्थिक रूपमा काँचुली फेरिसकेकाहरूले सरकारी पैसामा आँखा लगाउनु हुन्न । राज्य कोषबाट २-४ नेता उपचारका लागि जापान, अमेरिका, भारत, थाइल्यान्ड आदि धाउनुभन्दा हामीसँग भएका वीर, टिचिङ, बीपी मेमोरियललगायतका अस्पताललाई स्रोतसाधन जुटाएर यहीँ उपचार गर्न सक्ने बनाउनुपर्ने हो । यसले गर्दा आमनागरिकले पनि सुलभ र सस्तोमा आफ्नै देशमा उपचार पाउने र लाभान्वित हुने थिए ।

– **रोशन भट्टराई**, *इनरुवा-३, सुनसरी*

### घरी एमाले, घरी माओवादी

सुरुमा माओवादी, त्यसपछि नेकपा अनि एमाले हुँदै अहिले फेरि माओवादी कित्तामा उभिन आइपुगेका टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साह र गौरीशंकर चौधरीको अवसरवादी चरित्र देख्दा अचम्मै लाग्छ । निर्लज्जताको पनि सीमा हुन्छ, त्यो पार गरेर यो हदसम्मको अनैतिक राजनीति पनि हुँदो रहेछ भनेर यी नेताहरूले देखाइदिएका छन् । राजनीतिमा लाग्नु, माओवादी बन्नु र त्यसपछि पार्टी एकीकरणको सिलसिलामा नेकपाको सदस्य बन्नुमा कुनै प्रश्नै होइन तर जब अदालतले नेकपा एमाले र माओवादी केन्द्रलाई अलग गरिदियो तब आफ्नो माउ पार्टीमा नआई मन्त्री पदकै लागि अर्को पार्टीमा जाने, आफ्नै पार्टीको दर्ता खारेजीका लागि निर्वाचन आयोगमा पुग्ने र सबै ढोका बन्द भएपछि 'हामी त एमाले हुँदै होइनौं' तसर्थ माओवादीको सांसद यथावत् रहनुपर्छ भनेर मुद्दा हाल्नुजस्तो अनैतिक कार्य अरू के होला ? यो जग हँसाइले यी चारै नेताको नैतिक कद घटेको छ । सर्वोच्च अदालतको फागुन २३ को निणर्यपछि उनीहरूलाई माओवादी केन्द्रले फर्क भनेर आह्वान गरेको थियो । तर, मन्त्री पदको लोभले 'हामी एमालेमै बस्ने' भनेर जवाफ फर्काएका थिए । आज निर्लज्जतापूर्वक 'हामी त एमाले भएकै छैनौं' भन्दै छन् । जबकि एमालेको बैठकमा उनीहरू उपस्थित भएको देखिन्थ्यो ।

केपी शर्मा ओली सत्तामै भएका भए, के यी नेताहरू फेरि माओवादीमा फर्कन खोज्थे त ? आज ओली कमजोर भएकाले यस्ता अवसरवादी नेताहरू नयाँ शक्ति केन्द्र खोज्दै हिँड्न उद्यत भएका हुन् । जसरी ओलीले पदमा हुँदा अनैतिक र अवसरवादी चरित्र देखाएका थिए, त्यसैको सिको अहिले यी नेताहरूले गरिरहेका छन्, जुन नैतिक राजनीतिका लागि क्षम्य विषय होइन । अब यी नेताहरू एमालेको बैठकहरूमा जान्छन् कि जाँदैनन् ? 'एमाले होइनौं' भनिसकेपछि एमालेहरूले अब स्विकार्ने कि नाइँ ? अनि माओवादीले पनि निष्कासन गरिसकेको हुँदा अब उनीहरू कुन पार्टीको बैठकमा जान्छन् ?

– **गोपाल देवकोटा**, *गोकर्णेश्वर-८, काठमाडौं*

**लेखका लागि : article@kmg.com.np**
**प्रतिक्रियाका लागि : letter@kmg.com.np**
*(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)*

# जो बेचबिखनबाट उम्किए




ऱ्यान्डी बेरी
निकोला पोलिट

कलिलै उमेरदेखि सीताको काम मिर्मिरे बिहानीमै सुरु हुन्थ्यो। छाक टार्नका लागि परिवारका सबै जनाले पैसा कमाउन जरुरी थियो। सीतालाई विद्यालय जाने समय थिएन। यसै पनि घरमा उनका लागि पोसाक र पाठ्यपुस्तक किन्न पुग्ने रकम थिएन। परिवारका सबै जनाले काम गरे पनि आम्दानी पर्याप्त थिएन। परिवारको पेटपालो गर्नका लागि सीताकी आमाले ऋण लिनुपर्‍यो। ऋण तिर्ने कुनै उपाय नभएपछि बाआमाले सीतालाई काम गर्न विदेश पठाए। विदेशमा छोरीले ऋण तिर्न पुग्ने पैसा कमाउलिन् भन्ने उनीहरूलाई लाग्यो। आफ्नो इच्छाविपरीत सीता नक्कली कागजात लिएर सीमापारिको भारत हुँदै खाडी मुलुकमा पुगिन्।


गन्तव्यमा पुगेपछि सीतालाई कसैसँग सम्पर्क गर्न दिइएन र झन्डै पूरै रातदिन काम गर्न बाध्य बनाइयो। उनलाई बन्दी बनाउने पुरुषबाट उनीमाथि कुटपिट र यौन दुर्व्यवहार भयो। नाजुक अवस्थामा सीता बारम्बार बेचिइन् र आफूले पाउनुपर्ने तलब कहिल्यै पाइनन्। एक दिन सीता भागेर नेपाली राजदूतावासको शरणमा पुगिन्। नयाँ भ्रमण कागजात र हवाई टिकटबाहेक केही पनि नलिई सीता नेपाल फर्किइन्। विगतको सन्त्रास उनीभित्र जीवितै भए पनि आज उनी आफूलाई बेचबिखन र दुर्व्यवहार गर्नेहरूमाथि कानुनी कारबाहीमार्फत न्याय पाउनका लागि साहसपूर्वक लडिरहेकी छन्। सीतालाई आकस्मिक सेवा प्रदान गर्ने सुरक्षित गृहजस्ता संस्था र नेपालका सबैभन्दा मारमा परेका तथा सीमान्तकृत व्यक्तिहरूको अधिकारको प्रतिरक्षाका लागि लड्ने कानुनी सहयोग केन्द्रहरूलाई यूएसएआईडी र यूके एडबाट सहायता प्राप्त 'हाम्रो सम्मान' कार्यक्रममार्फत सहयोग गर्न पाएकामा संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्य बेलायत गौरवान्वित छन्।

सीताका जस्ता कथाहरूकै कारण अमेरिका र बेलायतले विश्वभर र नेपालमा बेचबिखनको उन्मूलन गर्ने आफ्नो प्रतिबद्धतालाई पुनर्पुष्टि गरेका छन्। संयुक्त राष्ट्रसंघले यस वर्षको मानव बेचबिखनविरुद्धको विश्व दिवसलाई 'पीडितका आवाजहरूले बाटो देखाउँछन्' भन्ने नारा दिएको छ। यस विषयलाई समर्थन गर्न पाएकामा हाम्रा दुवै देशलाई गर्व लागेको छ। बाध्यात्मक श्रमसहित मानव बेचबिखनका अन्य स्वरूपको बढी जोखिममा रहेका महिला, पुरुष, बालबालिका, अपांगता भएका व्यक्तिहरू र 'एलजीबीटीक्यूआई प्लस' समुदायका अति महत्त्वपूर्ण आवश्यकताहरूलाई हाम्रा उद्देश्यहरूले सम्बोधन गर्छन् भन्ने सुनिश्चित गर्नका लागि सामूहिक पहलको खाँचो छ।

मानव बेचबिखनको रोकथाम, दमन र दण्डसम्बन्धी सन् २००० को राष्ट्रसंघीय आलेख अर्थात् 'पालेर्मो प्रोटोकल' ले प्रारम्भिक छनोट/भर्तीदेखि दासतासम्मका बेचबिखनसँग सम्बन्धित जोरजबर्जस्ती बढिरहेको यथार्थलाई स्वीकार गरी यसलाई अपराधको कोटिमा राखेको छ। पालेर्मो प्रोटोकलका हस्ताक्षरकर्ता राष्ट्रका रूपमा अमेरिका र बेलायत बाध्यात्मक श्रम र यौन बेचबिखनलगायतका मानव बेचबिखनका सबै स्वरूपहरूलाई सम्बोधन गर्न प्रतिबद्ध छन्। मानव बेचबिखनका लागि स्रोत, गन्तव्य तथा पारवहन विन्दु रहँदै आएको नेपालमा यी दुवै गम्भीर मुद्दा हुन्।

लागूऔषध तथा अपराधसम्बन्धी राष्ट्रसंघीय कार्यालयका अनुसार दक्षिण एसियाली क्षेत्रमा बेचबिखनमा परेका ८८ प्रतिशतभन्दा बढी व्यक्तिहरू आफ्नै देशका सीमारेखाभित्र शोषित हुने गरेका छन्। नेपालको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार सन् २०१९/२० मा जानकारीमा आएका मानव बेचबिखनका मुद्दाहरूमध्ये झन्डै ६८ प्रतिशतमा आन्तरिक बेचबिखनको संलग्नता थियो, २४ प्रतिशत पीडितहरूलाई भारत पठाइएको थियो र ८ प्रतिशतले तेस्रो मुलुकहरूमा शोषण भोगेका थिए।

हालको कोभिड-१९ महामारी, जलवायु परिवर्तन र आर्थिक कठिनाइजस्ता संकटले पहिलेदेखि नै सीमान्तीकरण तथा दमनबाट प्रतिकूलता बेहोरिरहेका व्यक्तिहरूमाथि असमानुपातिक प्रभाव पार्छन्। नेपालको राष्ट्रिय मानव अधिकार आयोगका अनुसार महामारीअघि लगभग ३५ हजार नेपाली मानव बेचबिखनबाट पीडित थिए भने १५ लाख जना जोखिममा थिए। गत वर्षदेखिको महामारीले नेपालका सीमान्तकृत समुदायलाई शोषण र मानव बेचबिखनको बढ्दो संकटतर्फ हुत्याउँदै उनीहरूका लागि जोखिम झनै बढाएको छ।



**बाध्यात्मक श्रमसहित मानव बेचबिखनका अन्य स्वरूपको बढी जोखिममा रहेका महिला, पुरुष, बालबालिका, अपांगता भएका व्यक्तिहरू र 'एलजीबीटीक्यूआई प्लस' समुदायका अति महत्त्वपूर्ण आवश्यकताहरूलाई हाम्रा उद्देश्यहरूले सम्बोधन गर्छन् भन्ने सुनिश्चित गर्नका लागि सामूहिक पहलको खाँचो छ।**

अन्ततः नेपालमा मानव बेचबिखनको उन्मूलन गर्नका निम्ति हामीले सीमान्तीकरण, विभेद र अवसरमा असमान पहुँचका अन्तर्निहित मुद्दाहरूलाई अनिवार्य रूपमा सम्बोधन गर्नुपर्छ।

हामीले हाम्रा समुदायमा बेचबिखनपीडितहरूलाई पहिचान गर्ने आफ्नो क्षमतामा सुधार गर्दै सम्बन्धित निकायलाई पीडितको उद्धार गर्ने, उनीहरूलाई विजेताका रूपमा सशक्त बनाउने अनि बेचबिखनकर्तालाई जवाफदेह बनाउने कार्यमा सघाउनुपर्छ। सीमा क्षेत्रमा पीडित पहिचान गर्ने कार्यमा सुधार गर्न सकियो भने भारत र त्यसभन्दा टाढाका देशमा हुन सक्ने बेचबिखनको रोकथाममा समेत मद्दत पुग्नेछ।

हामीले आर्थिक सशक्तीकरण, समावेशिता, शिक्षामा पहुँच र समान अवसरलाई सबल बनाएर मानव बेचबिखनकर्ताबाट हुने जोखिमलाई न्यून गर्न सक्छौं। नेपालमा जोखिम न्यून गर्नका लागि जारी हाम्रो सहकार्यबाहेक हामीले बेचबिखनविरुद्ध प्रत्यक्ष लड्ने कानुन र संस्थाहरूलाई बलियो बनाउने लक्ष्य लिएका छौं। यसमा अन्तर्राष्ट्रिय मान्यताअनुरूपको कानुनी ढाँचा विकसित गर्नका लागि प्राविधिक सहयोग गर्ने र धेरै महिलालाई अनौपचारिक माध्यमबाट वैदेशिक रोजगारीको खोजी गर्न बाध्य बनाउने विभेदकारी नियमहरूलाई हटाउनेलगायतका कार्य छन्। तालिमप्राप्त तथा स्रोतसम्पन्न प्रहरी, सुधारिएको खोज प्रहरी कार्य तथा पीडितकेन्द्रित न्यायिक कारबाही, अद्यावधिक पीडित पहिचान कार्यविधि र पीडितका लागि प्रभावकारी सेवामार्फत संघीय तथा स्थानीय स्तरमा समन्वय सुधार गर्न र प्रणालीहरूलाई सबल बनाउनका लागि हामीले नेपाल सरकारसँग साझेदारी पनि गरेका छौं। यी कुराहरू सफलताका साँचा हुन्। सरकारभन्दा बाहिरको कुरा गर्दा, सुधारिएको गुणस्तर र पीडित सेवा तथा सुरक्षित गृहमा पहुँच, नागरिक समाजको पैरवी, कानुनी सहायता र सुरक्षित छनोट/भर्ती तथा सदाचारयुक्त रोजगारी प्रवर्द्धनप्रतिको निजी क्षेत्रको प्रतिबद्धता – यी सबै सफलताका साँचा हुन्।

यी लक्ष्यहरूलाई हासिल गर्न सकिन्छ। 'हाम्रो सम्मान' कार्यक्रमलाई यूएसएआईडी र यूके एडको सहायतामार्फत हाम्रा दुई सरकारहरूले संयुक्त रूपमा नेपाली जनता र नेपाल सरकारलाई बेचबिखनविरुद्धको लडाइँमा सहयोग गरेका छन्। उदाहरणका लागि, मानव बेचबिखनका मुद्दाहरूलाई अझै राम्रोसँग सम्बोधन गर्न सकियोस् भनी 'हाम्रो सम्मान' कार्यक्रम तीन प्रदेशका १० जिल्लामा स्थानीय सरकारका प्रणाली तथा संरचनालाई बलियो बनाउनका लागि कार्यरत छ।

अमेरिकी विदेश मन्त्रालयद्वारा जारी सन् २०२१ को मानव बेचबिखनसम्बन्धी प्रतिवेदनमा भनिएको छ– कोभिड-१९ ले निम्त्याएका चुनौतीहरूका बावजुद नेपाल सरकारले विगत वर्षहरूका तुलनामा बेचबिखनविरुद्ध धेरै प्रयत्न गरेको छ, जसमा भ्रष्टाचारविरोधी प्रयास, नीतिमा संशोधन र विदेशमा काम गर्न जान चाहने महिलाका लागि नियमहरूमा परिमार्जन प्रस्तावलगायतका विषयहरू समावेश छन्। नेपाल सरकारले हालै राष्ट्रसंघीय पालेर्मो प्रोटोकललाई अनुमोदन गरेसँगै नेपाल मानव बेचबिखनविरुद्ध संघर्ष गर्नुपर्ने अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतको उत्तरदायित्वको पंक्तिमा उभिएको छ, जुन ठूलो अग्रगामी कदम हो। यस सन्धिको कार्यान्वयनले बेचबिखनविरुद्ध लड्ने नेपालको दृढ प्रतिबद्धतालाई सुनिश्चित गर्न सघाउनेछ।

नेपाल सरकारसँगको दौत्य सम्बन्धमार्फत अमेरिकाले एक दशकभन्दा लामो समयदेखि मानव बेचबिखनविरुद्धको विश्वव्यापी लडाइँलाई आफ्नो नीतिगत प्राथमिकता बनाएको छ र यसमा प्रतिबद्ध छ। बेलायती संसद्ले सन् २०१५ को आधुनिक दासत्वसम्बन्धी ऐनलाई पारित गरेसँगै बेलायतले आधुनिक दासत्वविरुद्धको लडाइँलाई आफ्नो अन्तर्राष्ट्रिय संलग्नतामा मुख्य प्राथमिकता बनाएको छ।

हामीले आगामी वर्षतर्फ हेर्दै गर्दा र नेपालमा बेचबिखनविरुद्धको लडाइँका लागि आफ्ना स्रोत तथा क्षमतालाई अझै राम्रो तरिकाले कसरी केन्द्रित गर्न सकिन्छ भन्नेमा विचार गर्दैगर्दा नेपालको विविधतायुक्त जनसंख्यालाई आवाज र शक्ति दिने समावेशिताका सिद्धान्तहरूप्रतिको आफ्नो समर्पणभावलाई दृढ बनाउनुपर्छ।

नेपालमा अमेरिकी तथा बेलायती जनताका प्रतिनिधिका रूपमा हामी बेचबिखनलाई जितेका व्यक्तिहरू र नेपालका सबै सीमान्तकृत वा सुविधावञ्चित व्यक्तिहरूको आवाज सुन्ने आफ्नो प्रतिबद्धताका साथ उभिएका छौं। उनीहरूको लडाइँ हाम्रो पनि लडाइँ हुनुपर्छ। तसर्थ हामी सबै जना 'पीडितका आवाजहरूले बाटो देखाउँछन्' भन्ने यस वर्षको मानव बेचबिखनविरुद्धको विश्व दिवसको नाराप्रति सच्चा बन्ने प्रतिबद्धता गरौं। हामीले तपाइँहरूको आवाज सुनेका छौं, तपाइँहरूका साथमा छौं।

*बेरी नेपालका लागि अमेरिकी राजदूत हुन् भने पोलिट बेलायती राजदूत।*

# यो समय स्टार्ट अपको हो



ज्योतिचन्द्र ओझा

यसपालिको बजेटमा गरिबी निवारण, रोजगारी सृजना र आयवृद्धिका लागि भन्दै सहुलियतपूर्ण कर्जाको सीमा र क्षेत्र विस्तार गरिएको छ। स्टार्ट अप व्यवसायका लागि परियोजना धितोमा १ प्रतिशत ब्याजमा बीउपुँजी उपलब्ध गराउन 'च्यालेन्ज फन्ड' को व्यवस्था, शैक्षिक प्रमाणपत्र धितोमा राखेर २५ लाख रुपैयाँसम्मको ऋण लगायतका कार्यक्रम पनि बजेटमा अटाएका छन्।

यस्तै खाले कार्यक्रम बजेटमा पहिले पनि पर्थे, सीप तथा उद्यमशीलता विकासका लागि धेरै लगानी भएका थिए तैपनि कर्जा र कार्यक्रमबीच तारतम्यको अभावमा वाञ्छित उपलब्धि हासिल गर्न सकिएन। कर्जालाई उद्यमशीलता र अन्य पूरक सेवासँग समन्वयात्मक ढंगले अगाडि बढाउन सके मात्र यस्ता कार्यक्रमले अपेक्षित नतिजा दिन्छन्। त्यस्ता सहुलियतपूर्ण कर्जाको परिणाममुखी कार्यान्वयनका लागि परम्परागत सोचको चौघेराबाट निस्कनुपर्छ। साथै हाम्रै अनुभव र अन्य देशका सफलताबाट स्थापित अभ्यासबाट शिक्षा लिनुपर्छ। यस्ता कार्यक्रममा गैरव्यावसायिक पक्ष हावी हुन दिन हुन्न, जसका लागि निम्न पक्षमा ध्यान दिनुपर्छ।

**उद्यमशीलता र पूरक सेवा**

कर्जा लगानीले मात्र युवालाई व्यावसायिक बनाउन सकिँदैन। कर्जालाई उत्पादक बनाउन चाहिने ज्ञान र सीपका लागि तालिमका साथै कर्जाका पूरक अन्य सेवाहरू, प्रविधि, कच्चा पदार्थको उपलब्धता, उत्पादित सामानको बजार व्यवस्था, उत्पादनको उचित मूल्य प्राप्त हुने प्रबन्ध हुनुपर्छ। युवामा व्यावसायिक अवसर पहिचान गर्न सक्ने क्षमता विकास गर्नु पनि महत्त्वपूर्ण हुन्छ। हामीकहाँ सीप विकास र तालिममा ठूलो धनराशि खर्च गरिए पनि सीप विकास कार्यक्रम र बैंक कर्जा कार्यक्रमले एक्लै-एक्लै यात्रा गर्दा यस्ता कार्यक्रमबाट आशानुरूप प्रतिफल पाउन सकिएको छैन। तालिमको प्रमाणपत्र लिएर बैंकमा कर्जा लिन जानुभन्दा बैंक र तालिम दिने संस्थाको संयुक्त सहभागितामा सञ्चालित तालिम तथा सीप विकास कार्यक्रमले सफलता दिलाउँछन्।

संयुक्त रूपमा काम गर्दा बैंकले अपनत्वको भावना लिने र तालिमसमेत परिणाममुखी हुन्छ। तसर्थ बैंकहरूलाई मुनाफाको थोरै अंश भए पनि अहिलेका र भविष्यमा हुन सक्ने ग्राहकको उद्यमशीलता विकासका लागि लगानी गर्ने व्यवस्था मिलाउनुपर्छ। बैंकहरूबाट लघुउद्यमको विकासका लागि हुने योगदान लगानी हो न कि खर्च, आखिर घुमीफिरी यसको प्रतिफल बैंकको पोल्टोमै जाने हो।

**महिला सहभागिता**

सामाजिक, सांस्कृतिक, आर्थिक अवरोधका बावजुद सफल व्यवसायी बन्ने अद्भुत क्षमता महिलामा छ। परिवारमा महिला सदस्यको आम्दानी बढ्दा परिवारका सदस्यको स्वास्थ्य, पोषण, बालबच्चाको शिक्षामा अनुकूल प्रभाव पारेको विभिन्न अध्ययनले देखाएका छन्। तसर्थ यस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन महिला सहभागिता बढाउनुपर्छ। यसका लागि लघुवित्त संस्थाहरूको हालको महिलाकेन्द्रित पद्धति उत्तम रहे पनि यसलाई अझ सबलीकरण गर्न आवश्यक छ।

**उपभोक्ता सहकारी**

ग्रामीण क्षेत्रमा मूलतः कृषि र कृषिजन्य उद्योग सञ्चालन गर्न सकिन्छ। स्टार्ट अप व्यवसाय सुरुमा सानै रूपमा सञ्चालन हुन्छ। यस्ता व्यवसाय एक्लैले उत्पादनका साधनको प्रबन्ध, उत्पादनको बजारीकरण, उचित मूल्यमा बिक्री आदि गर्न कठिन हुन्छ। यस्ता व्यवसाय आपसमा मिली समुदायमा आधारित सहकारी गठन गर्न सक्छन्। सहकारीले स्थानीय बासिन्दालाई बजारसँग जोड्न प्रभावकारी भूमिका खेली व्यवसाय सफल बनाउनमा योगदान पुर्‍याउँछन्। सरकारले यस्ता सहकारीलाई महँगा कृषि उपकरण किन्न अनुदान दिने र यस्ता उपकरणको चालु खर्च धान्ने गरी सहकारीले आफ्ना सदस्यहरूलाई भाडामा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्छ।

**लगानी तथा असुली**

स्टार्ट अप व्यवसाय सञ्चालनका लागि अधिकांश लगानी 'च्यालेन्ज फन्ड' बाट गरिए पनि, त्यसको थोरै अंश भए पनि व्यवसायीको लगानी हुनुपर्छ। यस्तो लगानी व्यवसायीले आफ्नै स्रोतबाट व्यवस्था गर्नुपर्छ। त्यो सम्भव नभए बैंकबाट कर्जा लिन सकिन्छ। 'च्यालेन्ज फन्ड' बाट अधिकांश लगानी हुने भएकाले बैंकले यसमा बिनाहिचकिचाहट लगानी गर्नेछन्। कुल लगानीमा स्वलगानीको हिस्सा कम्तीमा २० प्रतिशत हुनु राम्रो हुन्छ।

स्टार्ट अप व्यवसायका लागि निरन्तर प्राविधिक सहयोग, परामर्श, अनुगमन र सुपरिवेक्षण गर्नुपर्छ। यस्ता कार्यलाई भरपर्दो र दिगो बनाउन आवश्यक पर्ने स्रोतसाधनका लागि व्यवसायीबाट थोरै रकम सेवाशुल्क लिई लगानी गर्न सकिन्छ। स्टार्ट अप व्यवसायको भुक्तानी अवधि व्यवसायले प्रतिफल दिने समयका आधारमा तय गर्न सकिन्छ। आवश्यकताअनुसार 'ग्रेस पिरियड' दिई त्रैमासिक रूपमा किस्ता असुल गर्न सकिन्छ। 'च्यालेन्ज फन्ड' मा भएको असुलीबाट सोही परियोजना विस्तारका लागि वा नयाँ व्यवसायीलाई लगानी गर्न सकिन्छ। यस्ता स्टार्ट अप व्यवसायलाई सफल मानिन्छ जसले बैंक वा अन्य लगानीकर्ताबाट लगानी आकर्षित गर्न सक्छन्। यस्तो हुन सके 'च्यालेन्ज फन्ड' को आवश्यकता पर्दैन।

**सूचना प्रणाली**

स्टार्ट अप परियोजनाको सफल सञ्चालनका लागि सूचना प्रणालीको ठूलो महत्त्व हुन्छ। व्यवसायसम्बन्धी महत्त्वपूर्ण सूचकहरू निर्धारण गरी कार्यान्वयन गर्ने निकायले निरन्तर अनुगमन गर्नुपर्छ। यस्ता सूचक व्यवसायीले मोबाइल वा कम्प्युटरका माध्यमबाट दैनिक वा साप्ताहिक रूपमा पठाउने व्यवस्था मिलाउनुपर्छ। व्यवसायीले आफ्नो व्यवसायसम्बन्धी हरेक सूचना तुरुन्त र सजिलो गरी पाउने व्यवस्था गर्नु जरुरी छ। जस्तो– बाखा पाल्ने व्यक्तिले राम्रा र उन्नत जातका बाखा कहाँ पाउन सकिन्छ, बाखाका राम्रा फर्म कहाँकहाँ छन्, व्यवसाय तथा रोगसम्बन्धी परामर्श कहाँबाट लिने, उत्पादित वस्तु कसरी कहाँ बेच्ने आदि सूचना सहजै नपाए व्यवसाय चलाउन गाह्रो हुन्छ।

**कार्यान्वयन गर्ने निकाय**

स्टार्ट अप व्यवसाय सफलतापूर्वक सञ्चालनका लागि सम्बन्धित संस्थाहरूबीच समन्वय गर्न त्यसैमा समर्पित एउटा संस्थाको आवश्यकता पर्छ। यसका लागि थप साधन, स्रोत, समय खर्चिनुभन्दा विगतमा सरकारकै पहलमा सञ्चालित संस्थालाई परिचालन गर्न सकिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट समेत उच्च मूल्यांकन गरिएका, सहकारी तथा लघुवित्त संस्थालाई थोक कर्जा दिइरहेका सफल संस्थालाई यो काममा लगाउनु उपयुक्त हुन्छ।

यो कार्यक्रम देशभरि सञ्चालन गर्नुपर्ने हुनाले स्थानीय स्तरमा लघुवित्त संस्था र सहकारीमार्फत कार्यान्वयन गर्नु राम्रो हुन्छ। यसो गर्दा कार्यक्रम प्रभावकारी हुने, साधनस्रोतको दुरुपयोग वा अपचलन नहुने, पारदर्शी र निष्पक्ष ढंगबाट व्यावसायिक मूल्य अनि मान्यताअनुसार कार्यक्रम कार्यान्वयन हुने हुन्छ। नेपालको आर्थिक प्रगति अब स्टार्ट अप व्यवसाय गर्ने युवा जनशक्तिको रचनात्मकता र सृजनशीलताबाटै सम्भव छ।

*ओझा रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर (आरएमडीसी) का प्रमुख कार्यकारी अधिकृत हुन्।*

# जातीय विभेद र मानव अधिकारको मर्म



टेकनारायण कुँवर

एउटा फरक प्रसंगमा लेखक शंकर तिवारीले असार १४ को कान्तिपुर दैनिकको विचार स्तम्भमा अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्रका लेखक पूर्वराष्ट्रपति थोमस जेफर्सनको महत्त्वपूर्ण विचार उद्धृत गर्नुभएको छ। जेफर्सन भन्नुहुन्छ, 'हामी हरेक मनुष्यलाई विधाताले समान दृष्टिले सृष्टि गरेका हुन्छन् भन्ने कुरालाई स्वतःसिद्ध प्रमाणित मान्छौं किनभने उनीहरूलाई विधाताले सुम्पेको अहरणीय अधिकारका रूपमा जीवन, स्वतन्त्रता र सुखको खोजीलाई कसैले पनि निषिद्ध गर्न सक्दैन।' त्यस्तै मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ को धारा १ मा उद्घोष गरिएको छ, 'सबै व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान छन्। उनीहरू विवेक र अन्तःकरणले युक्त हुन्छन्। उनीहरूले एकअर्काप्रति भ्रातृत्वको व्यवहार गर्नुपर्छ।'

तर नेपालमा आज पनि 'प्रत्येक मनुष्यलाई विधाताले समान दृष्टिले सृष्टि गरेका हुन्छन्' र 'उनीहरूले एकअर्काप्रति भ्रातृत्वको व्यवहार गर्नुपर्छ' भन्ने यथार्थलाई किञ्चित् आत्मसात् नगरी समाजको एक वर्गलाई हामी कथित अभिजात वर्गले छुवाछुत तथा जातीय विभेदजस्तो अमानवीय विचार राखेर झन्झन् गलहत्याइरहेका छौं। समाजका ठालुहरूले यस विभेदलाई निर्मूल पार्न लागिपर्नु त कता हो कता, अझै प्रश्रय दिएको अनुभूति हुने घटनाहरू दोहोरिइरहेका छन्। मानिसले मानिसलाई अपहेलित गर्ने यस्तो अशोभनीय व्यवहार अत्यन्त घृणित र हिंसात्मक कार्य मात्र होइन, कानुनतः दण्डनीय फौजदारी अपराधसमेत हो।

समाजमा कथित उपल्लो जातिबाट दलित समुदायका मानिसलाई छोइछिटो गर्ने, सार्वजनिक स्थल र मन्दिर प्रवेशमा रोक लगाउने, सामाजिक बहिष्कार गर्ने, कुटपिट तथा ज्यानै लिनेसम्मका घटनाहरू निरन्तर भइरहेका छन्।

समकालीन विश्वले जातीय विभेदलाई अन्त्य गरी २१ औं शताब्दीका चामत्कारिक उपलब्धिहरूको आनन्द लिइरहेको अवस्थामा नेपालमा भने दासयुगीन कुसंस्कार र कुरीति अनुसरण गर्नु तथा समाजलाई विभाजित गर्ने जातीय भेदभावलाई रुचाइरहनु भनेको हाम्रो सामाजिक विकासका लागि समेत गम्भीर समस्या हो।

नेपालको संविधान, २०७२ को प्रस्तावना तथा मौलिक हकका रूपमा छुवाछुत र जातीय विभेदविरुद्धको अधिकारको प्रत्याभूति गरिएको छ। संविधानको प्रस्तावनामा सबै प्रकारका जातीय छुवाछुत तथा विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिज्ञा गरिएको छ। धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था छ। धारा १८ मा सबै नागरिक कानुनका दृष्टिमा समान हुने व्यवस्था छ। धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हक एवं धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक न्यायको हक प्रत्याभूत गरिएको छ। यसअनुसार, कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति जात, जाति, समुदाय वा पेसा-व्यवसायका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा छुवाछुत तथा भेदभाव गर्न पाइँदैन।

नेपालको संविधानले धारा २५५ देखि धारा २५७ सम्म राष्ट्रिय दलित आयोगसम्बन्धी व्यवस्था गरेको छ। यसमा छुवाछुत, उत्पीडन र विभेद अन्त्य गर्न नीतिगत, कानुनी र संस्थागत सुधार तथा दलित हितसँग सरोकार राख्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकारसहित संवैधानिक अंगको मान्यता प्रदान गरिएको छ।



नेपाल राष्ट्र पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौताले समेत जातीयताका आधारमा गरिने कुनै पनि भेदभाव तथा बहिष्करणलाई पूर्णतः निषेध गरेका छन्। नेपालले सन् १९७१ मा अनुमोदन गरेको जातीय विभेदविरुद्धको महासन्धि-१९६५ ले जातजाति, वंश, पेसा, समुदायका आधारमा हुने भेदभाव उन्मूलन गर्नुपर्ने व्यवस्था गरेको छ। यसले नेपाललाई जातीय भेदभाव तथा छुवाछुतको व्यवहारको उन्मूलन, निराकरण र नियन्त्रण गरी पीडितहरूको संरक्षण गर्नुपर्ने दायित्व सृजना गरेको छ।

महासन्धिको धारा ६ मा भेदभावजन्य कार्यको परिणामस्वरूप बेहोर्नुपर्ने क्षतिका लागि राष्ट्रिय न्यायालयबाट पर्याप्त र न्यायोचित क्षतिपूर्ति तथा सन्तुष्टि प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न प्रतिज्ञा गर्ने गरी पक्षराष्ट्रलाई सम्भव भएसम्मका सबै राष्ट्रिय प्रयासबाट परिपालना गर्नुपर्ने गरी दायित्व वहन गराइएको छ। त्यस्ता अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको संवैधानिक तथा कानुनी दायित्वसमेत हो।

नेपालमा कानुनतः छुवाछुतको अन्त्य भएको करिब ६ दशक भइसकेको छ। छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन-२०६८ प्रचलनमा आएको पनि एक दशक बितिसकेको छ। २०६३ को अन्तरिम संविधानको धारा १४ ले गरेको जातीय विभेदविरुद्धको मौलिक हकलाई नेपालको संविधान, २०७२ ले अझै परिष्कृत रूपमा प्रत्याभूतिसमेत गरेको छ। तथापि कानुन कार्यान्वयन पक्षमा हामी जहाँको तहीँ छौं।

**संविधान र कानुनमा भएको व्यवस्थालाई कठोरतापूर्वक कार्यान्वयन मात्र गर्न सके पनि हिंसा न्यूनीकरण हुन सक्छ र उत्पीडित समुदायले न्यायको अनुभूति गर्न सक्छन्।**

जातीय भेदभाव र छुवाछुतलाई पीडितहरूको दृष्टिकोणबाट हेर्दा नेपालको संविधानले प्रदान गरेका समानताको अधिकार तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले गरेका प्रतिबद्धता केवल कागजी प्रतिबद्धतामा मात्र सीमित हुन पुगेका छन्।

विधायिकाले ऐन बनाइसकेपछि त्यसलाई विधायिकी मनसायबमोजिम लागू गराउने दायित्व सरकारको हो। तर यो सामाजिक अपराधलाई निरुत्साहन गरी समाजमा सबै जातजाति, वर्ग र समुदायबीच आपसी सामञ्जस्य एवं समानता कायम गर्न नेपाल सरकार सदैव प्रतिबद्ध रहेकामा शंका गर्नुपर्ने कुनै कारण नभए पनि अपेक्षित क्रियाशीलता भने पटक्कै देखिएको छैन।

विधायिकाले समाजमा धर्मसंस्कृतिको आडमा, परम्पराको जगेर्ना गर्ने नाममा एकै समाजका मानिसका बीचमा असमानता र भेदभाव दर्साउने छुवाछुतजस्तो निन्दनीय र निकृष्ट कार्यलाई दण्डनीय बनाई फौजदारी अपराधका रूपमा सूचीकृत गरेको परिप्रेक्ष्यमा जातीय भेदभाव र छुवाछुत कसुरको गम्भीरता कति छ, सहजै अनुमान गर्न सकिन्छ।

यस्तो कसुरमा संलग्न व्यक्तिलाई सजाय दिएर मात्र सामाजिक कलंकका रूपमा रहेको जातीय भेदभाव र छुवाछुतलाई समाजबाट पूर्ण रूपमा अन्त्य गर्न सकिँदैन। यसका लागि एकातिर पीडित वर्गको मानव अधिकारप्रति संवेदनशील हुनुपर्छ भने अर्कोतिर कसुरको गम्भीरता र त्यसले समाजमा ल्याएको विभाजन, वर्तमान र भावी पुस्तामा पर्ने असर, जातीय विभेद र छुवाछुतको कसुरमा सजाय पाएमा कसुरदारको सामाजिक प्रतिष्ठामाथि पर्न जाने असरसमेतका बारेमा व्यापक प्रचार-प्रसार गरी सामाजिक रोगका रूपमा रहेको यस्तो अपराधको मूल जरो उखेल्न प्रत्यत्नशील रहनुपर्छ।

संविधान र कानुनमा भएको व्यवस्थालाई कठोरतापूर्वक कार्यान्वयन मात्र गर्न सके पनि हिंसा न्यूनीकरण हुन सक्छ र उत्पीडित समुदायले न्यायको अनुभूति गर्न सक्छन्। जातीय छुवाछुत, विभेद र हिंसासम्बन्धी संविधान र कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न राज्य संयन्त्रलाई निर्देशित गर्ने, जातीय हिंसा र छुवाछुतविरुद्ध जनचेतनालगायतका जागरणमूलक कार्यक्रम सञ्चालन गर्ने एवं स्थानीय तहसम्म निगरानी संयन्त्र गठन गर्ने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न ठोस कदमको आवश्यकता छ। जातीय भेदभाव र छुवाछुत हटाउने प्रभावकारी उपाय भनेको नेपाली समाजमा गलत रूपमा दबेर बसेको अमानवीय सोचलाई बदल्नु नै हो।

जातीय भेदभावलाई निर्मूल गर्न राज्यको सक्रियता नै मूल कडी हो। कानुन कडा बनाउने तर कार्यान्वयन फितलो हुनाले समस्या झन् बल्झिने गरेको छ। तसर्थ विद्यमान कानुनको अक्षरशः पालना गरिनुपर्छ। साथै सामाजिक परिवर्तनका अभियन्ताहरूले जातीय उत्पीडनबाट मुक्तिका लागि सभ्य र सद्भावनापूर्ण आन्दोलनको थालनी गर्नुपर्छ। त्यस्तो आन्दोलन बाह्रैमास सातै प्रदेश र ७५३ वटै स्थानीय सरकारमा पुर्‍याउन आवश्यक छ। त्यसका लागि सबै जात र धर्मका स्थानीय युवाहरूको सक्रियता चाहिन्छ। गाउँगाउँमा धार्मिक अगुवाहरूको सहभागितामा सचेतना कार्यक्रम चलाउनुपर्छ। समाजको यो कलंक हटाउन अनवरत अभियान नै सञ्चालन गर्नुपर्छ।

*कुँवर उच्च अदालत दिपायलका न्यायाधीश हुन्।*

# बीपी प्रतिष्ठानको...

संयोजक अर्यालले क्षेत्रगत रूपमा सुझावसहितको प्रतिवेदन लेख्न निर्देशन दिएका थिए । आठ सदस्यीय कार्यदलका सदस्यहरूले आफ्नो जिम्मा परेको क्षेत्रको समस्या र समाधानका उपायसहितको प्रतिवेदन लेखेर संयोजकलाई बुझाउने क्रम सुरु भएको छ । एक/दुई दिनमै प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउने सदस्यसचिव नेपालले जानकारी दिए ।

'प्रतिष्ठानमा आर्थिक अनियमितताको कुरा उठेको छ,' कार्यदलका एक सदस्यले भने, 'आन्दोलनरत पक्षले जे कुरा उठाएको छ, त्यसमा सत्यता पाइयो ।' एक दशकअघिबाट सुरु भएको आर्थिक अनियमितताको शृंखला अहिले पनि जारी रहेको ती सदस्यले बताए । प्राज्ञिक, स्वास्थ्य, आर्थिक पक्षसहित सबै क्षेत्रबाट सुझाव संकलन गरेर प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउने कार्यदलको तयारी छ ।

प्रतिष्ठानका चिकित्सा तथा दन्त चिकित्सा शिक्षक कल्याण समाजका अध्यक्ष डा. विष्णु पोखरेलले गत जेठ २६ मा अख्तियार प्रमुख प्रेमकुमार राईलाई एसएमएस गरेर अनियमितता रोक्न आग्रह गरेका थिए । उनले प्रतिष्ठानभित्र बढ्दो भ्रष्टाचार, विकृति र विसंगति सुधारको साटो पदाधिकारीले मनोमानी गरेका विषय उठाएका थिए । त्यही एसएमएसलाई लिएर उपकुलपति डा. ज्ञानेन्द्र गिरीले डा. पोखरेललाई स्पष्टीकरण सोधेपछि असार १ बाट चरणबद्ध आन्दोलन सुरु भएको हो ।

त्यसो त बीपी प्रतिष्ठानमा दुई वर्षयता पटकपटक आन्दोलन हुने र सम्झौतामा टुंगिने हुँदै आएको थियो । पदाधिकारीले सम्झौता गरे पनि कार्यान्वयन नभएका कारण यसपटक सरकारसँग माग राखेर आन्दोलन गर्न बाध्य भएको रिमालले जनाए । प्रतिष्ठान सर्वसाधारणलाई स्वास्थ्य सेवा दिने, चिकित्सा शिक्षाका जनशक्ति उत्पादन गर्ने र स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्ने स्थापनाकालीन उद्देश्यमा चुक्दै गएकाले सुधारका लागि अभियान चलाएको उनले प्रस्ट्याए ।

संस्थाको प्रतिष्ठा खस्कँदै जाने र उपकुलपति, रजिस्ट्रार, विभागीय प्रमुखलगायत पदाधिकारी आर्थिक अनियमिततामा मुछिँदै जाने प्रवृत्ति बढेको प्राध्यापकहरूको भनाइ छ । संघर्ष समितिले १२ बुँदे माग अघि सारेको छ । पदाधिकारी नियुक्तिको पद्धति र उनीहरूको कार्यशैलीलाई प्रमुख मुद्दा बनाइएको छ । अहिले रहेका ४ पदाधिकारीको राजीनामा माग गरिएको छ ।

पेसागत क्षमता, व्यवस्थापकीय दक्षता, संस्थागत प्रतिबद्धता, सार्वजनिक रूपमा स्वच्छ छवि र वरिष्ठताका आधारमा उपकुलपतिलगायत पदाधिकारी छनोट गर्न कानुनी व्यवस्था नै गर्नुपर्ने मुख्य माग छ । उपकुलपति डा. गिरी प्राध्यापक नरहेको दाबी गर्दै शैक्षिक प्रमाणपत्र छानबिन गर्नसमेत माग गरिएको छ । उनी उपकुलपति बनेपछि मेडिकल सामग्री खरिदलगायतमा अनियमितता भइरहेकाले छानबिन र कारबाहीको दायरामा ल्याउनुपर्ने आन्दोलनकारीले बताएका छन् । रेक्टर गुरु खनाल र अस्पतालका निर्देशक गौरीशंकर साह पनि आर्थिक अपचलनमा संलग्न रहेको दाबी गरिएको छ ।

प्रतिष्ठानको घाटा ७ अर्ब र बेरुजु १ अर्ब ५० करोड पुगेकामा चिकित्सक, प्राध्यापक, कर्मचारी र विद्यार्थी चिन्तित छन् । प्रतिष्ठानभित्रका अनियमितताको उच्चस्तरीय छानबिन र कारबाही, मापदण्डका आधारमा पदाधिकारी नियुक्ति हुने ग्यारेन्टी भए अन्य मागहरू प्रतिष्ठानभित्रैबाट समाधान गर्न सकिने संघर्ष समितिको विश्वास छ ।


प्रतिष्ठानभित्र दशक अघिदेखि जारी रहेको अनियमितता छानबिनका लागि यसअघि पनि विभिन्न समिति गठन भएका थिए । तिनले औंल्याएका विषय कार्यान्वयन नभएकाले अनियमितता झन् मौलाएको चिकित्सक र कर्मचारीहरूले नै बताउने गरेका छन् ।

प्रतिष्ठानको अनियमितता छानबिन गर्न सरकारले २०७५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन सचिव केदारबहादुर अधिकारीको नेतृत्वमा उच्चस्तरीय कार्यदल बनाएको थियो । कार्यदलले एक महिनाभित्रै अध्ययन सकेर सरकारलाई विभिन्न सुझाव दिएको थियो । तर, केही पदाधिकारीलाई कारबाही गर्नेबाहेक कार्यदलका सुझाव सरकारले कार्यान्वयन गरेन ।

'प्रतिष्ठान आर्थिक ऐन, नियम पालनामा चुकेको र प्रक्रियाहरू मिच्ने गरेको भेटिएको थियो, त्यसैका आधारमा केही पूर्वपदाधिकारीलाई कारबाहीसमेत भयो,' अधिकारीले भने, 'आर्थिक विनियम बनाउन हामीले सुझाव दिएका थियौं । सबै काम (प्राज्ञिक/प्रशासनिक) को जिम्मा उपकुलपतिले मात्रै लिँदा समस्या बढेको औंल्याएका थियौं । नियम पालना गरे, प्रक्रिया पूरा गरे अनियमितता आफैं सल्टिँदै जान्छ । अधिकारको बाँडफाँट गर्न र हिसाबकिताब पारदर्शी बनाउन पदाधिकारीहरू इच्छुक हुनुपर्छ भन्ने ठहर गरेका थियौं ।'

आर्थिक कार्यविधि बनाएर अधिकार बाँडफाँट गर्न नसकिएकाले समस्या बढेको उनले बताए । 'खरिद प्रक्रियामा अधिक केन्द्रित हुने प्रवृत्तिबाट मुक्त हुन सक्नुपर्छ, पदाधिकारीको जिम्मेवारी बाँडफाँट गर्ने, आर्थिक अधिकार बाँड्ने, आन्तरिक नियन्त्रणको व्यवस्थालाई सुदृढ बनाउने काम गर्नुपर्छ । निर्णय प्रक्रियामा सहभागिता बढाउनुपर्छ । यति गर्न सकियो भने प्रतिष्ठानको सुधार सम्भव हुन्छ ।'


## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९४।०२।०४

स्वर्गारोहण
२०७८।०४।०३

**स्व. तिलकुमारी भण्डारी**

हाम्रा प्रातःस्मरणीय श्रद्धेय ममतामयी आमा **तिलकुमारी भण्डारी**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीलाई समवेदना, सहानुभूति प्रकट गर्नु हुने सम्पूर्ण संघसंस्था, इष्टमित्र, आफन्तजन एवं शुभचिन्चकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

छोरा/बुहारी
शन्त कुमार भण्डारी/निरू भण्डारी
हरिमाया भण्डारी
प्र.अ.म.नि. बम बहादुर भण्डारी (अ.प्रा.)/रजनी भण्डारी
छोरी : शान्ता थापा
नाति/नातिनी
रमेश, कृष्ण, विष्णु, कल्पना, कैलाश, विकास, विराजन, विराट


# विरोधबीच सेती...

महानगर प्रमुख मानबहादुर जीसी उपचारक्रममा काठमाडौं रहे पनि आफूले कार्यवाहकको जिम्मेवारी नपाइसकेकाले उपप्रमुखकै हैसियतमा काम गरिरहेको उनले बताइन् ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत महेश बरालले सानिसाको मर्मअनुरूप नै सम्झौता हुन लागेको दाबी गरे । 'सरकारको कुनै पनि निकायले यो आयोजन स्थगित गर्नु भनिसकेको छैन,' उनले भने, 'सम्झौता गर्ने चरणमा आइसकेकाले रोक्न मिल्दैन ।' सम्झौतापछि प्रदेश सरकार र संघ सरकारबाट स्वीकृति आएपछि मात्रै विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) र वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदन बनाउन अनुमति दिइने उनले बताए । 'ईआईए बनेर पनि स्वीकृत भएन भने परियोजना अगाडि बढ्दैन,' उनले भने, 'पोखराको पर्यटनलाई पुनर्जीवन दिने योजनामा कन्भिन्स भएरै महानगरले अगाडि बढाएको हो ।'

संरक्षणकर्मी एवं नागरिक अगुवा रामबहादुर पौडेल भने संघ र प्रदेशबाट अनुमति पाउन, ईआईए स्वीकृत गराउन ठूलै आर्थिक चलखेल हुने बताउँछन् । 'पहिला ईआईए स्वीकृत गरेर मात्रै सम्झौता गर्नुपर्ने कानुनी प्रावधान हुनुपर्थ्यो,' उनले भने, 'सम्झौता गरिसकेपछि ईआईए प्रतिवेदन स्वीकृत हुने गरी बन्छ ।' नागरिक समाज कास्कीकी संयोजक इन्द्रकमल मानन्धरले महानगरले सम्झौता प्रक्रिया नरोके कानुनी उपचार खोज्ने बताइन् । 'सरोकारवालासँग व्यापक छलफल नगरी यी आयोजना आएका छन्,' उनले भनिन्, 'अदालतमा स्टे अर्डर जारी गर्न निवेदन दिन्छौं ।'

सार्वजनिक-निजी साझेदारी (सानिसा) अवधारणामा महानगरले पातले छाँगो सिसा पुल निर्माण तथा अन्य पूर्वाधार विकास आयोजना र सेती खोंच पर्यटन पूर्वाधार विकास आयोजनामा २०७५ फागुन २० मा मनसायपत्र आह्वान गरेर प्रक्रिया अगाडि बढाएको थियो । सानिसाअन्तर्गत नै रामघाट क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी ३५ वर्षसम्म नदीजन्य सामग्री संकलन तथा निकासी गर्ने आयोजनामा बतास अर्गनाइजेसनको बी रिभर माइनिङ प्रालि छानिएको छ । पोखरा-२७ को मोरेखरे क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामग्री संकलन तथा निकासी आयोजनामा मोरेखरे रिभर माइनिङ प्रालिले जिम्मा पाएको छ ।

बतासका अध्यक्ष आनन्दराज बतास र मोरेखरेका अध्यक्ष विजय भट्टराई दुवै कम्पनीमा साझेदार हुन् । रामघाट र मोरेखरेले प्रस्ताव बुझाएपछि महानगरले वार्ताका लागि बोलाएको छ । वार्तापछि सम्झौता हुनेछ । फेवातालमा वाटर स्पोर्ट्सका गतिविधि सञ्चालन गर्न विजय भट्टराईकै एभरेस्ट क्रुस प्रालि र पोखराको अतिथि रिसोर्ट एन्ड स्पा प्रालिले मनसायपत्र बुझाएका छन् । बिनाअध्ययन कौडीको भाउमा लामो समयसम्मका लागि प्राकृतिक सम्पदा निजीकरण गर्न खोजिएको भन्दै यी ५ वटै आयोजनाको विरोध हुँदै आएको छ । यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालिसकेको छ ।

कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी, एमाले (माधव समूह) र राष्ट्रिय जनमोर्चाले बुधबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीलाई ध्यानाकर्षणपत्र बुझाउँदै यी आयोजना खारेजीको माग गरेका छन् । वातावरणविद् र भूगर्भविद्ले समेत सेती नदी र खोंचको भौगोलिक जटिलतालाई मध्यनजर गर्दै आयोजना उपयुक्त नभएको बताएका छन् । रामघाटमा ड्याम बनाएर सेती नदी थुन्दा अकल्पनीय विपत्ति आउने उनीहरूको भनाइ छ ।

सम्झौताको मस्यौदाअनुसार फेवातालको पुछारबाट पार्दी खोलाको १.५ किलोमिटर र डेभिज फल्स वरपरको जग्गा सेती क्यान्योन प्रालिले ४० वर्षका लागि भाडामा लिनेछ । डेभिज फल्समा प्रालिले सिसाको पुल, पानीसहितको म्युजिकल फाउन्टेन, बगैंचा, कृत्रिम झरना, सेल्फी बिन्दु, सुरुङ मार्ग, रेस्टुरेन्ट र क्याफे, चिल्ड्रेन पार्क, ड्याम, स्टिम बोट, धार्मिक मिनियचरलगायत संरचना बनाउने उल्लेख छ । महानगरले जग्गा भाडामा लगाएबापत व्यवसाय सञ्चालन मितिदेखि ३ वर्षसम्म वार्षिक २ करोड रुपैयाँ र कुल आम्दानीको ८.५ प्रतिशत, चौथो वर्षमा २ करोडमा ५ प्रतिशत वृद्धि र त्यसपछि प्रत्येक २-२ वर्षमा ५ प्रतिशतले वृद्धि र कुल आम्दानीको १० प्रतिशत रोयल्टीको प्रस्ताव गरेको छ ।

हाल डेभिज फल्सको रेखदेख र सञ्चालन छोरेपाटन माध्यमिक विद्यालयले गर्दै आएको छ । कोरोना महामारीबाहेक वार्षिक २ करोड ३० लाख रुपैयाँ डेभिज फल्सको टिकट र सटर भाडाबाट विद्यालयले आम्दानी गर्छ । झन्डै २ हजार ३ सय विद्यार्थी अध्ययन गर्ने विद्यालय सञ्चालनमा उक्त रकम खर्च हुन्छ ।

योजनाअनुसार पोखरा-१ गाईघाटदेखि पोखरा-१७ ढुंगेसाँघुसम्म ८.६८ किलोमिटरमा फैलिएको सेती खोंचमा साहसिक पर्यटन पूर्वाधार निर्माण हुनेछन् । रेस्टुरेन्ट, सोभिनियर पसल, वातावरणमैत्री तथा टेन्टेड रिसोर्ट, म्युजिकल फाउन्टेन, क्यान्टिलिभर पैदल यात्रा, कृत्रिम झरना, खोंचको प्रवेश र निकासद्वार क्षेत्रमा सेल्फी बिन्दु, खोंचभित्र सिसा, काठ र ढुंगाको क्यान्टिलिभर यात्रा, सिसा स्काइवाक, चिल्ड्रेन पार्क, बोटानिकल पार्क, साहसिक वन पार्क, बन्जी जम्पिङ, जिप फ्लाइयर, क्यानोइङ, वाल क्लाइम्बिङ, क्लिफ वाकिङ, टनेल वाल्कअवे, ट्रेम्पोलिङ, वाटर फन पार्कलगायत मनोरञ्जनात्मक तथा साहसिक पर्यटकीय क्रियाकलाप सञ्चालन गर्ने भनिएको छ । यसमा डेढ अर्ब रुपैयाँ खर्चने प्रालिको तयारी छ ।

रोयल्टीबापत प्रालिले ५ वर्षसम्म वार्षिक ५० लाख रुपैयाँ, ६ देखि १० वर्षसम्म ७५ लाख, ११ देखि १५ वर्षसम्म १ करोड, १६ देखि २० वर्षसम्म १ करोड २५ लाख, २६ देखि ३० वर्षसम्म १ करोड ७५ लाख, बाँकी अवधि २ करोड रुपैयाँ महानगरलाई बुझाउनेछ । हरेक वर्ष कुल आम्दानीको ५ प्रतिशत छुट्टै बुझाउनुपर्छ । यो योजनामा महानगरले भीर, डिलसम्बन्धी आफैंले बनाएको मापदण्ड लत्याउँदै सेती खोंच निजी क्षेत्रलाई सुम्पिन लागेको हो । भूगर्भविद्, विज्ञसमेतको संलग्नतामा सेती डिल भौगोलिक हिसाबले संवेदनशील रहेको भन्दै उक्त क्षेत्रमा ५ देखि ५० मिटर मापदण्ड महानगरले कायम गरेको थियो । प्रालिले भवन नक्सा पास गर्दा मापदण्डसम्बन्धी व्यवस्था लागू नहुने मस्यौदामा उल्लेख छ ।

२२ वर्षअघि जर्मनीको भू-वैज्ञानिक तथा प्राकृतिक स्रोत साधन संस्थान (बीजीआर) ले ३ वर्ष लगातार सेती खोंचको अध्ययन गरेको थियो । सेती डिल वरिपरि ७५ मिटर जोखिमयुक्त रहेको उक्त अध्ययनको निष्कर्ष थियो । हाल पोखरा-१५ अमिनतरामा दैनिकजसो सेती डिलमा पहिरो खसिरहेको छ । सेती खोंचका विभिन्न स्थानमा बेलाबेला भासिनेसमेत गरेको छ ।


## हार्दिक समवेदना



जन्मः
२०१५ भदौ १६ गते

स्वर्गारोहणः
२०७८ साउन ०३ गते

**स्व. सरिता बोहरा (साबित्री)**

कोभिड-१९ युनिफाइड केन्द्रिय अस्पताल, वीर अस्पतालमा कार्यरत अस्पताल नर्सिङ निरिक्षक **सरिता बोहरा (साबित्री)** को कोभिड-१९ संक्रमित हुनु भई उपचारका क्रममा असामयिक निधनले हामी अत्यन्त मर्माहित भएका छौं ।
यस दुःखद् घडीमा गहिरो समवेदना व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि भगवान श्री पशुपतिनाथसंग प्रार्थना गर्दछौं ।

**सम्पूर्ण कर्मचारी परिवार**
**कोभिड-१९ युनिफाइड केन्द्रिय अस्पताल**
**वीर अस्पताल, काठमाडौं**


# नेपालको अलमलले...

उनले एमालेको संस्थापन पक्षका नेताहरूसँग संवाद पनि रोकेका छैनन् । त्यही कारण एमाले नेताहरूले एकताको अपेक्षा राखिरहेका छन् तर अर्कातिर सत्ता गठबन्धनका नेताहरू नेपाल सरकारमा सहभागी हुने विश्वासमा छन् । नेपाल समूहमा हरहालतमा पार्टी एकता गर्नुपर्ने र सरकारमा सहभागी हुनुपर्ने दुवै मत छ । एमाले अध्यक्ष ओलीले बिहीबार पार्टी कार्यालय थापाथली पुगेर सकेसम्म चाँडो र धेरैलाई समेटेर यसलाई टुंग्याउन महासचिव ईश्वर पोखरेल, स्थायी कमिटी सदस्य सुवास नेम्वाङलगायतलाई निर्देशन दिएका छन् । केन्द्रीय कार्यालयका सचिव शेरबहादुर तामाङका अनुसार अध्यक्षको निर्देशनअनुसार एकताको कोसिस जारी छ । 'सधैंभरि अलमल गरेर पार्टी बस्दैन । यो अलमलले पार्टीका सबै सांगठनिक गतिविधिमा अप्ठ्यारो पर्छ । विधान महाधिवेशनको तयारीमा छौं । पार्टीबाट कोही पनि बाहिर नहोस् । त्यसैअनुसार वातावरण तयार गर्नुस् । अब जे हुने हो छिट्टै क्लियर गर्नुस्,' ओलीको भनाइ उद्धृत गर्दै तामाङले भने ।

ओलीको निर्देशनपछि बिहीबार नै नेम्वाङले नेपाललाई भेटेका थिए । एक नेताका अनुसार नेपालले एकताका लागि नेम्वाङसँग फेरि सर्त अगाडि सारेका छन् । 'माधव कमरेडले हुँदा-हुँदा एक दर्जन सर्त राख्न थाल्नुभयो । एकपटक केपी ओलीलाई यस्तै मात चढेको थियो । उहाँ अहिले सडकमा पुग्नुभयो । ढिलो-चाँडो माधव नेपाल त्यस्तै गरी ओरालो लाग्न सुरु हुन्छ । उहाँ टिमको सुझाव पनि मान्न छाड्नुभएछ,' ती नेताले भने ।

नेपालनिकट एमाले स्थायी कमिटी सदस्य रघुजी पन्तले भने आफूहरूको मुख्य ध्यान पार्टी एकता सफल बनाउने प्रक्रियामा रहेको र कुराकानी सफलताउन्मुख रहेको बताए । 'विभिन्न चरणमा साथीहरूले आ-आफ्नो ढंगले एकताका लागि कुराकानी गरिरहनुभएको छ,' उनले भने । पन्तले अहिले सरकार प्राथमिकताको विषय नभएको पनि बताए । 'एमाले अहिले प्रमुख प्रतिपक्षका रूपमा छ । प्रतिपक्षमा भएपछि सरकारमा जान उपयुक्त हुँदैन । हामीले लडेको लडाइँ राजनीतिक हो । कोही साथी मन्त्री बन्न, कोहीलाई मन्त्री बनाउन लडिएको होइन,' उनले भने, 'यो लडाइँ राजनीतिक स्थिरताका लागि हो । पार्टी एकताबद्ध र संविधान सृदृढ बनाउन हो ।' नेपालनिकट केही सांसद भने सरकारमा सहभागी हुनुपर्ने पक्षमा छन् ।

नेपालले सत्ता गठबन्धन र पार्टी दुवैतर्फ एकैपटक शक्ति बाँडफाँटमा 'बार्गेनिङ' गरिरहेको ओलीको आरोप छ । गत आइतबार पार्टीनिकट अखिल नेपाल महिला संघले आयोजना गरेको भर्चुअल अन्तर्क्रियामा ओलीले त्यस्तो 'बार्गेनिङ' धेरै दिन नटिक्ने बताएका थिए । 'आफूलाई एमाले भनेका छन्, बालुवाटारमा गएर गठबन्धनको बैठकमा सहभागी भएका छन् । यता (पार्टीमा) यो चाहियो, त्यो चाहियो भन्छन्, उता (गठबन्धन) मन्त्री खोजेका छन् । एमाले छाडेको छैन भन्न लाज पनि नहुने ! यस्तो सोचबाट पार्टी र आन्दोलनलाई मुक्त गर्नैपर्छ,' उनले भनेका थिए ।

सत्ता गठबन्धनको शनिबारको बैठकमा नेपाल सामेल भएपछि ओलीको यस्तो भनाइ आएको थियो । बुधबार बसेको गठबन्धनको बैठकमा भने नेपालले प्रतिनिधिका रूपमा विजय पौडेललाई बालुवाटार पठाएका थिए । स्थायी कमिटी सदस्य घनश्याम भुसाल पछिल्ला दिनमा एकताका विषयमा गम्भीरतापूर्वक छलफल नै नभएको बताउँछन् । 'हिजोकै अवस्थामा हामी छौं । बाहिरका घटनाक्रम, आरोप-प्रत्यारोप, घृणाको व्यापार हेर्दा स्थिति गम्भीर छ तर विभाजनतिर नै जान्छ जस्तो लाग्दैन' उनले भने ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

गोकर्णबाट, सुन्दरीजलजाने हाईवेबाट नजिकै ०-४-३-३, ९८४१३४५००५

घरजग्गा खरीदविक्रीगर्नंपरेमा Kumarlama Realestate 014720460, 9851045824, 9849427626

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

बुढानिलकण्ठमा १५आनामा बनेको बंगलोघर बिक्रिमा ९८१०१३५५२६

ईमाडोल कृष्णमन्दिर पछाडी ४-फिटेबाटोमा २.५-तल्लेघर रु.१.५५, 9864221144

कोटेश्वर आकाशेपुलछेउको शुपथमुल्यमा घर विक्रीमा, 9841957338

बनस्थलीचोक नजिकै ७ आना २ पैसामा बनेको अफिस तथा गोदामकोलागी उपयुक्त घर सम्पर्क ९८४१३१३३२१

गुहेश्वरी नगरविकासमा ०-३-२-१ माबनेको नयाघरबिक्रीमा २,९५,०००००/- 9841511620, 9851122167, 9841281067

भक्तपुर कटुञ्जेमा राम्रोनयाँ घरबिक्रीमा 9862435902

धितोयोग्य, प्लानिङ्गयोग्य घरजग्गा खरिदबिक्रि ९८५१२५५२७७

कमरसियल जग्गा विक्रिमा 25M कटाएर दिने 9840456692

कुमारीपाटीमा ३ तल्ला घर तुबिक्रिमा ९८४१३२९२५१

बालुवाटार धुम्वाराहीमा १०रोपनी जग्गाबिक्रीमा ९८५११२८७८, ९८२८७५१२८८

चक्रपथमा कमर्सियल २रोपनी जग्गाबिक्रीमा ९८५११२८७८, ९८२८७५१२८८

नारायणथानमा २रोपनी जग्गाबिक्रीमा आनाको २९लाख ९८५११२८७८, ९८२८७५१२८८

बिद्यादेवीमार्गमा ८आना जग्गाबिक्रीमा आनाको २९लाख ९८५११२८७८, ९८२८७५१२८८

सस्तोमा २०० रोपनी जग्गा विक्रिमा ललितपुर बडिखेलमा ९८५१०५९३३७

घरबिक्रीमा मुल्य २९० बौद्ध नयांबस्ती विपुल स्कुलसंगै ९८५११२८७८, ९८२८७५१२८८

शान्तिनगरमा ०-४-२-० आधुनीक बंगला 9843670264

नयाँबसपार्क मित्रनगरमा १०-आनामा बनेको २-वटाघर ३-लाख मासिक भाडाआउने मूल्य-६,५०,००,०००/- 9848568663, 9823551499

बत्तिसपुतलीमा ०-१०-०-१ क्षेत्रफलमा बनेको अत्याधुनिक बंगला बिक्रीमा ९८१३०६१९३१

काँडाघारी फोर्सपार्क नजिक ११ फिटे बाटो भएको पौने ४ आनामा २०७४ सालमा बनेको सबै सुविधा सम्पन्न २.५ तल्ले घर बिक्रीमा मूल्य: २ करोड १३ लाख ९८०८०६५०६६ (नो एजेन्ट)

तिनकुने एयरपोर्ट रिङ्गरोडबाट ३०० मिटरभित्र ठूलोबाटोमा ५०-मिटर १०-फिटे पिचबाटोपूर्व ०-६-३-१ मोहोडा जग्गाप्रतिआना मूल्य-५६,००,०००/- 9823551499, 9848568663

बुढानिलकण्ठ रुद्रेश्वरमा नयाँप्लटिङ्गमा जग्गाबिक्रीमा 9851074256, 9813870615

ग्राण्डीहस्पिटलनजिकै २.५आनामा ३.५तल्लेघर रु२,००,००,०००/- ९८४१०१६४७४

महाराजगञ्जमा 0-8-2-0 बंगलो रु.7,50,00,000/- 9851027364

बुढानिलकण्ठ माइक्रोस्टेशन चोकनजिक ०-९-०-० ९८५१०५०२४९

ललितपुर एरियामा घरजग्गा खरिद बिक्रीगर्नु परेमा, 9841515302

पेप्सिकोला खहरे हात्तीडाँडामा पूर्व दक्षिण मोहडाको ०-२-२-० बनेको २.५ तल्ला घर बिक्रिमा ९७४२४५५६०९

सन्तानेश्वरको १-९-२-० र चापागाउ बसपार्कको ०-४-३-० जग्गा ९८०३७०८२११

थेचुमा ०-९-२-० जग्गा विक्रीमा 9808161142

बुढानिलकण्ठ पार्कभिलेज अपोजिटमा नयाँबाटो चोकहाईवेबाट १००-मिटर VIP कोलोनीभित्र ०-५-०-०, ०-७-०-० माहालसालै बनेकोआधुनिक बङ्लोघरहरू तुरुन्तैबिक्रीमा 9851036108, 9860193128

लामाटार हाउजिङ अगाडीको 0-3-3-2 जग्गा बिक्रीमा प्रतिआना १७००००० 9847693612

कालिमाटीमा नयांघर बिक्रीमा ९८४१२०३६३६

ललितपुर कुसुन्ती हाइटमा टुक्रा गर्न मिल्ने ०-१०-०-० आवासीय जग्गा बिक्रीमा ९८५११६७८५०

सातदोबाटो स्वीमिङ्गपुल पछाडी ०-३-३-२ मा २.५ तला नयाँघर बिक्रीमा र महालक्ष्मीस्थान रिङ्गरोड बाहिर ८०० मिटरमा ०-५-३-० जग्गा बिक्रीमा ९८५१२०९१८५

## सवारी साधन

आईचर टाटासानोहात्ति मारुतीभ्यान चाहियो 9851074907

नयां इकोभ्यान कार्गो तुबिक्रिमा ९८५१०३०९७२

2018 अल्टोकार 15,60,000/- सेमिअप्सन 9813994422

किस्ताबन्दीमा ट्याक्सीदिन्छौं डिपोजिट ३,००,०००/ त्रिबेणी अटोसेन्टर कालिमाटी ९८४१७०५६४७

## सम्पर्क

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

सस्तोमा धितोफुकुवा, धितोराखी लोन 9851154609

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यर्थिकोलागि सस्तोमा Cash Deposit 9842543779

Cash Deposit Without Collateral, 9841756349

नगदडिपोजिट भिषाडकुमेन्ट धितोफुकुवा, नगदकर्जा, 9841611213

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

पत्रपत्रिकाहरूमा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८६०३००८९५

सानो ठुलो धितो कम्पनीलाई व्यक्ति वा बैंक मार्फत लोन चाहिएमा ९८४७६८८९३९

सस्तोमा धितोफुकुवा बैंक डिपोजिट 9841000065

EDV sponsor खाना बस्ने Job guarantee 9803115647

धितो ऋण तुरुन्त हुन्छ 9813204875

जग्गाजमिन मोसागाडी धितोफुकुवा नगदडिपोजित ९८४००५०५७१

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

Bank Deposite धितोफुकुवा गर्नपरेमा 9851161202

## विविध बिक्रीमा

चलिरहेको लेडिजफेन्सी बिक्रीमा ग्वार्को ९८५१२७८१६८

कलंकी एडमार्क कलेज अगाडिको स्टेशनरी ९८४९३०३९१९

भक्तपुर नयाँ प्लानिङमा सान्दार म:म: को शाखा तु बिक्रीमा, ९८४३०३०७३२

मासिक २,००,०००/- आम्दानी हुने थोक, खुद्रा किराना पसल तु.बिक्रीमा ९८०७३२६३९७

फेन्सी पसल लगनखेल चोकमा ९७४१७४३९९२

चलिरहेको प्राइभेट स्कुलको बसहरू विक्रिमा ९८५१०५६६७०

## निर्माण सफाई

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

ढलट्वाइलेट मंगाल जामखोल्ने इनारसफाई/प्लम्बिङ 9843192344

सेफ्टीटैंकी सफाई ठुलोगाडीमा मेशिनबाट 015251092, 9851024364

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841955291

ढलट्वाईलेट मंगाल जामखोलिन्छ ९८५१०६९६३५, ९८४९६५७५००

सेफ्टिटैंकी सफाई 01-5712671, 01-5712554, 9851152299

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 9851118279

सेफ्टीटैंकी सफाई गाडिमा १५००। 9843768737

ढलट्वाईलेट सेफ्टीटैंकी जामखोल्ने सस्तोमा 9841634234, 9841176292

सेफ्टिटैंकी सस्तोमा मेशिनबाट सरसफाई 9849503019

सेफ्टीटैंकी सफाई ३०००। ९८४१६७३२३०, ९८५१०९९५७२

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9861928899, 9823859294

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

ढलट्वाईलेट, मंगालजामखोल्ने, सेफ्टीटैंकीसफाई, मर्मतनिर्माणपनि 9841559659

ढलट्वाईलेट, मंगालजामखोल्ने, निर्माणग्यारेण्टीमा, 9851018828, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

## भाडामा

ललितपुरमा छिटै घरफ्ल्याट लिनदिन, 9851085854

खरिदबिक्री वा-भाडामा लिनुदिनुपरेमा 9863335343, 9860007333 hamrogharjagga31@gmail.com

सिनामंगलमा पार्किङ्गसहितको दुईतल्लाघर अफिसकोलागि भाडामा 9841442077

कमलपोखरी सन्राइज बैंक अगाडी तिनसटर र एकतल्ला 9813815235

Flat with parking Bagbazar 9880753306

बसुन्धारा रिङ्गरोडमा १-सटर, गोदाम 9818954153

हांडिगाउँ घर भाडामा, अफिसकोलागि उपयुक्त, ९८४१२०८२५५

पेप्सीकोलामा तिनकोठा १६०००/- चारकोठा २०,०००/- ९८४३५६५२९७

ललितपुर कुसुन्ती हाइटमा पार्किङ्ग सुविधा भएको होस्टेल NGO अफिसकोलागि पुरै २.५ तल्ले घर भाडामा ९८५११६७८५०

## चाहियो

तिनकुनेचोकमा डेकुरेसनमाला उन्नेकर्मचारीअर्जेन्ट 24,500+ खाजाभाडा पढेनपढेका जसलेनीगर्नमिल्ने 01-5199302, 9823705671

ग्वार्को गुणहलनजिकै parttime/fulltime स्टाफअर्जेन्ट 24,500/- खाजाभाडा 9828721889,9849450645 कामघरअफिसमै

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9851314832

कर्मचारी आवश्यकता कलंकीचोक 15,500/- बस्नेव्यवस्था 9813256775, 9866876757

निर्माण, अफिस, घरेलु कामदार ९८१३०१४५८७

ग्वार्कोचोकैको PGकम्पनीलाई स्टाफअर्जेन्ट 25,000/- खाजाभाडा 9808728580, 9846599866 कामघरअफिसमै

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9801101472

लेडिज स्पाथेरापिष्ट चाहियो, बौद्ध ०१४४६८९४१, ९८५१११५८९५

सामाखुसीचोकैमा अफिसस्टाफहरू अर्जेन्ट 27,500-33000/- खाजाभाडा पढेनपढेका जसलेनीगर्नमिल्ने 9842768410, 9823566595

भक्तपुर पोल्ट्रीफार्म ह्याचरीलाई कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

भक्तपुर चुनदेवीको बिहानी सहकारीलाई बजार प्रतिनिधिहरू चाहियो ९८०१८५६२३२, ०१-५७०८०३८

Secondary Level, English, Social, EPH, Preprimary Montessori Experienced Teachers Chabahil, 9841081605 teamscreative1@gmail.com

इन्डियनकुक, ममकुक, वेटर, भाडामाज्ने मसाल्ची 9843105084

कर्मचारी 15,500/- सामाखुसी 9803179796, 9842375118

Homebased Typing Job 25,500/- 9803188112

बल्खुअफिसलाई स्टाफअर्जेन्ट 27,500/- खाजाबसभाडा पढेनपढेका महिलापुरुष जोकोहीलेगर्नमिल्ने 9818282550, 9860279660

गोंगबुचोकमा डलबनाउनेमा रोजगार २२,०००/- 9813005009

बालाजुचोकमा अगरबत्ती पेपरकोटिङ्गमा २६,०००/- 9803319316

मेनपावर कन्सल्टेन्सीको लागि मार्केटिङ ९८६९३०४०४७२

महिला पुरुष गार्डहरू चाहियो, 9803090961

कमलपोखरीको क्याफेलाई कुक चाहियो ९८१८२६२८९४

Pre-Primary Grade Teacher Baluwatar 9851187127

महाराजगंजको अफिसलाई स्टाफ 18,500/- 9807866421

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

बर्थकेक कोर्सन पाउरोटी बनाउनेमिस्त्री 9851024566, 9841068913

घरायसी कामगर्ने २२-३० भित्रको महिला, कोठा-सुविधा, महाराजगंज9864337455

Experienced teachers primary Math, Nepali, Computer Lower Secondary Social English Montessori Tranier Swayambhu 9851216612, 9813157856

मार्केटिङ अर्जेन्ट गोरखा, १८,०००/-, ९८४३१७६३३६, ९८४३१६०५६२

A reputed high school requires Primary, L.Sec. teacher, latitpur, Talchikhel- 5152224, 9841209562

खानबस्नसहित कर्मचारीहरूको तुआवश्यकता १५,५००/- ९८०३२७४२२७

ग्वार्कोहलनजिकै मालाझुमरबुन्ने स्टाफअर्जेन्ट 27,500/- भाडाखाजापनि लेडिजजेन्स जोकोहीलेगर्नमिल्ने 01-5540046, 9803887401 कामफ्याक्ट्रीघरमा

कस्मेटिकमा इमान्दार कर्मचारी 9861620282, 9813370285

## मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

फ्रिज, वासिङ्गमेशिन, माइक्रोवेभ, LED, A/C, ग्यारेन्टी घरमैमर्मत 9851156123

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9851061331, 9851161163

ढलट्वाईलेट मंगाल जामखोलिन्छ ९८५१०८९४१०, ९८४१२६६९५०

## भर्ना

प्राईभेट SEE,+2, ग्यारेन्टी पास, 9860579477

## तालिम

हाउसइण्डस्ट्रियल वाइरीङ्ग मोटरवाइन्डिङ्ग प्लम्बिङ्गफ्रि 9851177341

## उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने HerbalSuppliment ९८५११४७८१०

## बिहावारी

स्वदेश वा विदेशमा बस्ने नेपालीको लागि उपयुक्त बरबधु चाहिएमा सम्पर्क गर्नुहोला www.nrnmatch.com

अस्ट्रेलिया युरोपबस्ने युबालाई मगरयुवती चाहियो ९८६९३४०४७२

विदेशी मुद्रा

| | |
|---|---|
| अमेरिकी डलर | ११९.३१ |
| युरो | १४०.८६ |
| पाउन्ड स्टर्लिङ | १६५.४९ |
| अस्ट्रेलियन डलर | ८७.५७ |
| कतारी रियल | ३२.७७ |

सुन रु ९२,४००

चाँदी रु १२७०

# मूल्यसँगै तौलमा पनि ठगिए उखु किसान

## फेरि काठमाडौं आएका किसानले भदौ ५ सम्म सबै भुक्तानी गर्न अल्टिमेटम दिए

**राजु चौधरी** (काठमाडौं)



उखुको भुक्तानी नभएपछि काठमाडौं आएका सर्लाहीका पाँच किसान । *तस्बिर : कान्तिपुर*

सरकारले आर्थिक वर्ष २०७५/७६ का लागि उखुको समर्थन मूल्य प्रतिक्विन्टल ५ सय ३६.५६ रुपैयाँ तोकेको थियो । प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा सरकारले अनुदान उपलब्ध गराउने भएकाले उद्योगीहरूले प्रतिक्विन्टल ४ सय ७१ रुपैयाँ २८ पैसा दिँदा पुग्थ्यो । तर मिल सञ्चालकले प्रतिक्विन्टल ३६.२८ रुपैयाँ कम घटाएर उखु क्रसिङ गरेको उखु किसान संघर्ष समितिले जनाएको छ । मुख्यत: महालक्ष्मी र अन्नपूर्ण सुगर मिलले प्रतिक्विन्टल ३६.२८ रुपैयाँ कम दिएको समितिको भनाइ छ ।

'सरकारी अनुदान प्रतिक्विन्टल ६५.२८ रुपैयाँ र उद्योगबाट ४ सय ३५ रुपैयाँ गरी जम्मा प्रतिक्विन्टल ५ सय रुपैयाँ २८ पैसा पाएका छौं,' समितिका सचिव हरिश्याम रायले भने, '२०७५/७६ मा महालक्ष्मीले करिब १३ लाख क्विन्टल र अन्नपूर्णले ९ लाख क्विन्टल उखु क्रसिङ गरेको थियो तर मिलहरूले मनोमानी गरे ।' समितिका अनुसार २०७४/७५ मा पनि कम मूल्य पाएको किसानको गुनासो छ । '२०७४/७५ मा सरकारले प्रतिक्विन्टल ५ सय ३१ रुपैयाँ १५ पैसा निर्धारण गरेको थियो । मिलले प्रतिक्विन्टल ४ सय ६५ रुपैयाँ पाउनुपर्थ्यो,' रायले भने, 'तर, किसानले अनुदानबाहेक ४ सय २५ रुपैयाँसम्म मात्रै पाए ।'

राष्ट्रिय कृषि श्रमिक संघ नेपालका महासचिव एवं संघर्ष समिति सदस्य गोपाल यादवले पनि किसानले समर्थन मूल्य नपाएको प्रतिक्रिया दिए । 'सरकारले प्रतिक्विन्टल ५ सय ३६ रुपैयाँ निर्धारण गर्दा लुम्बिनी सुगरले किसानलाई ३ सय ८५ रुपैयाँका दरले दिएको छ । अन्य उद्योगले पनि ४ सय ३५ देखि ४ सय ५० रुपैयाँका दरमा उखु क्रसिङ गरे,' यादवले भने, 'उखु किसान पेलिएका छन् तर अनुगमन कसले गर्ने ?'

यसबाहेक तौल गर्दा पनि उखु किसान ठगिने गरेको पाइएको छ । समितिले उपलब्ध गराएको बिलअनुसार सर्लाहीका रामस्वार्थ रायले अन्नपूर्ण सुगर एन्ड जनरल इन्डस्ट्रिजलाई १११.४५ क्विन्टल उखु (ट्र्याक्टरसहितको तौल) बिक्री गरेका थिए । २०७४/७५ मा अन्नपूर्णलाई बिक्री गर्दा ग्रोस तौल (ट्र्याक्टरसहित) को तौल १११.४५ क्विन्टल थियो । टेयर तौल (ट्र्याक्टर मात्रै/उखु खाली गरेर ट्र्याक्टरको तौल) ३६.०५ क्विन्टल थियो । तर राम स्वार्थ रायले ६७.११ क्विन्टलको मात्रै पैसा पाए ।

'८.२९ क्विन्टलको रकम कटौती गरिएको छ,' रायले भने, 'सामान्यतया एक सय क्विन्टलमा १ क्विन्टल मात्रै कटौती (उखु बाँधेको पराल) गर्नुपर्छ तर मिलहरूले मनोमानी गरे ।' उखु किसान राम विकास पण्डितले पनि महालक्ष्मी सुगर मिललाई बिक्री गर्दा १३.७० क्विन्टल कटौती गरेको बिलमा उल्लेख छ । सर्लाहीका किसान रामभर्थ रायले महालक्ष्मी सुगर प्रालिलाई बिक्री गर्दा ९ क्विन्टल कटौती भएको उल्लेख छ । 'यो प्राय: मिलको समस्या हो । मिल सञ्चालकले विभिन्न बहानामा कम मूल्य उपलब्ध गराउन खोज्छन्,' सचिव रायले भने, 'उखु बिक्री नगरे घर खर्च चल्दैन, जसले गर्दा उद्योगीहरूकै दरमा बिक्री गर्न बाध्य छौं ।' यी दुई समस्यासँगै किसानले समयमै भुक्तानी पनि पाउँदैनन् । आफूले बिक्री गरेको उखुको भुक्तानी नपाउँदा किसान पटकपटक आन्दोलन गर्न बाध्य छन् । विगतकै भुक्तानी नभएपछि सर्लाहीका पाँच किसान फेरि काठमाडौं आइपुगेका छन् । उनीहरूले बिहीबार पत्रकार सम्मेलन गरेर भदौ ५ सम्म चिनी मिलबाट आफ्नो बक्यौता भुक्तानी नभए आन्दोलन गर्ने अल्टिमेटम दिएका छन् ।

'उखु किसान संघर्ष समिति र उद्योग मन्त्रालयबीच २०७७ पुस १३ मा भएको पाँचबुँदे सहमतिअनुसार २१ दिनभित्र उखु किसानको सम्पूर्ण बक्यौता रकम मन्त्रालयले भुक्तानी गराउन जिम्मेवारी लिएको थियो । तर दोस्रोपटकको सहमति पनि पालना भएन,' समितिको विज्ञप्तिमा भनिएको छ, 'भदौ ५ सम्म सम्पूर्ण भुक्तानी नभए फेरि आन्दोलन गर्न बाध्य हुनेछौं ।' उखु किसानले गत पुसमा आन्दोलन गरेपछि केही उखु मिलले भुक्तानी सुरु गरेका थिए । आन्दोलन भइरहँदा किसानले ९० करोड रुपैयाँ बाँकी रहेको बताएका थिए भने उद्योगीहरूले ६५ करोड दाबी गरेका थिए । त्यसपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यदल गठन गरेर छिनोफानो गर्ने बताएका थिए । सरकारले चिनी उद्योगीको सेयर र जग्गा लालपुर्जा रोक्का गर्ने तथा २१ दिनभित्र भुक्तानी नगरे कडा कारबाही गर्ने प्रतिबद्धता जनाएपछि किसान आन्दोलनबाट पछि हटेका थिए । १६ दिनको आन्दोलनपछि सरकार र उखु किसान संघर्ष समितिबीच चारबुँदे सहमति भएको थियो । उखु किसानले दाबी गरेका ९० करोडमध्ये २५ करोड रुपैयाँ उद्योग मन्त्रालयले विवादित भनी कार्यदलको प्रतिवेदनमार्फत छिनोफानो गर्ने भने पनि कार्यान्वयन नभएको संघर्ष समितिका संरक्षक राकेश मिश्रको भनाइ छ ।

'सरकार र उखु किसानबीच भएको सम्झौताबमोजिम ६५ करोड रुपैयाँ तुरुन्तै भुक्तानी गराउने सहमति भएको थियो,' विज्ञप्तिमा भनिएको छ, 'तर अहिले पनि अन्नपूर्ण, महालक्ष्मी, लुम्बिनी, इन्दिरा र श्रीरामले कबुल गरेको रकममध्ये सबै भुक्तानी भएको छैन ।' उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सहप्रवक्ता उर्मिला केसीले भने इन्दिरा र अन्नपूर्णबाहेक अन्यमा समस्या नभएको बताइन् । 'भुक्तानी गर्न अटेरी गरेपछि गृह प्रशासन लगाएका थियौं । राकेश अग्रवाल पक्राउ पनि परे,' उनले भनिन्, 'त्यसपछि किसानले भुक्तानी पाएका हुन सक्छन् । अन्य उद्योगमा भने बक्यौता छैन ।' महालक्ष्मीले किसानको खाता नभेटेर ३३ लाख तिर्न नपाएको केसीको दाबी छ ।

जिल्लामा मिल क्रसिङको अडिटले सबै पुष्टि हुने उखु किसान संघर्ष समिति सर्लाहीका सचिव हरिश्याम रायले बताए । 'जिल्लामा गएर अडिट रिपोर्ट हेर्दा सबै थाहा हुन्छ । उद्योगीले दिनुपर्ने र किसानले पाउनुपर्ने रकम प्रस्ट नै छ,' उनले भने, 'किसानले पाउनुपर्ने रकमको सबै रेकर्ड छ । काजगात दिन सक्छौं । मन्त्रालयले सबै मगाउन सक्थ्यो । तर त्यतातर्फ ध्यान नै दिएन ।' २९ करोड रुपैयाँभन्दा बढी भुक्तानी हुन बाँकी रहेको उनको दाबी छ ।

# सेबोन र नेप्सेसँग अर्थ मन्त्रालयले माग्यो स्पष्टीकरण

**कान्तिपुर संवाददाता** (काठमाडौं)

भित्री कारोबारमार्फत सर्वोत्तम सिमेन्टको सेयर खरिद गरेको सम्बन्धमा नेपाल धितोपत्र बोर्ड (सेबोन) का अध्यक्ष भीष्मराज ढुंगाना र नेपाल स्टक एक्सचेन्ज (नेप्से) का प्रमुख कार्यकारी अधिकृत चन्द्र साउदसँग अर्थ मन्त्रालयले स्पष्टीकरण सोधेको छ । बुक बिल्डिङ विधिमार्फत सेयर निष्कासन प्रक्रियामा रहेको सर्वोत्तम सिमेन्टको सेयर खरिद गरेको समाचार बाहिरिएपछि अर्थ मन्त्रालयले बिहीबार स्पष्टीकरण सोधेको हो । पत्रमा तीन दिनभित्र जवाफ पठाउन भनिएको छ ।

'विभिन्न सञ्चारमाध्यममा प्रकाशित धितोपत्र बोर्डसँग सम्बन्धित समाचारप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ,' अर्थ मन्त्रालयले सेबोन र नेप्सेलाई पठाएको पत्रमा भनिएको छ, 'उक्त विषयवस्तुको सम्बन्धमा सत्यतथ्य यथार्थ के हो, सोको स्पष्ट र तथ्यपरक विवरण तीन दिनभित्र मन्त्रालयमा उपलब्ध गराइदिनुहुन आदेशनुसार अनुरोध छ ।'

बुक बिल्डिङ सार्वजनिक निष्कासन गर्दा मूल्य निर्धारण गर्ने एउटा वैकल्पिक विधि हो । सेयर वा अन्य धितोपत्रको सार्वजनिक निष्कासन गर्दा धितोपत्रको सही मूल्य निर्धारण गर्न बिक्री प्रबन्धक वा प्रत्याभूतिकर्ता (बुक रनर) ले लगानीकर्ताबाट धितोपत्रको माग सिर्जना गर्ने, संकलन गर्ने र अभिलेख गर्ने व्यवस्थित प्रक्रिया हो । यो विधिमा बिक्री प्रबन्धक वा प्रत्याभूतिकर्ताले विभिन्न सम्भाव्य लगानीकर्ताको मागका आधारमा सार्वजनिक निष्कासनको मूल्य निर्धारण गर्छ । नेपालमा पनि नियामक निकाय

### तीन दिनभित्र जवाफ पठाउन निर्देशन

धितोपत्र बोर्डले यो विधिअनुसार मूल्य निर्धारण गरी प्राथमिक सेयर निष्कासन गर्न पाउने व्यवस्था गरेको छ ।

सर्वोत्तम सिमेन्ट सोही व्यवस्थाअनुसार मूल्य निर्धारण गरी सेयर निष्कासन गर्ने तयारीमा रहेको पहिलो कम्पनी हो । कम्पनीले सेयर निष्कासन प्रक्रिया सुरु गरिसकेपछि बोर्डका अध्यक्ष ढुंगाना, नेप्सेका प्रमुख कार्यकारी अधिकृत साउदलगायत व्यक्तिले भित्री रूपमा सो कम्पनीको सेयर खरिद गरेको कुरा बाहिरिएको छ । ढुंगानाले छोरी र साउदले श्रीमतीका नाममा सेयर किनेको चर्चा छ । पुँजी बजारको नियामक निकाय धितोपत्र बोर्ड र अग्रणी नियामक निकाय नेप्सेका प्रमुखहरूकै परिवार भित्री कारोबारमा संलग्न रहेको पाइएपछि सत्यतथ्य बुझ्न पत्र काटिएको अर्थ मन्त्रालय स्रोतले बताएको छ ।

सर्वोत्तमले गत आर्थिक वर्षमै सेयर निष्कासनका लागि आवेदन दिएको थियो । सर्वसाधारणका लागि सेयर निष्कासन गर्न पब्लिक कम्पनी भएको कम्तीमा एक आर्थिक वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था छ । तर बोर्ड उच्च नेतृत्वले बोर्डले धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ पनि परिमार्जन गरेरै भए पनि सो कम्पनीलाई अनुमति दिने दबाब दिएका थिए । सो विषय सञ्चालक समितिबाट पास हुन नसकेपछि हाल अनुमति प्रक्रिया रोकिएको छ ।

'पब्लिक कम्पनीका रूपमा आफ्नो उद्देश्यअनुसार कारोबार सञ्चालन गर्न आवश्यक कार्य अगाडि बढाई पूरा एक आर्थिक वर्षको अवधि पूरा गरेको,' नियमावलीको दफा ९ को उपदफा ३ 'क' मा भनिएको छ । यो व्यवस्थाअनुसार सर्वोत्तम सिमेन्टले गत आर्थिक वर्षमा सेयर जारी गर्न नपाएको हो ।


## सानिमा बैंक लिमिटेडका खातावाला ग्राहक महानुभावहरूलाई अत्यन्त जरूरी सूचना !

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ तथा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशन बमोजिम बैंकले आफ्ना ग्राहकको विवरण अद्यावधिक गराई राख्नु पर्ने बाध्यकारी कानुनी ब्यवस्था रहेको हुदाँ आफ्नो विवरण अद्यावधिक गर्न बाँकी रहेका सम्पूर्ण खातावाल ग्राहकहरुले २०७८ श्रावण २२, शुक्रबार भित्र नजिकको शाखा कार्यालयमा आवश्यक कागजात सहित उपस्थित भई विवरण अद्यावधिक गराउनुहुन विनम्र अनुरोध गर्दछौं । उल्लेखित अवधी अर्थात २०७८ श्रावण २२, शुक्रबार भित्र आफ्नो विवरण अद्यावधिक नभएमा खाताबाट हुने सम्पुर्ण कारोबार रोक्का हुने व्यहोरा यस सूचना मार्फत जानकारी गराउँदछौं ।

यस अघि ल्याप्चे सहित आफ्नो विवरण अद्यावधिक गराईसक्नु भएका ग्राहक महानुभावहरुको विवरणमा कुनै परिवर्तन भएको भए यस बैंकको https://ekyc.sanimabank.com मा login गरी परिवर्तीत व्यक्तिगत विवरण (KYC) अद्यावधिक गर्न सक्नुहुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com


# सेबोनले नेप्सेबाट ब्रोकर छनोटको अधिकार खोस्यो

**यज्ञ बञ्जाडे** (काठमाडौं)

अब पुँजी बजारको नियामक निकाय धितोपत्र बोर्ड (सेबोन) आफैंले सेयर ब्रोकर छान्न पाउने भएको छ । यसअघि सबै प्रक्रिया नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले पूरा गरी लाइसेन्सका लागि सेबोनलाई सिफारिस गर्ने व्यवस्था थियो । सोही व्यवस्था परिमार्जन गर्दै धितोपत्र बोर्डले उक्त अधिकार आफ्नो पोल्टामा ल्याएको हो । यसका लागि सेबोनले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ नै खारेज हुने गरी नयाँ बनाएको छ ।

नयाँ नियमावली धितोपत्र बोर्डको सञ्चालक समितिबाट पारित भएर स्वीकृतिका लागि अर्थ मन्त्रालय पुगेको छ । नियमावली जस्ताको तस्तै स्वीकृत भए अब नेप्सेले ब्रोकरको आवेदन संकलन मात्र गर्न पाउनेछ । छनोटका सबै काम (लिखित परीक्षा, प्रस्तुतीकरण, अन्तर्वार्ता आदि) सेबोनले गर्नेछ । नियमावली निर्माण अर्थ मन्त्रालयबाट धितोपत्र बोर्डमा प्रतिनिधित्व गरिरहेका सहसचिव रामेश्वर दंगालको संयोजकत्वमा भएको हो । यसकारण नियमावली मन्त्रालयबाट काँटछाँटको सम्भावना नरहेको स्रोतले बताएको छ ।

स्टक एक्सचेन्जले ब्रोकरको संख्या यकिन गर्ने र लाइसेन्सका लागि नियामक निकायमा पठाउने अन्तर्राष्ट्रिय अभ्यास हो । कारोबारका लागि ती ब्रोकरलाई आफ्नो सिस्टम (कारोबार प्रणाली) मा आबद्ध गराउनुपर्ने भएकाले सम्बन्धित एक्सचेन्ज कम्पनीलाई नै ब्रोकर छान्ने अधिकार दिइएको हो । एक्सचेन्जको सिफारिसमा नियामक निकायले लाइसेन्स मात्र वितरण गर्छन् । यसकारण नेपालमा नेप्सेको अधिकार खोस्न थालेको भन्दै सेबोनको आलोचना हुँदै आएको छ । 'आफ्नो क्षमता कति ? कति ब्रोकरलाई लाइसेन्स दिँदा सिस्टमले थेग्छलगायत जानकारी नेप्सेलाई थाहा हुने हो बोर्डलाई हुँदैन,' स्रोतले भन्यो, 'नेपालमा सबै अधिकार आफैंले लिएर सेबोनले के गर्न थालेको हो बुझिएन ।'

एक्सचेन्ज कम्पनीले छानेका ब्रोकरले त्यही एक्सचेन्ज कम्पनी मातहतमा मात्र कारोबार गर्न पाउँछन् । नेपालमा एउटा मात्र एक्सचेन्ज कम्पनी छ । भविष्यमा अरू एक्सचेन्ज कम्पनी स्थापना भए हालका ब्रोकरले ती कम्पनीमा कारोबार गर्न पाउँदैनन् । उनीहरूले ती एक्सचेन्जबाट पनि छुट्टै अनुमति लिनुपर्छ । यसकारण पनि आफूले कारोबार गराउने कम्पनी छान्ने जिम्मा विगतमा स्टक एक्सचेन्जलाई नै दिइएको जानकारहरू बताउँछन् । आफूले अनुमति दिएको संस्थाले ब्रोकर छान्ने, अनुमतिपत्रका लागि सिफारिस गर्ने र सोहीबमोजिम नियामक निकायले लाइसेन्स बाँड्ने व्यवस्था उपयुक्त नभएकाले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ परिमार्जन गरिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाको भनाइ छ । आफूले लाइसेन्स दिने कम्पनी छान्ने अधिकार पनि बोर्डसँगै हुनुपर्ने

### ब्रोकरको चुक्ता पुँजी बढ्यो, प्रदेशमा ३ करोडदेखि २५ करोडसम्म र संघमा १० करोडदेखि १ अर्ब रुपैयाँसम्म

उनको दाबी छ । ऐनविपरीत हाल नेप्सेले ब्रोकर छनोट गरिरहेको उनले बताए ।

धितोपत्र नियमावली, २०६४ मा नेप्से (धितोपत्र बजार) ले बजारको आवश्यकताअनुसार ब्रोकरको संख्या यकिन गर्ने व्यवस्था छ । 'धितोपत्र बजारले उपलब्ध भौतिक सुविधा, धितोपत्र बजारको आवश्यकता तथा धितोपत्रको प्रतिस्पर्धी बजार निर्माण पक्षलाई दृष्टिगत गरी थप्नुपर्ने धितोपत्र दलाल र धितोपत्र व्यापारीको संख्या यकिन गर्ने,' नियमावलीमा भनिएको छ । हालको नेप्सेको यही अधिकार बोर्डले आफ्नो पोल्टामा लगेको हो । सेबोनले लिएको परीक्षा पास गरेपछि ब्रोकर सञ्चालन अनुमति पाउने व्यवस्था छ । यो व्यवस्थाले ब्रोकर संख्या बढाउने जानकार बताउँछन् । ब्रोकर संख्या कम गरी अनलाइन सेयर कारोबारलाई प्रभावकारी बनाउनुपर्ने बेलामा सेबोनले ब्रोकर मात्र थप्न लागेको आरोप छ । लामो समयदेखि रोकिएको बैंकको सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिने व्यवस्था पनि नियमावलीमा छ । 'बैंकका सहायक कम्पनीका सीईओले पनि परीक्षा दिएर पास हुनुपर्नेछ,' स्रोतले भन्यो ।

नयाँ नियमावलीमा स्टक ब्रोकरको चुक्ता पुँजी वृद्धि गरिएको छ, जसमा प्रदेश र संघमा कार्यक्षेत्र रहेर काम गर्ने ब्रोकरका लागि फरकफरक चुक्ता पुँजीको व्यवस्था गरिएको छ, जसअनुसार प्रदेशस्तरमा ३ करोडदेखि २५ करोड रुपैयाँसम्म र संघमा १० करोडदेखि १ अर्ब रुपैयाँसम्म चुक्ता पुँजी तोकिएको छ । नियमावलीका अनुसार धितोपत्र दलालको मात्र काम (सेयर किनबेच मात्र) गर्न प्रदेशमा न्यूनतम ३ करोड र संघमा न्यूनतम १० करोड रुपैयाँ चुक्ता पुँजी हुनुपर्नेछ ।

यस्तै, धितोपत्र दलाल र निक्षेप सदस्यको काम गर्न प्रदेशमा १० करोड र संघमा १५ करोड रुपैयाँ तोकिएको छ । धितोपत्र दलाल, निक्षेप सदस्य र मार्जिन कारोबारको काम गर्न प्रदेशमा १५ करोड र संघमा ३० करोड रुपैयाँ चुक्ता पुँजी हुनुपर्नेछ । यस्तै, धितोपत्र दलाल, निक्षेप सदस्य, मार्जिन कारोबार र योग्य संस्थागत लगानीकर्ताका रूपमा सेवा दिने ब्रोकरलाई प्रदेशमा २५ करोड रुपैयाँ र संघमा ७५ करोड रुपैयाँ चुक्ता पुँजी तोकिएको छ । संघमा कार्यरत ब्रोकरले माथिका सबै सेवासँगै र धितोपत्र व्यापारी सेवा (स्टक डिलरको) पनि काम गर्ने भए न्यूनतम १ अर्ब चुक्ता पुँजीको व्यवस्था गरिएको स्रोतले जनाएको छ । हाल ब्रोकरको चुक्ता पुँजी न्यूनतम २ करोड रुपैयाँ तोकिएको छ । नयाँ व्यवस्थाअनुसार ब्रोकर लाइसेन्सका लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) आफैंले परीक्षा दिनुपर्नेछ । परीक्षामा एक सय अंकको वस्तुगत (अब्जेक्टिभ) प्रश्न सोधिनेछ । त्यसमा पास हुन कम्तीमा ७० अंक ल्याउनुपर्नेछ ।

यसअघि स्टक एक्सचेन्जले ब्रोकरलाई शाखा विस्तारका लागि अनुमति दिने व्यवस्था थियो । बोर्डलाई जानकारी दिए मात्र पुग्थ्यो । यही व्यवस्थाअनुसार विभिन्न जिल्लामा गरी ब्रोकरका ४२ शाखा स्थापना भइसकेका छन् ।

# 'मौद्रिक नीति मैले रोकेको छैन'



काठमाडौं (कास)- मौद्रिक नीति जारी गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंकलाई कुनै किसिमको हस्तक्षेप नगरेको अर्थमन्त्री जनार्दन शर्माले प्रस्ट् याएका छन् । राष्ट्र बैंक स्वायत्त निकाय भएकाले आफूले त्यसको दायरा मिच्ने काम नगरेको उनले बताए । मौद्रिक नीति सार्वजनिक गर्न शर्माले रोकेको समाचार आइरहेका बेला उनको यस्तो भनाइ सार्वजनिक भएको हो ।

'बजारमा ब्याजदर बढेर नागरिक वित्तीय सेवाबाट वञ्चित हुन नपरोस् भनेर मैले गभर्नरलाई भनेको हुँ,' बुधबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का पदाधिकारीसँगको भेटमा मन्त्री शर्माले भने, 'स्वायत्त संस्था भएकाले कति बेला मौद्रिक नीति ल्याउने भन्ने निर्णय राष्ट्र बैंक आफैंले गर्ने हो ।' कोभिडको वातावरण पहिलेभन्दा फरक नभएकाले अझ सहज कसरी बनाउने भनेर आफूले निर्देश गरेको अर्थमन्त्री शर्माले बताए ।


## प्रेस विज्ञप्ति

मानव बेचबिखनविरुद्धको विश्व दिवस (जुलाई ३०) लाई मध्यनजर गर्दै बागमती प्रदेशका सामाजिक विकास मन्त्री माननीय सरस्वती बस्नेतको प्रमुख अतिथिमा अनलाइनमार्फत् शान्ति फाउन्डेसनले बिहीबार एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । '**प्रभावितको आवाजले नेतृत्व गर्दछ**' भन्ने नाराका साथ उक्त कार्यक्रम सम्पन्न गरिएको हो ।

**शान्ति फाउन्डेसन**ले बिहीबार मानव बेचबिखन प्रभावित तथा एच.आइ.भी. संक्रमित व्यक्तिहरूले समाजमा भोग्नु परेका लाञ्छना तथा भेदभावलाई न्यूनीकरण गर्नुका साथै मानव बेचबिखन प्रभावितहरूको सहभागीतालाई सुनिश्चित गर्दै उहाँहरूलाई नेतृत्वदायी भूमिकामा ल्याउनु पर्ने विषयलाई उठान गरी सरकार तथा सम्पूर्ण सम्बन्धित निकायहरूको ध्यानाकर्षण गरेको थियो ।

शान्ति फाउन्डेसनकी संस्थापक विकास अधिकृत क्रान्ति तामाङले मानव बेचबिखन तथा यौन तथा लैंगिक हिंसा प्रभावित र आप्रवासी कामदारहरूको बारेमा तयार पारिएको अनुसन्धान प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा मानव बेचबिखनमा परेका तथा एचआईभी सङ्क्रमित भएका व्यक्तिहरूले आफूले भोग्नु परेको दुर्व्यवहार र पीडा पनि पोखेका थिए । उक्त कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास महाशाखा, विभिन्न स्थानीय सरकार, दातृ निकाय, अन्तर्राष्ट्रिय व्यक्तित्व तथा अन्य विशिष्ट व्यक्तित्वहरूले सहभागिता जनाएका थिए ।

**आयोजक:**
**शान्ति फाउन्डेसन**
कुमारीगाल-६, बौद्ध, काठमाडौं, नेपाल, फोन: ०१५१०७५४८



## नेपाल बैदेशिक रोजगार व्यवसायी संघको प्रेस बिज्ञप्ती

**बिगतको समयमा नेपाल सरकारबाट इजाजतपत्रवाला संस्थाहरुले इजरायल मुलुकमा कामदार पठाउने गरेकोमा व्यवसायीले बढि शुल्क लिएको भनि सरकारले इजरायलमा कामदार पठाउन रोक लगाएकोमा हाल आएर नेपाल सरकारले आफै कामदार पठाउने भनि कामदारको माग भएको भनि प्रकाशित सुचनाका सम्वन्धमा संघको गम्भिर ध्यानाकर्षण भएको छ । व्यवसायीहरुले आफ्नो निजि लगानीमा बजार प्रवर्द्धन गरि ल्याइएका मागपत्रमा कामदार पठाउदा शुन्य लागतमा कामदार पठाउनु पर्ने नियम लगाउने सरकारले सरकारी श्रोत साधान प्रयोग गरि सरकारबाट तलब भत्ता खाने कर्मचारिहरु परिचालन गरि कामदार पठाउदा रु १ लाख ६५ हजार रुपैया लिने निर्णय गलत र भेदभाव पूर्ण रहेकाले कामदार संग कुनै शुल्क नलिई बैदेशिक रोजगार व्यवसायीहरुले जस्तै शुन्य लगतमा कामदार पठाउन सरकार समक्ष माग गरिन्छ ।**

**बिदेश काम गर्न जाने कामदारहरुलाई चाहिने हवाई टिकट अत्यन्त भहंगो भएकाले रोजगारदाताले हवाई टिकट पठाउन मानेका छैनन् भने रोजगारदाताले हवाई टिकट नपठाउदा गरिब नेपाली युवायुवतीहरु काम गर्न विदेश जानबाट बन्चित भएका छन । हवाई टिकट महंगो हुनुमा एयरलाइन्स कम्पनी एवम् ट्राभल एजेन्सीहरुको मिलेमतोमा अनुचित लाभ लिने उद्देश्यले रु २० हजारमा पाउदै आएको जेट एयरको टिकट हाल १ लाख २० हजार सम्म पर्ने गरेको सबैमा जानकारी गराउदछौ । तसर्थ बिदेश जाने कामदारलाई सहज र सस्तो हवाई टिकटमा जान पाउने व्यवस्था गर्नका लागी सम्बन्धीत निकायहरुमा नेपाल बैदेशिक रोजगार व्यवसायी संघ यसै बिज्ञप्ती मार्फत जोडदार माग गरिन्छ ।**

नोटः नेपाल बैदेशिक रोजगार व्यवसायी संघले बेरोजार युवायुवतीलाई सहज तथा सुलभ हिसावले बैदेशिक रोजगारमा पठाउनका निमित्त उठान गरिएका मागलाई नजरअन्दाज गरिएमा संघको नेतृत्वमा चरणवद्ध रुपमा विरोध गरिने समेत सम्बन्धीत नियकायलाई जानकारी गराउदछौ ।

**कमल तामाङ**
कार्यवाहक अध्यक्ष
नेपाल बैदेशिक रोजगार व्यवसायी संघ
बत्तिसपुतली, गौशाला, काठमाण्डौं



## हार्दिक बधाई तथा शुभकामना



बिगत लामो समय देखि शिक्षा र स्वास्थ्य क्षेत्रमा निरन्तर योगदान पुर्याउँदै आउनुभएका सफल ब्यवस्थापक तथा समाजसेवी माननीय

**श्री उमेश श्रेष्ठ** ज्यू


नेपाल सरकारको

**स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री**

जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

AITM College
Khumaltar Height, Satdobato, Lalitpur

# महबुबले संन्यास लिने


फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

भेट्रान क्रिकेटर महबुब आलमले अन्ततः आफ्नो खेलाडी जीवन टुंग्याउने भएका छन् । चार वर्षभन्दा बढी समययता अन्तर्राष्ट्रिय क्रिकेटमा नदेखिएका ३९ वर्षे महबुब घरेलु क्रिकेटमै सीमित हुँदै आएका छन् । फ्रेन्चाइज क्रिकेटमा पनि उनी पछिल्लो समय खासै देखिएका छैनन् ।

सन् २००० मा यूएईमा सम्पन्न एसीसी ट्रफीबाट राष्ट्रिय टोलीमा 'डेब्यु' गरेका महबुबले २०१७ मा कीर्तिपुर मैदानमा केन्याविरुद्धको विश्व क्रिकेट लिग च्याम्पियनसिप खेलेयता नेपालको प्रतिनिधित्व गरेका छैनन् । नेपाली राष्ट्रिय टोलीबाट एकदिवसीय क्रिकेटमा १ सय विकेट लिने पहिलो बलर महबुबले ४ प्रथम श्रेणी र ७ ट्वान्टी-२० खेलेका छन् । महबुबले २००८ मा जर्सीमा मोजाम्बिकविरुद्धको विश्व क्रिकेट लिग डिभिजन ५ को खेलमा सबै १० विकेट लिएर विश्व कीर्तिमान बनाएका थिए ।

पुसमा प्रधानमन्त्री कप खेलेयता उनी घरेलु क्रिकेटमा पनि देखिएका छैनन् । खेलाडी जीवनबाट आफूले संन्यास लिन चाहेको भनी महबुबले प्रदेश २ क्रिकेट संघमा जानकारी गराएको प्रदेश २ का अध्यक्ष एवं नेपाल क्रिकेट संघ (क्यान) का कोषाध्यक्ष रोशन सिंहले बताए । महोत्तरीको बर्दिबासमा बुधबार बसेको प्रदेश २ को बैठकले महबुबको संन्यास कार्यक्रमलाई विशेष बनाउन क्यानसँग छलफल गर्ने निर्णय गरेको छ । छलफलपछि संन्यास लिने मिति तय गरिने जनाइएको छ ।

'विश्व कीर्तिमानी बलर महबुब आलमले निकट भविष्यमा संन्यास लिने जानकारी गराएअनुसार उनको बिदाइमा कुनै कसरमा कमी हुन नदिन प्रदेश क्रिकेट संघले प्रभावकारी भूमिका निर्वाह गर्नेछ,' प्रदेश २ क्रिकेट संघका सचिव एवं पूर्वखेलाडी आयुश श्रेष्ठले भने । तत्कालीन अवस्थाको क्षेत्र १ (पूर्वाञ्चल) ले वीरेन्द्र स्मृति राष्ट्रिय क्रिकेट प्रतियोगिताको पहिलो चार संस्करण जित्दा महबुब टोलीका प्रमुख खेलाडी थिए ।

प्रदेश २ को बैठकले नेपाली राष्ट्रिय टोलीकी महिला क्रिकेट खेलाडी शोभा आलेलाई कार्यालय सचिवमा राख्ने निर्णय गरेको छ । त्यस्तै गत वर्ष निधन भएका 'युवा क्रिकेटर कुन्दन सिंह बचाउ अभियान'अन्तर्गत बचत भएको रकम एकमुष्ठ गरी उनको नाममा अक्षयकोष खोल्ने र कोषबाट प्रदेश २ का खेलाडीको स्वास्थ्योपचारमा खर्च गरिने जनाइएको छ ।

टोकियो ओलम्पिक

# कीर्तिमानको आसमा सरस्वती

सरस्वती चौधरीले टोकियो ओलम्पिक रंगशालाको ट्र्याकमा महिला १०० मिटर दौडमा शुक्रबार प्रतिस्पर्धा गर्दैछिन् । उनको लक्ष्य व्यक्तिगत उत्कृष्ट प्रदर्शन गर्ने रहेको छ ।

**राजु घिसिङ** (टोकियो)

टोकियो ओलम्पिक २०२० मा सहभागी नेपालका पाँचौं खेलाडी सरस्वती चौधरीले महिला १०० मिटर दौडमा शुक्रबार प्रतिस्पर्धा गर्दैछिन् । उनको दौड नेपाली समयअनुसार बिहान ५:५२ बजे (जापानमा ९:०७) मा सुरु हुनेछ ।

उनले ओलम्पिक रंगशालाको ट्र्याकमा 'हिट्स' को पनि प्रारम्भिक चरणमै प्रतिस्पर्धा गर्नेछिन् । उनीसँगै प्रारम्भिक चरणको 'हिट्स २' मा ९ देशका खेलाडी दौडनेछन् । त्यसमा नेपालसहित साउदी अरेबिया, इरान, कुवेत, ग्वाम, चाइनिज ताइपेई, मोनाको, मलेसिया र लाओसका खेलाडी छन् । उनले १३ औं दक्षिण एसियाली खेलकुद (साग) २०१९ मा १२.५५ सेकेन्डसाथ करिअरकै उत्कृष्ट समय निकालेकी थिइन् । उनले व्यक्तिगत उत्कृष्ट प्रदर्शनको आधारमा 'लेन २' मा दौडनेछिन् । यो समूहमा उनीभन्दा पछाडि रहेकी साउदीकी यास्मिन अलदाबाग (१३.२४ सेकेन्ड) ले लेन १ बाट दौड सुरु गर्नेछिन् । अरू ६ खेलाडीको व्यक्तिगत उत्कृष्ट समय सरस्वतीको भन्दा राम्रो छ ।

'ओलम्पिकमा सहभागी हुने सपना पूरा गर्ने अवसर यसैपालि पाएकी छु,' २४ वर्षीया सरस्वतीले भनिन्, 'यो अवसरमा आफ्नो व्यक्तिगत उत्कृष्ट प्रदर्शन गर्न चाहन्छु । राष्ट्रिय कीर्तिमान बनाउने लक्ष्य राखेकी छु ।' उनलाई देवीमाया पनेरुले आठौं साफ खेलकुद १९९९ (काठमाडौं)






मा बनाएकी १२.२० सेकेन्डको राष्ट्रिय कीर्तिमान भंग गर्न भने सजिलो छैन । उनी करिअरकै उत्कृष्ट समय (१२.५५ सेकेन्ड) निकालेर पनि नेपालले आयोजना गरेको १३ औं सागमा पाँचौं भएकी थिइन् । उनले विश्व एथलेटिक्स च्याम्पियनसिप २०१९ (दोहा) को हिट्समा १ सय मिटर पूरा गर्न १२.७२ सेकेन्ड लगाएकी थिइन् ।

गत वर्ष मंसिरमा सम्पन्न नेपालगन्ज म्याराथन विजेता गोपीचन्द्र पार्कीले ओलम्पिकमा दौडने त्यतिबेलै घोषणा गरिए पनि अन्तिम समयमा नसोचिएको रूपमा उनी टोकियो यात्राबाट वञ्चित भएपछि सरस्वतीले ओलम्पियन बन्ने अवसर पाएकी हुन् । नेपाल ओलम्पिक कमिटी र नेपाल एथलेटिक्स संघले विश्वव्यापी सहभागिताको कोटामा गोपीचन्द्रको स्थानमा सरस्वतीले ओलम्पिकमा दौडन पाउने भनी खबर गर्दा उनी बर्दियास्थित गेरुवा घर पुगेकी थिइन् । त्यसपछि राजधानी फर्केर तयारी थालिन् । जापान यात्राको तयारीमा प्रशिक्षक इन्द्रकुमारी मल्ललाई कोभिड-१९ संक्रमण भयो । त्यसैले गोपीचन्द्रकै प्रशिक्षक रहेका सन्तोष श्रेष्ठ फेरि सरस्वतीको प्रशिक्षकको रूपमा टोकियो आइपुगेका छन् ।

प्रारम्भिक चरणको तीन हिट्समा २७ खेलाडी छन् । प्रत्येक हिट्सका शीर्ष तीन खेलाडीले पहिलो चरणको हिट्समा स्थान सुरक्षित गर्नेछन् । चौथो स्थानमा रहनेमध्ये उत्कृष्ट समयको आधारमा अर्की एक धाविकाले पनि पहिलो चरणमा अवसर पाउनेछन् । पहिलो चरणको प्रतिस्पर्धा पनि शुक्रबारै हुनेछ । सेमिफाइनल र स्वर्ण पदकको प्रतिस्पर्धा शनिबार हुनेछ । यो ओलम्पिकमा सहभागी नेपालमा पाँच खेलाडीमध्ये प्रतिस्पर्धा गर्न लागेकी सरस्वती नै अन्तिम हुन् ।


धाविका सरस्वती चौधरी । फाइल तस्बिर : केशव थापा

| देश | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|
| चीन | १५ | ७ | ९ | ३१ |
| जापान | १५ | ४ | ६ | २५ |
| अमेरिका | १४ | १४ | १० | ३८ |
| आरओसी | ८ | ११ | ९ | २८ |
| अस्ट्रेलिया | ८ | २ | १० | २२ |
| बेलायत | ५ | ७ | ६ | १८ |
| दक्षिण कोरिया | ४ | ३ | ५ | १२ |
| फ्रान्स | ३ | ५ | ३ | ११ |
| जर्मनी | ३ | ३ | ७ | १३ |
| इटाली | २ | ७ | १० | १९ |
| नेदरल्यान्डस् | २ | ७ | ४ | १३ |
| क्यानडा | २ | ३ | ५ | १० |
| हंगेरी | २ | १ | २ | ५ |
| स्लोभेनिया | २ | १ | १ | ४ |
| क्रोएसिया | २ | ० | १ | ३ |
| कोसोभो | २ | ० | ० | २ |
| ब्राजिल | १ | ३ | ३ | ७ |
| स्विट्जरल्यान्ड | १ | ३ | २ | ६ |
| रोमानिया | १ | ३ | ० | ४ |
| चाइनिज ताइपेई | १ | २ | ३ | ६ |
| चेक गणतन्त्र | १ | २ | १ | ४ |
| न्युजिल्यान्ड | १ | २ | १ | ४ |
| जर्जिया | १ | २ | ० | ३ |
| सर्बिया | १ | १ | २ | ४ |
| अस्ट्रिया | १ | १ | १ | ३ |
| हङकङ | १ | १ | ० | २ |
| ट्युनिसिया | १ | १ | ० | २ |
| स्टोनिया | १ | ० | १ | २ |
| आयरल्यान्ड | १ | ० | १ | २ |
| उज्बेकिस्तान | १ | ० | १ | २ |
| बर्मुडा | १ | ० | ० | १ |
| इक्वेडर | १ | ० | ० | १ |
| इरान | १ | ० | ० | १ |
| फिजी | १ | ० | ० | १ |
| नर्वे | १ | ० | ० | १ |
| लात्भिया | १ | ० | ० | १ |
| फिलिपिन्स | १ | ० | ० | १ |
| स्लोभाकिया | १ | ० | ० | १ |
| थाइल्यान्ड | १ | ० | ० | १ |
| स्पेन | ० | २ | १ | ३ |
| दक्षिण अफ्रिका | ० | २ | ० | २ |
| इन्डोनेसिया | ० | १ | २ | ३ |
| मंगोलिया | ० | १ | २ | ३ |
| बेल्जियम | ० | १ | १ | २ |
| डेनमार्क | ० | १ | १ | २ |
| बुल्गेरिया | ० | १ | ० | १ |
| कोलम्बिया | ० | १ | ० | १ |
| भारत | ० | १ | ० | १ |
| जोर्डन | ० | १ | ० | १ |
| उत्तरी म्यासेडोनिया | ० | १ | ० | १ |
| पोल्यान्ड | ० | १ | ० | १ |
| तुर्कमेनिस्तान | ० | १ | ० | १ |
| भेनेजुएला | ० | १ | ० | १ |
| युक्रेन | ० | ० | ४ | ४ |
| काजिकास्तान | ० | ० | ३ | ३ |
| इजिप्ट | ० | ० | २ | २ |
| मेक्सिको | ० | ० | २ | २ |
| टर्की | ० | ० | २ | २ |
| अर्जेन्टिना | ० | ० | १ | १ |
| क्युवा | ० | ० | १ | १ |
| आइभरिकोस्ट | ० | ० | १ | १ |
| फिनल्यान्ड | ० | ० | १ | १ |
| इजरायल | ० | ० | १ | १ |
| कुवेत | ० | ० | १ | १ |
| पोर्चुगल | ० | ० | १ | १ |
| सान मारिनो | ० | ० | १ | १ |

# एन्टेटोकुम्पोले मच्चाए तहल्का

अमेरिका र बास्केटबल मन पराउने देशमा अहिले कुनै एक उपलब्धि र कुनै एक खेलाडीको चर्चा छ भने त्यो बिलवाकी बक्सले जितेको एनबीए फाइनल र यसका खेलाडी जियानिस एन्टेटोकुम्पोको मात्र छ । एन्टेटोकुम्पोको कथाले त त्यो सबै भौगोलिक सीमा तोडेर चारैतर्फ चर्चा बटुलेको छ । उनको उपलब्धि जो-कोहीका लागि आफ्नो सपना पूरा गर्न लगातार प्रयत्नशील रहन प्रेरित गर्छ । वास्तवमै अद्वितीय छ, उनको कथा र उपलब्धि ।


एनबीए च्याम्पियन स्टार जियानिस एन्टेटोकुम्पो । तस्बिर : एपी

**द मार्का** (म्याड्रिड)

जियानिस एन्टेटोकुम्पो अब एनबीए च्याम्पियन भए । उनले जसरी यहाँसम्मको यात्रा तय गरे, त्यसलाई विश्व बास्केटबल इतिहासकै सबैभन्दा अद्वितीय र दुर्लभमध्ये मान्न सकिन्छ । सन् १९९४ मा उनको जन्म ग्रिसमा भएको थियो, आप्रवासी नाइजेरियाली आमाबुबाबाट । आफ्नो परिवारलाई पाल्न उनले सानोमा सडकमा सस्ता नक्कली गहना बेच्ने काम गर्थे । अहिले भने उनले एनबीए फाइनलको मोस्ट भ्यालुएबल प्लेयर ट्रफी जितेका छन् । यतिमात्र कहाँ हो र ?

उनी बब पेटीपछि ६० वर्षको अन्तरमा एनबीए फाइनलमा ५० अंक बटुल्ने पहिलो खेलाडी भएका छन् । एक साताअघि एन्टेटोकुम्पोको अलराउन्ड प्रदर्शन मदतमा मिलवाकी बक्सले सन् १९७१ यता पहिलोपल्ट एनबीए उपाधि जितेको थियो । बक्सले फिनिक्स सन्सलाई हराएर यो उपाधि जितेको हो । खेलमा बक्सले १०५-९८ स्कोरको जित निकाल्यो । टोली सात खेलको शृंखलामा ४-२ को निर्णायक अग्रता लिन सफल रह्यो ।

एन्टेटोकुम्पो फाइनलको एकै खेलमा ५० अंक बटुल्ने इतिहासकै सातौं खेलाडी बने । मिलवाकीले यसैक्रममा ५० वर्षसम्म उपाधिविहीन रहेको यात्रा टुंग्याएको छ । एन्टेटोकुम्पोले पछिल्लो समय ग्रिसमा आफू र आफ्नो परिवारले सामना गरेको दुःख र संघर्षबारे खुलेर कुरा गरेका छन् । ग्रिसको नागरिकता प्राप्त गर्न उनको परिवारले निकै लामो समय मिहिनेत गर्नुपरेको थियो । यो वास्तवमै निकै झन्झटिलो कानुनी प्रक्रिया थियो ।

उनले अहिलेसम्म भुल्न सकेका छैनन्, आफू र आफ्ना तीन दाजुभाइले कसरी सडकमा ती नक्कली गहना बेच्न मिहिनेत गर्नुपर्थ्यो । उनी एथेन्स नजिकको सेपोलियामा हुर्केबढे । उनका आमाबुबा आप्रवासी भएको हुनाले वैध रूपमा काम गर्न सक्दैन थिए । त्यसैले उनले सानोमा सस्ता नक्कली गहनामात्र बेचेनन्, उस्तै नक्कली सस्ता घडी, ह्यान्डब्याग र चश्मा पनि बेचे । खासमा उनको ग्रिक नाम जो-कोहीले ठीकसँग उच्चारण गर्नसमेत सक्दैनन् ।

त्यसैले उनलाई उपनाम दिइएको छ, 'ग्रिक फ्रिक' । सन् २००७ देखि उनले बास्केटबल खेल्न सुरु गरेका थिए । सुरुआती दिनदेखि नै उनको प्रदर्शन गज्जब हुने गर्थ्यो । त्यसैले उनी स्काउटहरूको नजरमा परिहाले । उनको प्रतिभा सबैभन्दा पहिले चिन्ने व्यक्ति थिए, रियल जारागोजाका स्पोर्टिङ डाइरेक्टर विली भिलार । सन् २०१२ सम्म पुग्दा एन्टेटोकुम्पोले स्पेनी क्लबसँग चारवर्षे अनुबन्ध गरे । यसपछि उनको खेलजीवनले निरन्तर उडान भऱ्यो ।

यसैक्रममा उनले आफ्नो खेलमा नाटकीय सुधार गरे । सन् २०१३ अगाडि नै एनबीए ड्राफ्टमा परे । उनलाई मिलवाकीले किनेको थियो । सुरुमा त क्लबले जारागोजामै उनलाई ऋणमा फर्काउन विचार गरेको थियो । तर उनले विचार फेर्न समय लगाएनन् । अनि त एन्टेटोकुम्पो बने १८ वर्षकै उमेरमा एनबीएका सबैभन्दा युवा खेलाडी । खासमा मिलवाकीले आफ्ना युवा खेलाडीमाथि गरेको विश्वासले चाँडै रंग पनि देखायो ।

उनको पहिलो सिजन नै उत्तिकै दमदार रह्यो । उनले आफ्नो खेलमा अझ बढी सुधार ल्याए । एनबीएमा बिताएको आठ वर्षपछि उनले अन्ततः एनबीए फाइनल पनि जिते । भन्न कर लाग्छ, एन्टेटोकुम्पोले यहाँसम्म पुग्न तय गरेको यात्रा पक्कै सजिलो थिएन । विश्वास नहुन सक्छ, उनले सन् २०१३ मा मात्र ग्रिसको नागरिकता प्राप्त गरेका थिए, अमेरिका जानु ठीकअगाडि । यसअघि उनले राष्ट्रविहीन नागरिकका रूपमा आफ्नो जीवन गुजारेका थिए ।

उनलाई ग्रिसको नागरिकता दिने क्रममा पनि त्यहाँका उग्रवादी-दक्षिणपन्थी राजनीतिक पार्टीहरूले चर्को विरोध गरेका थिए । यस्तै पार्टीका एक नेता निकोलस मिचालिकोसले भनेका थिए, 'कोही एक चिम्पान्जीलाई केरा र झन्डा दिएर चिडियाखानामा हालिन्छ भने के ऊ पनि ग्रिक हुन्छ त ?' उनले जति समय ग्रिसमा बिताएका छन्, त्यसको प्रत्येक पल-पलमा रंगभेदी व्यवहार सामना गर्नुपरेको छ । यो उनका लागि दिनचर्याजस्तै थियो ।

एन्टेटोकुम्पोले एनबीए फाइनल जितेपछि भने भनेका छन्, 'मैले दुवै देशलाई प्रतिनिधित्व गर्छु, नाइजेरिया र ग्रिस । दुवै देशमा म जस्ता धेरै युवा छन् । पूरा अफ्रिका र युरोपका लागि नायक भएको छु । कसैले पनि सपना देख्न छाड्नुहुन्न । खाली आफ्नो प्रतिभाप्रति विश्वास गर्नुपर्छ, यसका लागि कडा मिहिनेत गरिरहनुपर्छ । आफूबारे कसले के भन्दा त्यसमा चासो लिनु आवश्यक छैन । आफूले के गर्न सकिन्छ, त्यसको मात्र अर्थ हुन्छ ।'

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, सम्पादक : उमेश चौहान, प्रधान सम्पादक : सुधीर शर्मा

# आपूर्तिको काठमा पहुँचवालाको वर्चस्व

## जिल्ला वन पैदावार आपूर्ति समितिले दिने सहुलियत काठबारे अधिकांश सर्वसाधारण बेखबर

**पर्वत पोर्तेल** (काँकडभिट्टा)

गत वर्ष घर निर्माणका लागि काठ उपलब्ध गराउन माग गर्दै झापा बुद्धशान्ति-३ की सावित्रा गौतमले डिभिजन वन कार्यालय झापामा निवेदन पेस गरिन् । निवेदनका आधारमा जिल्ला वन पैदावार आपूर्ति समितिले उनलाई ५५ दशमलव ६३ क्युफिट सखुवा जातको काठ उपलब्ध गराउन बुद्धशान्तिकै एक सामुदायिक वनलाई सिफारिस गऱ्यो । उनले काठ लगेर घरमा प्रयोग गरिन् ।

समितिबाट सहुलियतमा काठ बिक्री गर्ने गरिएको छ । तर अधिकांश सर्वसाधारण आपूर्तिको काठबारे बेखबर छन् । पहुँचवाला मान्छेहरू यस्तो काठ लिनेको सूचीमा अग्रपंक्तिमा छन् । 'कतिपयलाई जानकारी पनि नहुन सक्छ', डिभिजन वन कार्यालयका सूचना अधिकारी ओमनाथ भट्टराई भन्छन्, 'तर कतिपय त आपूर्तिको काठ पाइन्छ भन्ने थाहा पाउँदा पाउँदै पनि चासो दिँदैनन् ।'

प्रमुख वन अधिकृत (डीएफओ) को अध्यक्षताको जिल्ला वन पैदावार आपूर्ति समितिले प्रक्रिया पुऱ्याएर आएका निवेदनलाई सिफारिस गर्ने गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी, कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख तथा वन पैदावार व्यवसायी संघका अध्यक्ष समितिको सदस्य रहने प्रावधान छ । कार्यालयका सूचना अधिकारी सदस्य सचिव हुन्छन् ।

सूचना अधिकारी भट्टराईका अनुसार सिंगो समितिको निर्णयबाट मात्रै काठ उपलब्ध गराइने भएकाले वितरण अपारदर्शी नहुने दाबी गर्छन् । 'समितिले पहुँच भएका र नभएका मान्छे चिन्दैन,' उनले थपे, 'आवश्यकता महसुस गरेर निर्णय गर्छ र काठका लागि सिफारिस गरिदिन्छ ।'

कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४ सय १० जनाले काठका लागि निवेदन दिएका थिए । जसमध्ये २ सय २९ जनालाई मात्रै उपलब्ध गराइएको थियो । दैवीप्रकोप पीडितका १८ निवेदन परेकामा सबैलाई काठ उपलब्ध गराइएको थियो । घरकाज र दैवीप्रकोप पीडितसहित २० हजार २ सय ७० क्युफिट काठ जिल्लाका ३१ सामुदायिक वनमार्फत वितरण गरियो । जिल्लाका ५९ सामुदायिक वनका काठ आपूर्ति शीर्षकमा प्रक्रिया पुऱ्याएर वितरण गरिन्छ । कार्यालयका अनुसार आपूर्तिको काठ पाउनका लागि निश्चित प्रक्रिया पूरा गर्नुपर्ने प्रावधान छ ।

काठ माग गर्दा कुनै पनि सामुदायिक वनको उपभोक्ता नभएको सनाखतसहित निवेदन, २ वर्षभित्र नक्सा पास गरेको प्रमाणको प्रतिलिपिलगायत कागजात पेस गरेपछि वन पैदावार आपूर्ति समितिले सम्बन्धित क्षेत्रका वनका रेन्जरलाई अनुगमनमा पठाउँछ । रेन्जरले अनुगमन गरी प्रतिवेदन बुझाएपछि समितिले काठ दिने/नदिने निर्णय गर्छ । प्रक्रिया अलि झन्झटिलो भएकाले सर्वसाधारणले हत्तपत्त प्रक्रियामा जाने आँट गरिहाल्दैन ।

समितिले बढीमा सय क्युफिटसम्म सखुवा जातको काठ उपलब्ध गराउन सक्ने प्रावधान छ । 'तर वनहरूमा काठ अभाव र सबै मागकर्तालाई पुग्ने गरी बढीमा ७० क्युफिटसम्म मात्रै काठ सिफारिस गर्छौं', सूचना अधिकारी भट्टराईले भने । जसबापत वन कार्यालयलाई मूल्य अभिवृद्धि कर (भ्याट) र सिफारिस दस्तुरसहित ४ सय रुपैयाँ तिर्नुपर्छ । कार्यालयले भ्याट आम्दानीबापत १७ लाख १३ हजार २ सय ३५ रुपैयाँ र सिफारिस दस्तुरबापत ३० लाख १० हजार राजस्व संकलन गरेको छ ।

दैवीप्रकोपपीडितलाई प्रहरी प्रतिवेदनसहित जिल्ला प्रशासन कार्यालयको सिफारिसका आधारमा काठ उपलब्ध गराइन्छ । आगलागीपीडित शिवसताक्षी नगरपालिका-२ की नन्दकला राईले ३० दशमलव ९ क्युफिट काठ पाइन् । आपूर्तिको काठ बजार मूल्यभन्दा केही सस्तो पर्छ । त्यही भएर पहुँचवालाहरू यस्तो सुविधा लिन अग्रसर बन्ने गरेका छन् ।

आपूर्तिको काठ उपभोग गर्न पहुँचवालाकै वर्चस्व देखिन्छ । तर उनीहरूले पाएको काठ सदुपयोग/दुरुपयोगबारे सम्बद्ध निकायले कुनै अनुसन्धान गरेको पाइँदैन । 'हामी माग निवेदनका आधारमा काठ सिफारिस गर्छौं', प्रमुख वन अधिकृत युवराज मास्के भन्छन्, 'घर बनाउँछन् कि बिक्री गर्छन् थाहा छैन ।'

वन ऐनमा आपूर्तिको काठ वितरणका लागि प्रत्येक वर्ष नयाँ योजना बनाउनुपर्ने प्रावधान छ । आपूर्ति समितिको बैठकले निर्णय गरी योजना तयार पार्छ । योजना स्वीकृति/सिफारिसका लागि प्रदेश वन निर्देशनालय धरान पठाइन्छ । धरानको सिफारिस उद्योग, वन तथा वातावरण मन्त्रालय विराटनगर पठाइन्छ । मन्त्रालयको सिफारिस पुनः वन तथा भू-संरक्षण विभाग काठमाडौं पठाइन्छ ।

विभागबाट स्वीकृति आएपछि बल्ल आपूर्ति समितिको बैठकले निवेदन आह्वान गरी सूचना पालिकाहरूमा पठाउँछ । पत्रिकामा प्रकाशित गरिन्छ । कार्यालयको वेबसाइटमा राखिन्छ । 'यति गर्दा पनि सर्वसाधारणले चासै दिँदैनन्', सूचना अधिकारी भट्टराईले भने ।



तस्करीबाट बरामद गरी डिभिजन वन कार्यालय झापामा राखिएका काठ । *तस्बिर : कान्तिपुर*

# झापाका १० पालिका 'सिल'

**कान्तिपुर संवाददाता** (काँकडभिट्टा)

कनकाई नगरपालिकाले साउन ८ बाट सिल गर्ने निर्णय गरेको थियो । दमक नगरपालिकाले साउन ११ बाट सिल गर्ने निर्णय गऱ्यो । कोरोना संक्रमणको बढ्दो जोखिमका कारण झापाका १० पालिकाले आन्तरिक निषेधाज्ञा जारी गर्दै सिल गरेका हुन् ।

कोरोनाको जोखिम नियन्त्रणका लागि शिवसताक्षी नगरले गत सोमबार रातिदेखि निषेधाज्ञा जारी गरेको हो । नगर प्रमुख चन्द्रकुमार सेर्माको अध्यक्षतामा बसेको बैठकले एक सातासम्म व्यापार व्यवसाय, यातायात पूर्ण रोक लगाउने निर्णय गरेको थियो ।

नगरस्तरीय कोरोना रोकथाम तथा समन्वय समितिले गरेको निर्णय सिफारिसका लागि जिल्ला प्रशासन कार्यालय झापामा पठाइने र प्रमुख जिल्ला अधिकारीको आदेशबाट निषेधाज्ञा लागू हुनेछ ।

बुद्धशान्ति, अर्जुनधारा, कनकाई, दमक, बिर्तामोड, मेचीनगर, हल्दिबारी, कमल र गौरादहले सिल गरेका हुन् । मेचीनगरकी उपप्रमुख मीना उप्रेतीले बढ्दो कोभिड संक्रमणको दरलाई मध्यनजर गर्दै पीसीआर र एन्टिजेन परीक्षणको दायरा बढाइने जनाइन् ।

अत्यावश्यक सुरक्षा सामग्री तथा औषधि खरिद प्रक्रिया अगाडि बढाउने, मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा र मातहत कार्यालयबाट प्रदान हुने अत्यावश्यकबाहेक सेवाहरू बन्द गर्ने र कार्यान्वयनका लागि नगरस्थित सबै सुरक्षा निकायलाई अनुरोध गर्ने निर्णय भएको उप्रेतीले जनाइन् । नगरपालिकाले जारी गरेको सिल उल्लंघन भएको पाइए संक्रामक रोग ऐन, २०२० बमोजिम कडा कारबाही गरिने जनाइएको छ ।

भद्रपुर, गौरीगन्ज, बाह्रदशी, झापा र कचनकवलले भने हालसम्म सिल गरेका छैनन् । यी पालिकाहरूमा कोरोनाको जोखिम अन्य पालिकाको तुलनामा कम भएको जनाइएको छ । संक्रमण बढ्दै गए पालिकाहरूले आवश्यकतानुरूप निषेधाज्ञा (सिल) लागू गर्न सक्ने जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ ।

जिल्ला कोभिड व्यवस्थापन समितिको सहमतिमै पालिका तहमा सिल गर्न थालिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले जनाए । पालिकाहरूले सिल गरे पनि यसको प्रभाव भने आंशिक मात्रै छ । खोप कार्यक्रमका कारण पनि भीडभाड बढ्दै गएको छ । जसका कारण कोरोनाको संक्रमण थप बढ्न सक्ने देखिएको छ ।

झापामा दुई सातायता कोरोना संक्रमण थप बढेको छ । दैनिक २ सय बढीमा संक्रमण पुष्टि भइरहेको छ ।


**Request for Quotations (RFQ) For Vehicle Procurement**

World Vision

**IFB No: WVIN/SCM/2021-06, Published date: July 30, 2021**

World Vision International Nepal (WVIN) is an INGO committed to working with vulnerable children, families, and communities to overcome poverty and injustice. WVIN is facilitating a procurement of **4 units of 4WD Single CAB Pickups** having spec as per attached annex-2 on behalf of its Partner NGOs. Hence, WVIN invites interested manufacturers/authorized dealers to submit electronic quotation for it. Suppliers are advised to visit the link: **https://bit.ly/3BV4fUT** to access the RFQ document. Quotation submission deadline is August 08, 2021 by 12:00 Noon. WVIN reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

**SCM Department, WVIN Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877 Email: npl_supplychain@wvi.org**



KANTIPUR PUBLICATIONS PVT. LTD. — KMG KANTIPUR MEDIA GROUP

**आवश्यकता**

यस पब्लिकेसन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- **काठमाडौं - ३० जना (पुरुष/महिला)**
- **विराटनगर - १५ जना (पुरुष/महिला)**
- **भरतपुर - १५ जना (पुरुष/महिला)**
- **पोखरा - १० जना (पुरुष/महिला)**
- **नेपालगन्ज - १० जना (पुरुष/महिला)**

आवेदन दिने अन्तिम मितिः- २०७८ श्रावण १५ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
धरानरोड, नेमुवा, मोरङ
फोन नं.: ०२१-४१८०७६, ४१८०७४
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
कारकादो, भुजईगाउँ, नेपालगन्ज
फोन नं.: ०८१-५५१०९४
E-mail: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं.: ०५६-५२८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सिर्जनाचोक, पोखरा
फोन नं.: ०६१-५२५६५६
E-mail: bishow.adhikari@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१३५०००
E-mail: sales@kmg.com.np


# समाधान भएन विद्यार्थीको माग

इलाम (कास)- महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामस्थित बीएस्सी हर्टिकल्चरका विद्यार्थीहरू आफ्नो माग सम्बोधन नभएको भन्दै चिन्तित भएका छन् ।

लोकसेवाको सुनिश्चितता र त्यसअघिको सहज पठनपाठनको माग गर्दै विद्यार्थीले चरणबद्ध आन्दोलन गरिरहेका छन् । २०६९ सालदेखि क्याम्पसमा नयाँ विषयका रूपमा बीएस्सी हर्टिकल्चर पढाइ सुरु भए पनि बागवानीबाहेकका विषयमा लोकसेवामा सहभागी हुने अवसर पाएका छैनन् । जसका कारण पहिलो ब्याजदेखिकै विद्यार्थीले समस्या भोग्नुपरेको बताउँदै आएका छन् । मापदण्ड पुगेका कृषि प्रसार, बाली संरक्षण, माटो विज्ञान र बाली विकास) मा लोकसेवाको सुनिश्चितता हुनुपर्ने मागसहित विद्यार्थीहरू आन्दोलनमा उत्रिएका हुन् ।

इलाममा कोरोना संक्रमण दर निरन्तर उकालो लागेको अवस्थामा पनि आन्दोलनमा उत्रनुको विकल्प नरहेको विद्यार्थीको भनाइ छ । गएको असारमा पनि विद्यार्थीहरूले आन्दोलन गरेका थिए । क्याम्पस प्रशासनसहित गएको टोली राजधानीसम्म पुगेर कृषि मन्त्रालय, लोकसेवा आयोगमा मागको सुनुवाइ गरिदिन आग्रह गरेका थिए । विद्यार्थीको मागप्रति बेवास्था गर्दा पुनः आन्दोनल गर्न बाध्य भएको संघर्ष समितिका संयोजक किशोर आचार्यले बताए ।

साउनको पहिलो साता हुने पाँचौं र सातौं सेमेस्टरको परीक्षामा समेत सहभागी नहुने अडान राखेपछि स्थगित गरेर भदौ १ गते पुऱ्याइएको छ । यो परीक्षा अगावै समस्या समाधान हुनुपर्ने विद्यार्थीको माग छ । कृषि र पशु विज्ञान अध्ययन संस्थानअन्तर्गत त्रिभुवन विश्वविद्यालयका ४ वटा आंगिक क्याम्पससहित देशभरका ८ वटा क्याम्पसमा कृषि पढाइ हुन्छ । यीमध्ये हर्टिकल्चर पढाइ हुने इलाम एक मात्र क्याम्पस हो ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थाद्वारा मान्यताप्राप्त यो क्याम्पस स्वायत्ततामा गएसँगै हर्टिकल्चरको पढाइ सुरु भएको हो । यस क्याम्पसमा हालसम्म २ सय २८ जनाले बागवानीमा बीएस्सी गर्दै छन् भने १ सय २० जनाले अध्ययन सकेका छन् । १ सय ८ जना अहिले अध्ययनरत छन् ।

गत सोमबारदेखि विद्यार्थीले क्याम्पस परिसरमा नै पुनः आन्दोलन थालेका थिए ।


**Call for Proposal**

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare a short movie under the Information and Support To People Without Civil Documentation Project. Infographic video should be made on the laws related to Legal Identity (Citizenship). The sealed proposal containing all the documents should be submitted preferably on or before August 9, 2021 by 5 p.m. to FWLD's office.

**TERMS OF REFERENCE**

**Scope of Work**
- Prepare a short movie of around 15 minutes
- Content and story line will be provided by FWLD
- Must be in Nepali and also with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Technical Proposal
- Proposed budget
- Working plan
- CV of key people engaged
- Prior work sample
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year

Forum for Women, Law and Development — FWLD 1995 — Working for non-discrimination and equality

**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415


# अस्पतालमा अत्यधिक भीड

**कान्तिपुर संवाददाता** (विराटनगर)



विराटनगरस्थित कोसी अस्पतालमा उपचारका लागि पालो पर्खिरहेका बिरामी र आफन्त । *तस्बिर : कान्तिपुर*

संक्रमण बढिरहेको अवस्थामा विराटनगरका विभिन्न अस्पतालमा हुने अव्यवस्थित भीडका कारण जोखिम बढेको छ । कोसी अस्पतालको बहिरंग विभागमा दैनिक हजारभन्दा बढी बिरामी उपचारका लागि पुग्ने गरेका छन् ।

आकस्मिक कक्षको भीड बेग्लै छ । अस्पताल आएका कसैले मास्क लगाएका हुन्छन् कतिपयले लगाएको देखिँदैन । पुर्जी लिने भीडमा उभिएमध्येका रोशन घिमिरेले भने 'एउटा रोगको उपचार गर्न आएका बिरामीले कोरोना लिएर फर्कने हो कि भन्ने डर छ ।'

ढाड दुख्ने समस्या भएर उपचारका लागि आएका रामकुमार विष्टले अत्यधिक भीडका कारण पुर्जा लिनमात्र तीन घण्टा लाममा बस्नुपरेको बताए । अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. चुमनलाल दासका अनुसार भीडलाई व्यवस्थित गर्ने प्रयास गर्दा पनि सम्भव भएको छैन । त्यही भएर भीडले कोरोनाको त्रास थपेको उनले बताए ।

यहाँका नोबेल र विराट अस्पतालमा दैनिक हजारभन्दा बढी बिरामीको भीड लाग्ने गरेको छ । उपचारका लागि यी अस्पताल आइपुगेका बिरामी र तिनका आफन्तलाई पनि भीडकै कारण कोरोना संक्रमणको चिन्ताले सताएको छ । पत्नीको पित्तथैलीको ढुंगा निकाल्न नोबेल आएका पथरीका उज्ज्वल राईले भने, 'अस्पतालमा भीड थेगिनसक्नु छ । यो भीडले अर्को समस्या बोकेर घर पुगिने हो कि भन्ने तनाव छ ।'

अस्पताल प्रशासन प्रमुख दीपेश राईका अनुसार अस्पतालका सुरक्षाकर्मीले व्यवस्थित गर्ने प्रयास गरे पनि अत्यधिक भीडका कारण कठिनाइ भइरहेको बताए । अस्पतालमा बढ्दो भीड स्थानीय प्रशासनलाई पनि टाउको दुखाइको विषय भएको प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले बताए । 'यहाँका सानाठूला सबै अस्पतालमा बिरामीको अत्यधिक भीड छ,' उनले भने, 'यो भीडले कोरोना संक्रमण विस्तार गर्न मद्दत गर्ला भन्ने चिन्ता छ ।'

मोरङको उत्तरी क्षेत्र उर्लाबारी, पथरी, लेटाङ र सुन्दर हरैंचामा पछिल्लो समय कोरोना संक्रमण बढिरहेको उनले बताए । संक्रमित बढ्दै गएपछि विराटनगरमा पुनः लकडाउन गर्ने विषयमा छलफल थालिएको निरौलाको भनाइ छ ।


**VACANCY ANNOUNCEMENT**

Urgently requires qualified candidates for the following posts.

- **Research Coordinator :-** PHD/MD (virology Epidemiology with 2 years minimum working experience in phase I and Phase II vaccine trials whole genome sequenceing.
- **Principal of Investigator :-** PHD/MD in Immunology or infectious disease with 2 years working experience in COVID-19 vaccine trial in phase I Phase, II & III with minimum 2 articles published in Q1 or Q2 journal.
- **Program Manager :-** Master Degree in related field with minimum 2 years working experience.
- **Communication Officer :-** well command in English writing & speaking with Bachelor/Masters degree.
- **Administrative Officer :-** Bachelor/ Masters Degree in related field.
- **Microbiologist :-** B.sc/ M.sc.
- **Staff Nurse :-** Few PCL with 1 year working experience.
- **Quality Control Executive :-** M.pharma/M.sc chemist.
- **Quality Control Assistant :-** B.pharma.
- **Personal Assistant :-** Minimum Bachelor degree with 1 year working experience.
- **Accountant :-** Bachelor Degree with 1 year experience.

Please send your CV with documents at **clinicalkathmandu@gmail.com** before **5th August 2021**
Only eligible candidates call for Interview.


## छोटकरी

### दुई स्रष्टा पुरस्कृत

विराटनगर (कास)- दुई साहित्यकारलाई डा. नरेन्द्र चापागाईं प्रतिष्ठानले पुरस्कृत गरेको छ । साहित्यकार विश्वराज पाण्डेलाई २१ हजार रुपैयाँसहित र कवि तथा समीक्षक हरिप्रसाद बराललाई ११ हजारको डा. नरेन्द्र चापागाईं युवा साहित्य पुरस्कार प्रदान गरियो ।

### भारतीय रुपैयाँसहित २ जना पक्राउ

मोरङ (कास)- स्रोत नखुलेको भारतीय रुपैयाँसहित प्रहरीले दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । विराटनगर महानगरपालिका १७ मटेरुवा चोकस्थित पोस्टबाट खटिएको टोलीले भारत, जोगबनीका १६ वर्षीय मो. इमरान र २० वर्षीय मो. कुबेरलाई पक्राउ गरेको हो ।


**वर्गीकृत डिस्प्ले**

**भाडामा**
इमाडोल स्थित डाउन टाउन हाउजिङ्ग भित्र २० फिट बाटो भएको ६ आनामा बनेको २.५ तल्ले आधुनिक घर भाडामा
सम्पर्क: ९८५११०२५८४

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**सूचना**
नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौंको लागि खाद्यान्न तथा तरकारी आपूर्ति गर्न ३५ दिने कोटेशन माग सम्बन्धी सूचना ।
विस्तृत जानकारीको लागि
फोन नं. ०१-४९११६७८

**भाडामा**
बबरमहलको प्राईम लोकेसनमा रहेको पार्किङ्ग सुविधा भएको
Furnished Office-2
फ्ल्याट एवम् सटर गोदाम-१
भाडामा छ
सम्पर्क: 9851124618, 9611066618
Email: kamalanepal64@gmail.com

**काठमाडौंको लागि**
**डिलर चाहियो**
आलमोनियमको झ्याल ढोकामा प्रयोग हुने प्लाष्टिकका सामानहरु: गाइड, एंगल, ग्रिप तथा पर्दाका पाईप, इत्यादी
यू. एण्ड के. प्लाष्टिक प्रोडक्ट्स, वीरगंज
सम्पर्क नं. ९८५५०२६३६६
Website: www.uk-plastic.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# एक दशकमा १५ बाघ बढे

**शंकर आचार्य** (पर्सा)

पर्सा राष्ट्रिय निकुञ्जमा एक दशकमा बाघको संख्या १५ वटा बढेको छ । सन् २००९/२०१० मा गरिएको गणनामा निकुञ्जमा ४ वटा वयस्क बाघ थिए । उक्त संख्या अहिले १९ पुगेको छ ।

निकुञ्जमा बाघको संख्या बढ्नुमा यसको आहारा प्रजातिका जनावरको सख्या बढ्दै जानु र बाघ संरक्षणमा गरिएको प्रयासको सकारात्मक परिणाम रहेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोजकुमार साह बताउँछन् । 'जहाँ घाँसे मैदानको विकास हुन्छ । त्यहाँ मृग प्रजातिका वन्यजन्तु फस्टाउँछन् र यो प्रजातिका जन्तु नै बाघको मुख्य आहारा हो,' उनले भने, 'प्रभावकारी संरक्षण, राम्रो बासस्थान र पानीको व्यवस्था भए बाघ आहारा र पानीका लागि भौंतारिनु पर्दैन ।'

> आहारा प्रजातिका जनावरको सख्या बढ्नु र संरक्षणको प्रयास वृद्धिको प्रमुख कारण

निकुञ्जमा हाल १९ वटा घाँसे मैदानका साथै पानीको स्रोतमा खोलानाला र ठाउँठाउँमा कृत्रिम पोखरी छन् । निकुञ्जका विभिन्न क्षेत्रमा माउ र बच्चा बाघ सँगै देखिएकाले गणनाको भन्दा पनि बढी हुन सक्ने साह बताउँछन् । करिब २ वर्षअघि निकुञ्जको क्षेत्र पूर्वी भेगमा विस्तार भएपछि हल्खोरिया दह क्षेत्रमा पनि गत वर्ष २ वटा डमरु र माउ बघिनी देखिएका थिए । यसले बाघले निकुञ्जमा नयाँ बासस्थान बनाएको संकेत गर्छ । त्यस क्षेत्रमा पहिले बाघको बसोबास थिएन ।

यसबाहेक करिब एक दशकअघि रामभौरी, भाठा, रमौली, प्रतापपुर निकुञ्जभित्र रहेका मानवबस्तीलाई स्थानान्तरण गरिएपछि पनि बाघलगायतका अन्य वन्यजन्तुको संख्या पनि वृद्धि भएको साहले बताए । निकुञ्जमा बाघको संख्या वृद्धिसँगै चुनौती पनि बढेको छ । बाघ बढेसँगै तिनको सुरक्षा, निकुञ्जमा मानव प्रवेश नियन्त्रण, बाघको आहारा प्रजातिका वन्यजन्तुको संख्या थप वृद्धि, निकुञ्जमा लाग्ने मेला प्रमुख चुनौती रहेको उनले बताए ।

पर्सा, बारा र मकवानपुर गरी ६ सय २७ वर्ग किमि क्षेत्रफलमा निकुञ्ज फैलिएको छ । यो निकुञ्ज जंगली हात्तीको बासस्थानको रूपमा प्रसिद्ध छ । २ वर्षमा लामो लकडाउन र निषेधाज्ञाका कारण निकुञ्जमा मानवीय हस्तक्षेप न्यून भएपछि निकुञ्जमा बाघको गतिविधि बढेको थियो । पहिलो लकडाउनमा आधाभारस्थित निकुञ्जको मुख्य कार्यालय तथा त्यसवरपरको क्षेत्रसम्मै बाघ देखिएको थियो । निकुञ्जमा बाघको संख्या वृद्धिसँगै बाघ आहाराको खोजीमा निकुञ्ज आसपासको राष्ट्रिय वनमा समेत प्रवेश गर्ने गरेको छ । गतवर्ष पूर्व-पश्चिम राजमार्गको पथलैया-निजगढ सडक खण्डमा कारको ठक्करबाट एउटा बाघ मरेको थियो ।

# फेरि बढ्यो संक्रमण

## कोरोनासँग मिल्दोजुल्दो लक्षण भएका बिरामीको अस्पतालमा चाप

**कान्तिपुर संवाददाता** (जनकपुर)




निषेधाज्ञा खुकुलोसँगै प्रदेश २ मा कोरोना संक्रमितको संख्या फेरि बढ्न थालेको छ । दोस्रो लहर अलि सुस्त देखिएको बेला स्वास्थ्य मापदण्डलाई ख्याल नगर्दा संक्रमण फेरि बढेको हो ।

स्वास्थ्य निर्देशनालयको दैनिक बुलेटिनअनुसार प्रदेशमा संक्रमितको संख्या सातायता बढिरहेको छ । बिहीबार मात्रै प्रदेशमा ३५ जना संक्रमित थपिएका छन् । महोत्तरीमा उक्त दिन १५ जना मा संक्रमण देखिएको छ । उनीहरू सबै बर्दिवास र गौशालाका हुन् । रौतहटमा पनि ११ जना संक्रमित थपिएका छन् । धनुषा र सर्लाहीमा २/२ र बारामा १ जना संक्रमित थपिएका छन् । बिहीबार रौतहट गौरका ६५ वर्षिय एक संक्रमितको मृत्यु भएको जनकपुरस्थित स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

प्रदेश २ मा बुधबार १८ जना संक्रमित थपिएका थिए, जसमा ४ जना महिला र १४ जना पुरुष थिए । मंगलबार भने १५ जना संक्रमित थपिएका थिए । त्यही दिन ५५ जना संक्रमित निको भएर घर फर्किएको स्वास्थ्य निर्देशनालयले जनाएको छ । मंगलबार थपिएका १५ जनामा ५ महिला र १० पुरुष छन् । मंगलबार भने एक जना संक्रमितको मृत्युसमेत भएको छ । सप्तरी, खड्ग नगरपालिकाका ४७ वर्षीया महिलाको हेटौंडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको स्वास्थ्य निर्देशनालयका डा. कमलेश यादवले जानकारी दिए । यस्तै, सोमबार प्रदेशमा २२ जना संक्रमित थपिए । जसमा ६ जना महिला र १६ जना पुरुष छन् । सोमबार पनि एकजना संक्रमितको मृत्यु भएको छ । स्वास्थ्य निर्देशनालयका अनुसार सिरहाको लहान १० का ५३ वर्षीय पुरुषको कोसी अस्पताल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको थियो ।

संक्रमणको आशंकामा पीसीआर परीक्षण गराउन जानेको संख्या यहाँ न्यून छ । तर, कोरोना भाइरसको लक्षणसँग मिल्दोजुल्दो बिरामीको भने अस्पताल र क्लिनिकमा भीड बढेको छ । प्रदेशका ठूला अस्पताल जनकपुरस्थित प्रादेशिक अस्पताल, वीरगन्जस्थित नारायणी अस्पताल र राजविराजको गजेन्द्रनारायण सिंह अस्पतालमा भने थोरै संक्रमित उपचाररत्त छन् । वीरगन्जको नारायणी अस्पताल र तराई अस्पतालमा गरी २ जना संक्रमित उपचाररत्त छन् ।

नारायणी अस्पतालमा संक्रमितका लागि १ सय २५ शय्या, वीरगन्जकै तराई अस्पतालमा २० शय्या, राजविराजको गजेन्द्रनारायण सिंह अस्पतालमा २५ शय्याको एचडीओ छ । त्यहाँ अहिले उपचाररत संक्रमितको संख्या शून्य छ । जनकपुरको कोभिड अस्पतालमा १ सय शय्या छ । यहाँ पनि उपचाररत संक्रमितको संख्या शून्य छ । तर, प्रदेशका मुख्य सहर जनकपुर, वीरगन्ज, राजविराज, लहान लगायतका क्षेत्रमा कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण भएका बिरामीको चाप बढ्दो छ । ज्वरो आउने, खोकी लाग्ने, टाउको दुख्ने र शरीर शिथिल पार्ने समस्याले ग्रस्त बिरामीहरूलाई भने स्वास्थ्यकर्मीले पीसीआर परीक्षण गराउन सल्लाह दिँदै आएका छन् । स्वास्थ्य निर्देशानालयका अनुसार दैनिक थपिने संक्रमितहरूको स्वास्थ्य अवस्था समान्य रहेकाले स्वास्थ्यकर्मीको सम्पर्कमा होम आइसोलेसनमा छन् । प्रादेशिक अस्पताल जनकपुरका बरिष्ठ चिकित्सक रामनरेश पण्डितका अनुसार निषेधाज्ञा खुकुलो भएसंगै संक्रमण दर फेरि बढेको छ । 'खोप लगाएका व्यक्तिको संख्या बढ्दै जाँदा संक्रमण दर फेरि कम हुन सक्छ,' उनले भने ।

**Request for Quotations (RFQ) For Vehicle Procurement**

World Vision

**IFB No: WVIN/SCM/2021-06, Published date: July 30, 2021**

World Vision International Nepal (WVIN) is an INGO committed to working with vulnerable children, families, and communities to overcome poverty and injustice. WVIN is facilitating a procurement of **4 units of 4WD Single CAB Pickups** having spec as per attached annex-2 on behalf of its Partner NGOs. Hence, WVIN invites interested manufacturers/authorized dealers to submit electronic quotation for it. Suppliers are advised to visit the link: **https://bit.ly/3BV4fUT** to access the RFQ document. Quotation submission deadline is August 08, 2021 by 12:00 Noon. WVIN reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

**SCM Department, WVIN Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877 Email: npl_supplychain@wvi.org**

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG KANTIPUR MEDIA GROUP

**आवश्यकता**

यस पब्लिकेसन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- **काठमाडौं - ३० जना (पुरुष/महिला)**
- **विराटनगर - १५ जना (पुरुष/महिला)**
- **भरतपुर - १५ जना (पुरुष/महिला)**
- **पोखरा - १० जना (पुरुष/महिला)**
- **नेपालगन्ज - १० जना (पुरुष/महिला)**

आवेदन दिने अन्तिम मितिः– २०७८ श्रावण १५ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
धरानरोड, नेमुवा, मोरङ
फोन नं.: ०२१–४१८०७६, ४१८०७४
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
कारकादो, भुजईगाउँ, नेपालगन्ज
फोन नं.: ०८१–५५१०९४
E-mail: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं.: ०५६–५२८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सिर्जनाचोक, पोखरा
फोन नं.: ०६१–५२५६५६
E-mail: bishow.adhikari@kmg.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१–५१३५०००
E-mail: sales@kmg.com.np

# 'कमलाको क्षति रोक्न बहुवर्षीय योजना'

## गुरुयोजना बनाएर नदी नियन्त्रण र उब्जाउ भूभाग संरक्षण गर्नुपर्ने मन्त्री भुसालको भनाइ

**कान्तिपुर संवाददाता** (धनुषा)



**धनुषाको कमला नदीले कटान गरेको क्षेत्रमा अस्थायी मर्मत गरिँदै ।** *तस्बिर : कान्तिपुर*

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले कमला नदीबाट हुने क्षति रोक्न बहुवर्षीय योजना आवश्यक रहेको बताएकी छन् । कमलाले कटान गरेको पश्चिमी तटबन्धको निरीक्षण गर्न बिहीबार सिँचाइका प्राविधिक टिमसहित पुगेकी मन्त्री भुसालले जोखिम रोक्न नयाँ अवधारणाअनुरूप काम गर्नुपर्ने बताएकी हुन् ।

धनुषाको किरतपुर र पटेर्वानजिक कमलाको बाढीले तटबन्ध बगाएर बस्ती क्षेत्रमा बाढी प्रवेश गर्ने खतरा छ । बाढीले पोर्तहा-इनर्वा ३४.५ किलोमिटर, किरतपुरमा ८ सय मिटर र पटेर्वामा ३ सय मिटर तटबन्ध बगाइसकेको छ । हाल तटबन्ध बगाएको स्थानमा बाँस, फलाम र सिमेन्टको खाँबो गाँडेर बोरामा माटो राखेर कटान रोक्ने प्रयास भइरहेको छ ।

स्थानीयसँगको भेटमा मन्त्री भुसालले सिन्धुली, धनुषा र सिरहामा कमलाको वारिपारि करिडोरसहितको तटबन्ध बनाएर भारतीय सीमासँग जोड्ने लिंक रोडका लागि मन्त्रालयले स्रोत परिचालन गर्ने आश्वासन दिइन् । 'बाढी नियन्त्रणका लागि थप स्रोतसाधन परिचालन गरी मन्त्रालयले गुरुयोजना कार्यान्वयन गर्ने अवस्था आएको छ,' उनले भनिन्, 'कमला नदी नियन्त्रणको मास्टर प्लान र डीपीआर तयार भए पनि कार्यान्वयन भएको छैन । बर्सेनि २/४ करोड लगाएर तटबन्ध टालटुल मात्रै भएको छ । बजेट खर्च भयो । समस्या उस्तै छ । जोखिम घटेन ।'

बलियो तटबन्धले तराई मधेसको ठूलो कृषि भूभाग प्रयोगमा आउने भएकोले बहुवर्षीय योजनामा कमला नदी नियन्त्रण अभियान अगाडि बढाइने उनले बताइन् । 'कमलाको समस्या सिन्धुलीदेखि नै छ,' मन्त्री भुसालले भनिन्, 'सिन्धुलीमा पनि कटानको समस्या छ । चुरेको भूक्षयका कारण नदीको सतह बढेको छ । पहाडी क्षेत्रबाट बगेर आएको माटोले नदी भरिँदा कटान र डुबानको जोखिम बढेको हो ।' कमलाको प्राविधिक, नीतिगत र वित्तीय स्रोत थपेर समग्रमा गुरुयोजना बनाएर नदी नियन्त्रण र आसपासको उब्जाउ भूभाग संरक्षण गरिने उनले बताइन् ।

कमला कटान नियन्त्रणका लागि तत्काल ५० लाख निकासा गराएर बाढी प्रभावित क्षेत्रमा प्राविधिक खटाइएको जानकारी गराउँदै मन्त्री भुसालले संघ सरकारले तत्कालै ठोस कार्ययोजनासहित स्रोत परिचालन गर्ने प्रतिबद्धता जनाइन् ।

कमला नदी नियन्त्रण आयोजना कार्यालय जनकपुरका प्रमुख एकराज भट्टराईले बस्ती क्षेत्रमा बाढी प्रवेश गर्न नदिएर पानीको बहाव फर्काउन तत्काल केही काम भए पनि भत्किएको तटबन्ध वर्षाको समयमा निर्माण गर्न नसकिने जानकारी दिए ।

**Call for Proposal**

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare a short movie under the Information and Support To People Without Civil Documentation Project. Infographic video should be made on the laws related to Legal Identity (Citizenship). The sealed proposal containing all the documents should be submitted preferably on or before August 9, 2021 by 5 p.m. to FWLD's office.

**TERMS OF REFERENCE**

**Scope of Work**
- Prepare a short movie of around 15 minutes
- Content and story line will be provided by FWLD
- Must be in Nepali and also with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Proposed budget
- CV of key people engaged
- Technical Proposal
- Working plan
- Prior work sample
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year

FWLD 1995 Working for non-discrimination and equality
**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415

**VACANCY ANNOUNCEMENT**

Urgently requires qualified candidates for the following posts.

- **Research Coordinator :-** PHD/MD (virology Epidemiology with 2 years minimum working experience in phase I and Phase II vaccine trials whole genome sequenceing.
- **Principal of Investigator :-** PHD/MD in Immunology or infectious disease with 2 years working experience in COVID-19 vaccine trial in phase I Phase, II & III with minimum 2 articles published in Q1 or Q2 journal.
- **Program Manager :-** Master Degree in related field with minimum 2 years working experience.
- **Communication Officer :-** well command in English writing & speaking with Bachelor/Masters degree.
- **Administrative Officer :-** Bachelor/ Masters Degree in related field.
- **Microbiologist :-** B.sc/ M.sc.
- **Staff Nurse :-** Few PCL with 1 year working experience.
- **Quality Control Executive :-** M.pharma/M.sc chemist.
- **Quality Control Assistant :-** B.pharma.
- **Personal Assistant :-** Minimum Bachelor degree with 1 year working experience.
- **Accountant :-** Bachelor Degree with 1 year experience.

Please send your CV with documents at **clinicalkathmandu@gmail.com** before **5th August 2021**
Only eligible candidates call for Interview.

# २५ हुन्डी कारोबारी पक्राउ

पर्सा (कास)- पर्सा प्रहरीले गत आर्थिक वर्षमा हुन्डी कारोबारमा संलग्न २५ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा १२ नेपाली र १३ भारतीय नागरिक छन् । उनीहरूबाट २ करोड १७ लाख रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

अघिल्लो आर्थिक वर्षमा भने प्रहरीले हुन्डी कारोबारमा संलग्न भएको आरोपमा ३ दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरेको थियो । उनीहरूको साथबाट १ करोड ८१ लाख रुपैयाँ बरामद भएको थियो । तुलनात्मक रूपमा अघिल्लो आवभन्दा गत आवमा पक्राउ परेका हुन्डी कारोबारीको संख्या कम रहे पनि बरामद रकम भने बढी छ । हुन्डी कारोबारीको आरोपमा पक्राउ पर्नेहरूलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ विपरीतको कसुरमा मुद्दा चलाइन्छ ।

**वर्गीकृत डिस्प्ले**

**भाडामा**
इमाडोल स्थित डाउन टाउन हाउजिङ्ग भित्र २० फिट बाटो भएको ६ आनामा बनेको २.५ तल्ले आधुनिक घर भाडामा
सम्पर्क: ९८५११०२५८४

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन | STEP-UP हाइट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन | SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**सूचना**
नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौंको लागि खाद्यान्न तथा तरकारी आपूर्ति गर्न ३५ दिने कोटेशन माग सम्बन्धी सूचना ।
विस्तृत जानकारीको लागि
फोन नं. ०१–४९११६७८

**भाडामा**
बबरमहलको प्राईम लोकेसनमा रहेको पार्किङ्ग सुविधा भएको
Furnished Office-2
फ्ल्याट एवम् स्टर गोदाम-१
भाडामा छ
सम्पर्क: 9851124618, 9611066618
Email: kamalanepal64@gmail.com

**काठमाडौंको लागि डिलर चाहियो**
आलमोनियमको झ्याल ढोकामा प्रयोग हुने प्लाष्टिकका सामानहरुः गाइड, एंगल, ग्रिप तथा पर्दाका पाईप, इत्यादी
यू. एण्ड के. प्लाष्टिक प्रोडक्ट्स, वीरगंज
सम्पर्क नं. ९८५५०२६३६६
Website: www.uk-plastic.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# हिलाम्य सडकमा कोदो रोपेर विरोध

● ठेकेदारले नाला नबनाइदिँदा बाटोमै भल ● जनप्रतिनिधि नै असन्तुष्ट

**हरिराम उप्रेती** (गोरखा)

हिलोमा गाडी फसेपछि सहचालक यात्रु ओराल्न थालेपछि आर्खेतका ६८ वर्षीय दलबहादुर मगर बसिरहेको सिटबाट उठेर ढुंगाडेको हिले सडक पार गर्न पैदल निक्लिए । लौरोको सहाराले वृद्ध मगरले जसोतसो हिले सडक त पार गरे तर फसेको गाडीले हिलो छिचोल्न सकेन । झन्डै २ घण्टा उनी गाडी कुरेरै बाटोमा रोकिए ।

'यो सडकमा सधैं यस्तै हुन्छ, दुई दिनअघि गोरखा बजार आउँदा पनि गाडीले हिलो कट्न नसकेर ४ घण्टा जति बाटोमै बस्नुपर्‍यो । यस्तो हालतले अब कतिखेर पुगिने हो ? साह्रै दुःख पाइयो,' मगरले दुखेसो पोखे । सदरमुकामकै अस्पताल मार्गदेखि ढुंगाडेको हिलाम्य सडकसम्मको यात्राबाट स्थानीय आजित छन् । हिउँदमा धूलोले आजित बनेका स्थानीय बर्खा सुरु भएलगत्तै हिले सडकमा जोखिमले यात्रा गर्न बाध्य छन् । उक्त सडक भएर यात्रा गर्ने आरुघाट, धार्चे, चुमनुब्री गाउँपालिका पुग्ने यात्रु घण्टौं गाडी फसेर समयमै गन्तव्यमा पुग्न पाउँदैनन् ।

दिनहुँ यात्रुको बिचल्ली परेपछि बिहीबार स्थानीयसँगै जनप्रतिनिधिले पनि विरोध जनाए । गोरखा आरुघाट सडक खण्डअन्तर्गत ढुंगागाडेमा भेला भएका स्थानीयसँगै गोरखा नगरपालिका-४ का वडाध्यक्ष खोपबहादुर अधिकारीसहितका जनप्रतिनिधि छातीमा प्लेकार्ड बोकेर प्रदर्शनमा उत्रिए । सडकमै कोदो रोपे । ढुंगाडेको मोडमा फसेको गाडी धकेल्न यात्रु, प्रहरीसँगै जनप्रतिनिधि पनि मिसिए । 'ठेकेदार-बाटो हिँड्न सहज बनाइदेऊ,' 'ठेकेदार- कहाँ सुतेका छौ ? उत्तरी क्षेत्र जाने मूल सडकको बिचल्ली पारेर', 'ठेकेदार- आज यहाँ आऊ बाटो हेर्न, कहाँ गयौ यात्रुलाई बिचल्ली पारेर' लगायत नारा लेखिएका प्लेकार्डसहित जनप्रतिनिधि र स्थानीयले प्रदर्शन गरेका हुन् ।

'बिरामी लिएर आएको एम्बुलेन्स बाटोमा फस्छ, यात्रु बोकेको बस कट्न सक्दैन, सडक हिलाम्य बनेको घोचपेच, आरोप-प्रत्यारोप हामी प्रतिनिधिलाई गर्छन्', वडाध्यक्ष अधिकारीले भने, 'यो सडक पूर्वाधार कार्यालयले ठेक्का लगाएको छ । ठेकेदारले कोभिड र बर्खाको बहाना बनाएर साइडमा कामदार खटाएका छैनन्, बर्खाका बेला सडक हिँड्न नसक्ने छ ।' कोदो रोपेर सांकेतिक रूपमा विरोध जनाएको उनले बताए । बर्खा लागेदेखि नै उत्तरी क्षेत्र जाने यात्रुको दिनहुँजसो बिचल्ली पर्ने गरेको अधिकारीले बताए । 'बिरामी बोकेर आएको एम्बुलेन्स पनि सडक पार गर्न सक्दैन, सधैं धकेलेर सडक पार गराएर उपाय पनि लागेन,' उनले भने ।



गोरखा-आरुघाट सडक खण्डअन्तर्गत हिलाम्य ढुंगाडेमा कोदो रोप्दै जनप्रतिनिधि र स्थानीय । *तस्बिर : हरिराम/कान्तिपुर*

बर्खा लागेसँगै सडकअन्तर्गत ढुंगाडे, आहाले र बराह क्षेत्रको सडक हिलाम्य छ । ठेकेदारको बेवास्ताले सडक हिलाम्य बनेको स्थानीयको आरोप छ । सडक निर्माणको जिम्मा पाएको ठेकेदारले एक वर्ष बित्दा नालासम्म नबनाउँदा बर्खेपानीले सडक हिलाम्य बनेको ढुंगाडेका स्थानीय लालबहादुर थापाले बताए । 'नाला बनाइदिएको भए समस्या हुन्थेन, सडकमा पानी बग्थेन, बीच-बीचमा काम थालेको छ सुरसँग काम भएको पनि छैन,' उनले भने, 'राति सानो पानी परे भोलिपल्ट गाडी चल्दैन ।' तत्कालका लागि हिलो भएको ठाउँमा ग्राभेल मात्र हालेर गाडी पास हुने बनाउन प्रदर्शनमा उत्रिएका स्थानीयले माग गरे ।

९ करोड ८६ लाख ७० हजार रुपैयाँ लागतमा अस्पतालमार्ग-फिनाम सडक खण्डको ४.२ किलोमिटर सडक कालोपत्रको जिम्मा पाएको बानियाँ निर्माण सेवाले २०७७ असोज ७ गते ठेक्का सम्झौता गरेको २०७९ भदौभित्र कालोपत्र सक्नुपर्नेछ । तर कोभिड र बर्खाको बहाना बनाउँदै काममा ढिलाइ भएपछि स्थानीयले प्रदर्शन गरेका हुन् । ग्राभेल राखेर सडकमा गाडी हिँड्ने मिल्ने बनाउन ठेकेदारलाई निर्देशन गरिएको पूर्वाधार विकास कार्यालय गोरखाका प्रमुख दयाराम अधिकारीले बताए । 'दुई वर्षको ठेक्का हो, ठेकेदारले काम गर्दै छ,' उनले भने, 'बर्खाअगावै ग्राभेल राख्ने भनेर ताकेता गरेका थियौं, मनसुन चाँडो सुरु भयो, स्पिडले काम हुन सकेन, तत्कालका लागि ग्राभेल राखेर गाडी पास हुने बनाउँछौं । नाला र स्ट्रक्चरको काम सकेर स्थायी रूपमा ग्राभेल बिछ्याउने उनले बताए ।

# जिल्लाभर चोरी आतंक

पर्वत (कास)- जिल्लामा पछिल्लो समय चोरीका घटना बढ्न थालेका छन् । साउन ६ मा कुश्मा नगरपालिका-१४ आर्थरडाँडाखर्कका अमृत गुरुङ, विश्वास गुरुङ लगायत ६ स्थानीयका घरमा एकैपटक चोरी भयो । त्यसपछि लगातार रुपमा आर्थरसहित छिमेकी खौलालाँकुरी, ठूलीपोखरी, फलेबासको थापाठाना, शंकरपोखरी, महाशिलाको भोक्सिङलगायतका गाउँमा दैनिकजसो चोरीका घटना भइरहेका छन् । चोरी आतंक बढेपछि स्थानीय त्रसित छन् ।

आर्थरमा अमृतको घरबाट एकै रातमा साढे १३ तोला सुन र १ लाख रुपैयाँ चोरी भएको थियो । सोहीरात भीमबहादुर क्षेत्रीको पसलबाट ५५ सय रुपैयाँ चोरी भयो । स्थानीयले चोरी भएकोबारे ठूलीपोखरी प्रहरी चौकी हुँदै जिल्ला प्रहरी कार्यालयसम्म खबर गरे । तर, प्रहरीले चोर पत्ता लगाएर कारबाही गर्न नसक्दै त्यसयताका हरेक दिन जिल्लाका तीनवटा पालिकामा दैनिक चोरीका घटना भइरहेको छ । यतिसम्म कि चोरको समुहले कतिपय विद्यालय, वडा कार्यालयलगायतका सरकारी तथा सार्वजनिक संरचनामा समेत पसेर त्यहाँका महत्त्वपूर्ण दस्तावेजमा क्षति पुर्‍याएको छ ।

● स्थानीयले थाले गस्ती

साउन ६ गते राति गाउँका घरहरू चोरी भएको भोलिपल्ट स्थानीय पञ्चकोसी मावि र देवी मन्दिरमा समेत तोडफोड र चोरी गरेको प्रहरीले जनाएको छ । यस्तै गत शनिबार राति महाशिला-२ भोक्सिङको वडा कार्यालय भवन तोडफोड भयो । स्थानीय रामप्रसाद शर्माको पसलबाट नगद २५ हजार, ख्यामलाल पौडेलको पसलबाट १६ हजार र तारा गुरुङको पसलबाट ६ हजार नगद र खाद्यान्नसमेत चोरी भयो । चोरी भएको बारे स्थानीयले लुंखु प्रहरी चौकी हुँदै जिल्लासम्म खबर गरे । अहिलेसम्म कोही पनि पक्राउ परेका छैनन् । 'चोरी भएको खबर पुलिसलाई दिएको साता दिन बित्यो,' ख्यामलालले भने, 'चोर पक्रेको खबर आउनुको सट्टा अरू गाउँमा पनि चोरेका खबर आइरहेका छन् । हामी रातभर सुत्न सकेका छैनौं ।'

केही दिनयता फलेवास नगरपालिकाका विभिन्न स्थानमा पनि चोरी हुँदै आएको छ । 'हामी रातभर सुतेका छैनौं,' फलेबास-३ का नरबहादुर क्षत्रीले भने, 'रातभर कहिले कता कहिले कता चोरी भयो भन्ने खबर आइरहेको छ ।' दैनिकजसो चोरीका घटना भइरहेपछि फलेबास-३ शंकरपोखरीका वडाध्यक्ष अर्जुनबहादुर कार्कीले ३ दिनयता दैनिक कटुवाल घोकाएर स्थानीयलाई सचेत गराएका छन् । 'सबैतिर चोरी भयो । प्रहरीले पक्राउ गर्न सकेन भनेपछि हामीले गाउँलेलाई सचेत गराउनुपर्‍यो भनेर कटुवाल घोकाइरहेका छौं,' कार्कीले भने । फलेबास-९ भंगरामा चोरी गरेको समूहले बुधबारदेखि शंकरपोखरीमा चोर्ने हल्ला चलाएपछि मंगलबारदेखि नै दिनहुँ कटुवाल घोकाएर सर्वसाधारणलाई सचेत गराइएको उनले बताए । शंकरपोखरीवासीले चोरीमा संलग्नलाई पत्ता लगाउन सक्रिय समूह गठन गरेका छन् । निरन्तर घटना भएको २ साता बितिसक्दा पनि पर्वत प्रहरीले घटनामा संलग्न कसैलाई पनि नियन्त्रणमा लिन सकेको छैन ।

चोरी र तोडफोडको घटना बढेपछि विभिन्न पालिकामा युवा, प्रहरीलगायतले समूह बनाएर गस्ती गर्न थालेका छन् । शंकरपोखरी, भंगरा, थापाठाना र आर्थरवासीले दैनिकजसो रातभर गस्ती गर्न थालेका छन् । जिल्ला प्रहरी प्रमुख डीएसपी शिवराज बुढाथोकीले चोरीका घटना एउटै प्रकृतिको भएकाले चोरी गर्ने समूह एउटै हुन सक्ने बताए । उनले चोरी गर्नेको सूक्ष्म तवरले अनुसन्धान भइरहेको बताए ।

**Request for Quotations (RFQ) For Vehicle Procurement** World Vision

**IFB No: WVIN/SCM/2021-06, Published date: July 30, 2021**

World Vision International Nepal (WVIN) is an INGO committed to working with vulnerable children, families, and communities to overcome poverty and injustice. WVIN is facilitating a procurement of **4 units of 4WD Single CAB Pickups** having spec as per attached annex-2 on behalf of its Partner NGOs. Hence, WVIN invites interested manufacturers/authorized dealers to submit electronic quotation for it. Suppliers are advised to visit the link: **https://bit.ly/3BV4fUT** to access the RFQ document. Quotation submission deadline is August 08, 2021 by 12:00 Noon. WVIN reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

**SCM Department, WVIN Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877 Email: npl_supplychain@wvi.org**

# बाख्राबाट मनग्य आम्दानी

**सम्झना रसाइली** (तनहुँ)

बन्दीपुरकी ५३ वर्षीया देवीमाया आले तीन दशकदेखि बाख्रापालन गर्दै आएकी छन् । पहिला निर्वाहमुखी हिसाबले बाख्रा पाल्ने उनी अहिले भने व्यावसायिक रूपमा थालेकी छन् । यसअघि बाख्रासँगै गाईभैंसी पनि थिए । अहिले भने १४ वटा बाख्रा मात्रै छन् । '३० वर्षदेखि बाख्रा पाल्दै आए पनि अहिले अरू छाडेर बाख्रा मात्रै पालेको छु,' उनले भनिन्, 'घर खर्चदेखि ३ छोराछोरीको पढाइ बाख्राकै आम्दानीबाट चलिरहेको छ । आम्दानीबाट सन्तुष्ट छु ।'

उनले एउटै खसीबोका ५० देखि ५५ हजार रुपैयाँसम्म बिक्री गरेको बताउँछिन् । थोरै लगानी र मिहिनेतले राम्रो आम्दानी हुने उनको अनुभव छ । श्रीमान् डुम्रेबजारवरपर जिप चलाउँछन् । अब त्यो छाडेर बाख्रा पालनमा ल्याउने योजना उनको छ ।

बन्दीपुर-१ की सावित्री दवाडीले पनि १५ बाख्रा पाल्दै आएकी छन् । उनले भनिन्, 'मैले पहिलेदेखि नै बाख्रा पाल्थे । वर्षमै ५/६ वटा खसीबोका बेचेर छोराछोरीको पढाइ र घरखर्च टर्थ्यो । अहिले व्यावसायिक बाख्रापालनका लागि आधुनिक खोर र घाँससमेत रोपेको छु ।



१७ वर्ष विदेश बसेर घर फर्किएका श्रीमान्ले पनि यतिबेला उनलाई साथ दिएका छन् । 'अन्य पेसा व्यवसाय केही छैन । बाबुबाजेले गर्दै आएको बाख्रापालनलाई निरन्तरता दिऊ भनेर श्रीमान् श्रीमती मिलेर व्यावसायिक रूपमा अगाडि बढाएका छौं,' उनले भनिन् ।

बन्दीपुर गाउँपालिकाका अन्य युवा पनि अहिले बाख्रापालन व्यवसायमा आकर्षित भएका छन् । यसमा अधिकांश वैदेशिक रोजगारबाट फर्किएका हुन् । पढाइ तथा रोजगारीको सिलसिलामा २० वर्ष नर्वेमा बिताएका बन्दीपुर-१ नाहालाका ४२ वर्षीय मदनकृष्ण अधिकारी अहिले पुर्ख्यौली थलोमा बाख्रा पाल्न सुरु गरेका छन् । करिब ५० लाख रुपैयाँ लगानी गरेको बताउने अधिकारीले १ सय बढी बाख्रा पाल्दै आएका छन् । 'घाँसमा आधारित बाख्रापालन गर्न १ सय २५ रोपनीमा घाँसका बिरुवा, बाख्राको खोर तयारी गरेको छु,' उनले भने, 'मेरो लक्ष्य ५ सय बढी बाख्रा पाल्नेछ । यस क्षेत्रलाई बाख्राको पकेट क्षेत्रका रूपमा विकास गर्ने योजना हो । अहिले ६ जनालाई रोजगारीसमेत दिएको छु ।'

अर्का युवा कृष्णप्रसाद पन्थ पनि वैदेशिक रोजगारीबाट फर्किएका हुन् । उनले पनि व्यावसायिक रूपमा बाख्रा पाल्न थालेका छन् । 'धेरै युवा रोजगारीको सिलसिलामा बिदेसिनुपरेको छ र आफ्नो मिहिनेतअनुसारको आम्दानी हुन नसक्दा यही फर्किएर बेरोजगार बस्नुपर्ने अवस्था छ,' उनले भने, 'सानो लगानी र थोरै मिहिनेतमै स्वदेशमै राम्रो आम्दानी हुन्छ भन्ने उदाहरण दिनका लागि पनि हामी युवा संगठित भएर गाउँमै कृषि अभियान चलाएका छौं ।'

गाउँपालिकाले यस वडालाई बाख्राको पकेट क्षेत्रका रूपमा विकास गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतबाट खोर निर्माणका लागि ४२ कृषकलाई २०/२० हजार रुपैयाँका दरले अनुदान वितरण गरेको वडाध्यक्ष भानुभक्त पोखेलले बताए । उनले भने, 'यहाँका कृषकले बाख्रा पालिरहनुभएको छ । तर, राम्रो खोर नहुनाले विभिन्न समस्या आइरहेको हुँदा गाउँपालिकाको र कृषकको ५०/५० प्रतिशत लागत सहभागितामा खोर निर्माणका लागि सहयोग गरिएको हो ।'

यस क्षेत्रलाई ५ वर्षभित्र स्थानीय (खरी) तथा बोयर जातका बाख्रा उत्पादन केन्द्र बनाउने उद्देश्य रहेको वडाध्यक्ष पोखेलले बताए ।

# दुई मृतक फेला

पोखरा (कास)- गोरखाको बारपाक सुलीकोट गाउँपालिका-३ घर भई गोरखा नगरपालिका-८ आलेगाउँस्थित बहिनीको घरमा बस्दै आएका ४५ वर्षका चन्द्रबहादुर भट्ट बिहीबार दिउँसो मृत भेटिएका छन् । उनी बहिनीको घरदेखि १० मिटर पर मृत भेटिएका थिए । त्यस्तै भारत घर भई हाल पोखरा-१० रंगशालामा दीपक गुरुङको एकतले ब्लकले बनेको घरमा ब्याट्री तथा वायरिङ वर्कसप सञ्चालन गर्दै आएका ६५ वर्षीय असागर वासे आफ्नै कोठामा बिहीबार मृत भेटिएको प्रहरीले जनाएको छ ।

यसैगरी, पूर्वी नवलपरासीको विनयीत्रिवेणी गाउँपालिका-५ खुमबारीका ६८ वर्षका नरबहादुर राना खोलाले बगाएर बेपत्ता भएका छन् । गण्डकी प्रदेश प्रहरी कार्यालयका अनुसार विनयी खोला तर्ने क्रममा बुधबार दिउँसो ५ बजेदेखि उनी बेपत्ता भएका हुन् ।

KANTIPUR PUBLICATIONS PVT. LTD. KMG KANTIPUR MEDIA GROUP

## आवश्यकता

यस पब्लिकेसन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- काठमाडौं - ३० जना (पुरुष/महिला)
- विराटनगर - १५ जना (पुरुष/महिला)
- भरतपुर - १५ जना (पुरुष/महिला)
- पोखरा - १० जना (पुरुष/महिला)
- नेपालगन्ज - १० जना (पुरुष/महिला)

आवेदन दिने अन्तिम मितिः- २०७८ श्रावण १५ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
धरानरोड, नेमुवा, मोरङ
फोन नं.: ०२१-४१८०७६, ४१८०७४
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
कारकादो, भुजईगाउँ, नेपालगन्ज
फोन नं.: ०८१-५५१०९४
E-mail: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं.: ०५६-५२८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सिर्जनाचोक, पोखरा
फोन नं.: ०६१-५२५६५६
E-mail: bishow.adhikari@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१३५०००
E-mail: sales@kmg.com.np

## Call for Proposal

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare a short movie under the Information and Support To People Without Civil Documentation Project. Infographic video should be made on the laws related to Legal Identity (Citizenship). The sealed proposal containing all the documents should be submitted preferably on or before August 9, 2021 by 5 p.m. to FWLD's office.

**TERMS OF REFERENCE**

**Scope of Work**
- Prepare a short movie of around 15 minutes
- Content and story line will be provided by FWLD
- Must be in Nepali and also with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Technical Proposal
- Proposed budget
- Working plan
- CV of key people engaged
- Prior work sample
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year

FORUM FOR WOMEN, LAW AND DEVELOPMENT 1995 FWLD Working for non-discrimination and equality

**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415

## VACANCY ANNOUNCEMENT

Urgently requires qualified candidates for the following posts.

- **Research Coordinator :-** PHD/MD (virology Epidemiology with 2 years minimum working experience in phase I and Phase II vaccine trials whole genome sequenceing.
- **Principal of Investigator :-** PHD/MD in Immunology or infectious disease with 2 years working experience in COVID-19 vaccine trial in phase I Phase, II & III with minimum 2 articles published in Q1 or Q2 journal.
- **Program Manager :-** Master Degree in related field with minimum 2 years working experience.
- **Communication Officer :-** well command in English writing & speaking with Bachelor/Masters degree.
- **Administrative Officer :-** Bachelor/ Masters Degree in related field.
- **Microbiologist :-** B.sc/ M.sc.
- **Staff Nurse :-** Few PCL with 1 year working experience.
- **Quality Control Executive :-** M.pharma/M.sc chemist.
- **Quality Control Assistant :-** B.pharma.
- **Personal Assistant :-** Minimum Bachelor degree with 1 year working experience.
- **Accountant :-** Bachelor Degree with 1 year experience.

Please send your CV with documents at **clinicalkathmandu@gmail.com** before **5th August 2021**
Only eligible candidates call for Interview.

## वर्गीकृत डिस्प्ले

**भाडामा**
इमाडोल स्थित डाउन टाउन हाउजिङ्ग भित्र २० फिट बाटो भएको ६ आनामा बनेको २.५ तल्ले आधुनिक घर भाडामा
सम्पर्क: ९८५११०२५८४

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाइट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**सूचना**
नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौंको लागि खाद्यान्न तथा तरकारी आपूर्ति गर्न ३५ दिने कोटेशन माग सम्बन्धी सूचना ।
विस्तृत जानकारीको लागि
फोन नं. ०१-४९११६७८

**भाडामा**
बबरमहलको प्राईम लोकेसनमा रहेको पार्किङ्ग सुविधा भएको
Furnished Office-2
फ्ल्याट एवम् सटर गोदाम-१
भाडामा छ
सम्पर्क: 9851124618, 9611066618
Email: kamalanepal64@gmail.com

काठमाडौंको लागि
**डिलर चाहियो**
आलमोनियमको झ्याल ढोकामा प्रयोग हुने प्लाष्टिकका सामानहरुः गाइड, एंगल, ग्रिप तथा पर्दाका पाईप, इत्यादी
यू. एण्ड के. प्लाष्टिक प्रोडक्ट्स, वीरगंज
सम्पर्क नं. ९८५५०२६३६६
Website: www.uk-plastic.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# चिकित्सकमाथि दुर्व्यवहार

अर्घाखाँची (कास)- पूर्वराष्ट्रिय सभा सदस्य एवं एमाले नेता चन्द्रबहादुर खड्काले बुधबार अर्घाखाँची अस्पतालका स्वास्थ्यकर्मीमाथि अभद्र व्यवहार गरेका छन् । उनले अस्पताल प्रमुख डा. कपिल गौतमलाई एम्बुलेन्सभित्र थुन्नुका साथै डा. पूजा पन्थलाई दुर्व्यवहार गरेका हुन् । कोरोना संक्रमणबाट सिकिस्त खड्काकी आमा टीकादेवीको थप उपचारका लागि काठमाडौं रेफर गर्ने क्रममा खड्काले दुर्व्यवहार गरेका हुन् ।

कोभिड-१९ को महामारीमा खटिने स्वास्थ्यकर्मीलाई अस्पतालमै धम्की दिएको घटनाले आफूहरू असुरक्षित भएको स्वास्थ्यकर्मीले बताएका छन् । अर्घाखाँची अस्पतालले बुधबार विज्ञप्ति नै निकालेर कानुनी कारबाहीको माग गरेको छ । टीकादेवीलाई एम्बुलेन्समा सार्ने क्रममा खड्काले डा. पन्थ र अन्य स्वास्थ्यकर्मीलाई 'बिरामी तलमाथि भए तिमीहरू जिम्मेवार हुन्छौ' भन्दै धम्की दिएको विज्ञप्तिमा उल्लेख छ ।

अस्पताल प्रमुख डा. कपिल गौतम आएर एम्बुलेन्समा अक्सिजन मिलाउँदै गर्दा खड्काले पछाडिको ढोका लगाएर चालकलाई हिँड्न भन्दै आफू अगाडिको सिटमा बसेका थिए । प्रत्यक्षदर्शीले डा. गौतम एम्बुलेन्सभित्र भएको जानकारी गराउँदा गराउँदै एम्बुलेन्सको ढोका लगाएर 'यो डाक्टरको काम पनि छैन, काठमाडौं लैजानुपर्छ, बिरामीसँगै जान्छ' भन्दै अपशब्द प्रयोग गरी चालकलाई तुरुन्तै गाडी कुदाउन दबाब दिएका थिए । केहीबेर एम्बुलेन्सभित्र थुनिएका गौतम अन्य व्यक्तिले ढोका खोलिदिएपछि बाहिर निस्किएका थिए ।

सीमित स्रोत साधनका बाबजुद संक्रमित बिरामीको उपचारमा खटिएका स्वास्थ्यकर्मीमाथि अभद्र व्यवहार गरेको भन्दै छानबिन गरी दोषी खड्कामाथि कानुनी कारबाही अगाडि बढाउन अर्घाखाँची अस्पताल विकास समितिका अध्यक्ष श्रीकृष्ण भुसाल र अस्पताल प्रमुख डा. कपिल गौतमले विज्ञप्ति निकालेर माग गरेका छन् ।

# विद्यार्थीलाई निःशुल्क सिम

पाल्पा (कास)- रम्भा गाउँपालिकाले अनलाइन कक्षा सञ्चालन गर्न पाठशाला क्लोज युजर ग्रुप 'सीयूजी' सिम निःशुल्क वितरण गरेको छ । गाउँपालिकाले शिक्षा शाखाको समन्वयमा सात मावि र एक आधारभूत विद्यालयका विद्यार्थी र शिक्षकलाई यस्तो सिम वितरण गरेको हो । बाँकी एउटा माविलाई केही दिनभित्र वितरण गरिने गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए ।

हुँगीको जनकल्याण र श्रीकृष्ण गण्डकी मावि, फोक्सिङकोटको सानाहुँगी मावि, पीपलडाँडाको अमृत पब्लिक मावि, कृष्ण मावि झेस्काङ र रविकिरण माविलाई सिम वितरण गरिएको छ । यसैगरी, ताँहुको रम्भा मावि र प्राकृतिक आधारभूत विद्यालयमा अनलाइन कक्षा सञ्चालनका लागि सिम वितरण गरिएको छ । अहिलेसम्म १ हजार ७ सय ६५ शिक्षक र विद्यार्थीलाई सिम वितरण गरिसकेको छ । हुमिनको जनहित भगवती माविको कागजपत्र पूरा नभएकाले पूरा हुनासाथ केही दिनमै सिम वितरण गरिनेछ ।

शिक्षक र विद्यार्थीले प्रयोगकर्ता समूहभित्र फोन गर्दा पैसा लाग्दैन । 'अनलाइन कक्षा सञ्चालनका लागि डाटासहितको सिम वितरण गरिएको हो,' गाउँपालिका अध्यक्ष भण्डारीले भने, 'यसबाट अनलाइन कक्षा सञ्चालन गर्न सहज भएको शिक्षकबाट प्रतिक्रिया पाएका छौं ।' गाउँपालिकाले संघ सरकारको ससर्त अनुदानबाट मावि र आधारभूत विद्यालयका कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई निःशुल्क सिम दिएको शिक्षा शाखा प्रमुख मीनादेवी आचार्यले बताइन् ।

नेपाल टेलिकमका अनुसार १ सय २९ रुपैयाँ प्रतिसिम एक महिनाका लागि खर्च लाग्छ । यसमा आठ जीबी डाटा निःशुल्क हुन्छ । युजर समूहभित्र फोन गर्दा पैसा लाग्दैन । बाहिर नम्बरमा भने कल गर्न नमिल्ने नेपाल टेलिकमका अधिकृत नारायण घिमिरेले बताए । 'सुरुमा एकमुष्ट १ सय २९ रुपैयाँका दरले तिर्नुपर्छ र रिचार्ज गर्दा पनि एकमुष्ट नै तिर्नुपर्ने हुन्छ,' उनले भने, 'शिक्षक, विद्यार्थीको विवरण र नागरिकता पेस गरेर मात्र सिम लिन पाउने सुविधा छ ।'

# एकै जिल्लामा ४० बढी योजना वर्षौंदेखि अलपत्र

## काम सुरु भए पनि निर्माण व्यवसायी र कार्यालय प्रमुखको लापरबाहीले पूरा भएनन्



१० वर्षदेखि अलपत्र पाल्पाको भुजात–चापाकोट जोड्ने पक्की पुलको पिलर । तस्बिर : माधव/कान्तिपुर

**माधव अर्याल** (पाल्पा)

पाल्पामा ठूला विकासे योजना वर्षौंदेखि अलपत्र परेका छन् । १२ वर्षदेखि ठूला योजना अलपत्र पर्दासमेत सरोकारवाला निकायको ध्यान पुग्न सकेको छैन । कतिपय संघ सरकारले सुरु गरेका योजना छन् भने केही प्रदेश सरकार र कतिपय स्थानीय सरकारले जिम्मा लिएका योजना छन् ।

रामपुर अस्पताल भवन निर्माणको म्याद तीन वर्षअघि नै सकिएको हो । अझैसम्म निर्माण व्यवसायीले काम सकेका छैनन् । रविना कन्स्ट्रक्सनले २२ करोड २२ लाख रुपैयाँ लागतमा भवन निर्माणको जिम्मा लिएको थियो । तर, उसले टेन्डर बिड गर्दा घटेर १८ करोडमा तीन वर्षमा सक्ने गरी काम लिएको रामपुर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष वासुदेव भट्टराईले बताए । 'म्याद सकिएको तीन वर्ष भइसक्यो,' उनले भने, 'अहिले असार मसान्तसम्म पनि पाइन्छ कि भनेको पाइएको छैन । काम अझै धेरै नै बाँकी छ ।' वर्षभरिमा वैशाख, जेठ, असारमा काम गर्ने निर्माण व्यवसायीले पछिल्लो समय कोरोनाको बहाना बनाउँदै काम नगरी बर्सेनि म्याद थप्दै बसेका छन् ।

पाल्पा, स्याङ्जा, तनहुँ र पूर्वी नवलपरासीका केही भागका जनतालाई स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने उद्देश्यले ५० शय्याको अस्पतालका लागि भवन निर्माण थालिएको रामपुर अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. विजय परियारले बताए । 'भवन समयमा निर्माण नहुँदा कर्मचारीले बस्ने ठाउँसमेत पाएका छैनन्,' उनले भने, 'सेवा सञ्चालन गर्नसमेत मुस्किल परेको छ ।' पुरानो भवनबाटै काम चलाउनुपरेको छ ।

रामपुर नगरपालिकास्थित कालीगण्डकी नदीमा निर्माण सुरु भएको भुजात र स्याङ्जाको चापाकोट जोड्ने पुल १० वर्षदेखि अलपत्र छ । १२ करोड लागत बढेर १८ करोड रुपैयाँ पुगिसक्यो । दुई प्रदेश जोड्ने कालीगण्डकी नदीमा निर्माण सुरु गरेको पक्की पुल ठेक्का लागेको वर्षौंसम्म अलपत्र रहेको सडक डिभिजनका प्रमुख मुकुन्द अधिकारीले बताए । स्थानीयले भने निर्माण व्यवसायी र सडक डिभिजनको लापरबाहीले नदीमा पुल निर्माण सम्पन्न हुन नसकेको आरोप लगाउने गरेका छन् । यही नजिक अर्को पक्की पुल पनि १० वर्षदेखि अलपत्र छ ।

रामपुरको प्याकलुकदेखि स्याङ्जाको चापाकोट नगरपालिका जोड्ने उक्त पुलमा १० वर्षसम्म अझै काम सकिएको छैन । यसको लागत पनि १२ करोडबाट बढेर १५ करोड रुपैयाँ पुगेको छ । चापाकोट जोड्ने भुजात र प्याक्लुकका दुवै पुलका डिजाइनमा गल्ती भेटिएको बताइएको छ । 'काम सुरु गरेपछि नै पोलमा समस्या आएको हो,' सडक डिभिजन कार्यालयका प्रमुख अधिकारीले भने, 'अहिले त्यसको डिजाइन नै परिवर्तन गरेर काम अघि बढेको छ ।'

चापाकोट-भुजात र प्याक्लुक-चापाकोट दुई पक्की पुल १० वर्षमा ४० प्रतिशत मात्र काम भएको छ । पुल निर्माणको ठेक्का पाएको निर्माण व्यवसायी, कन्सल्टेन्ट र सरोकारवालाको

> पछिल्लो समय कोरोनाको बहाना बनाउँदै काम नगरी बर्सेनि म्याद थप प्रयास

बेवास्ताका कारण निर्माणमा ढिलाइ हुँदा सरोकारवाला निकायको ध्यान नपुगेको र निर्माण सम्पन्न नभएको स्थानीय रवीन्द्र पंगेनीले बताए । रम्भाको असेर्दी, बगनासकालीको यम्घामा सुरु गरिएका पुलको पनि काम भएको छैन ।

तानसेन नगरपालिका-७, बाघखोरमा निर्माणाधीन कोल्ड स्टोर ९ वर्षदेखि अझै सम्पन्न हुन सकेको छैन । २०६९ फागुन २३ मा निर्माण सुरु भएर २०७१ जेठ १५ मा सकिने गरी निर्माण व्यवसायीसँग सम्झौता भए पनि अझै सम्पन्न हुन नसकेको हो । तानसेनस्थित घरेलु तथा साना उद्योग कार्यालय परिसरमा निर्माण सुरु भएको एकीकृत भवन ६ वर्षसम्म पनि काम सकिएको छैन । दुईवटा भवन निर्माण कहिले काम सुरु भएको र काम सकिने कहिले हो भन्नेसमेत जानकारी छैन । कति बजेटको हो भन्नेसमेत कहींकतै उल्लेख छैन । निर्माण व्यवसायी कुन हो र कसले, कहिले सम्पन्न गर्नेसमेत कतै उल्लेख छैन । सहरी विकास तथा भवन निर्माण विभाग, संघीय कार्यान्वयन इकाइ भैरहवाबाट काम भए पनि पटकपटक सम्पर्क गर्दासमेत जानकारी पाइएको छैन ।

जिल्लामा ४० भन्दा बढी आयोजना निर्माण व्यवसायी र कार्यालय प्रमुखको लापरबाहीले अलपत्र छन् । सडक निर्माण, पक्की पुल, भवन निर्माण, कृषि, पर्यटकीय स्थल, स्वास्थ्य चौकी, अस्पताल भवन निर्माणका ठेक्का आयोजनामा पेस्की लिएर निर्माण व्यवसायी बेपत्ता हुने र काम नगर्ने प्रवृत्ति छ । दुई वर्षदेखि तानसेन नगरपालिकाले तानसेन श्रीनगर डाँडामा 'बिग बुद्ध' बनाउने योजना पनि अघि बढेको छैन । 'गत वर्ष पनि नगरपरिषद्बाट बजेट छुट्याइएको थियो,' नगर प्रमुख अशोककुमार शाहीले भने, 'विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार नभइसकेकाले काम अघि बढ्न सकेन ।' यस वर्ष पनि काम हुन सकेन । यही योजनाका लागि हरेक वर्ष बजेट विनियोजन भने भइरहेको छ ।

सार्वजनिक निजी साझेदारीअन्तर्गत रानीमहल, श्रीनगरका लागि टेन्डर परे पनि काम अघि बढेको छैन । राजमार्गमा विश्रामस्थल (रिफ्रेसमेन्ट सेन्टर) निर्माणका लागि पनि सार्वजनिक साझेदारी कार्यक्रमअन्तर्गत सेवाग्राही छनोट भए पनि काम नभएको सूचना अधिकारी दुर्गा थापाले बताए । जिल्लामा सडक निर्माण, स्तरोन्नति, कालोपत्र, सिमेन्ट उद्योग पहुँचमार्गको कामसमेत अलपत्र छन् । सिद्धबाबा क्षेत्रमा कालोपत्र गर्ने ठेक्का पनि समयमा सम्पन्न भएको छैन । १८ महिनामा सक्ने गरी ठेक्का सम्झौता भएको उत्तर-दक्षिण कालीगण्डकी लोकमार्ग आयोजनाका दुई निर्माण व्यवसायीले ठेक्का लिएको आठ वर्षसम्म पूरा गरेका छैनन् । करिडोरको रिडीदेखि राम्दीसम्म ५ करोड बढीको काम सम्पन्न हुन नसकेको आयोजना प्रमुख सुबोध देवकोटाले बताए ।

थोरै काम गरेर निर्माण व्यवसायी सम्पर्कमा नआउने र कार्यालयले काम गराउन नसक्ने अवस्था रहेको उनले बताए । 'ट्र्याक खुलाउने काम सफल भएको छ,' उनले भने, 'अझै दुई निर्माण व्यवसायीको काम सम्पन्न गराउन सकिएको छैन ।' जलस्रोत तथा सिँचाइ विकास डिभिजन, पूर्वाधार विकास कार्यालय, पुल योजना पश्चिम क्षेत्र सेक्टर नम्बर ४, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका करोडौंका योजना पनि अलपत्र छन् । सहरी विकास तथा भवन कार्यालयअन्तर्गतका निर्माणका काम पनि अलपत्र छन् । डिभिजनअन्तर्गत २५ बढी भवन निर्माणको काम समयमा सकिएको छैन । सडक पूर्वाधार विकास कार्यालयअन्तर्गतका योजना पनि समयमा काम नसकेर अलपत्र छन् ।

# महिला मृत फेला

नेपालगन्ज (कास)- बाँकेको जानकी गाउँपालिका-२, नेवाजी गाउँकी ४० वर्षीया ननकुन्नी धोबी मंगलबार मृत फेला परेकी छन् । घरमै झुन्डिएको अवस्थामा शव फेला परे पनि माइती पक्षले हत्या भएको आशंका गरेका छन् । मृतकका भाइ माताप्रसाद अहिले दिदीको मृत्युको कारण बुझ्न प्रहरी कार्यालय धाइरहेको बताए । मृतक ननकुन्नीले लामो समयदेखि श्रीमान्बाट कुटपिटका साथै विभिन्न किसिमको यातना सहँदै आएको उनका आफन्तले बताए । बाँके प्रहरीले घटनापछि मृतक महिलाका श्रीमान् रामकुमार धोबीलाई नियन्त्रणमा लिई छाडेको छ । बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले अनुसन्धानबाट आत्महत्या नै भएको खुलेको जानकारी दिए ।

**Request for Quotations (RFQ) For Vehicle Procurement** — World Vision

**IFB No: WVIN/SCM/2021-06, Published date: July 30, 2021**

World Vision International Nepal (WVIN) is an INGO committed to working with vulnerable children, families, and communities to overcome poverty and injustice. WVIN is facilitating a procurement of **4 units of 4WD Single CAB Pickups** having spec as per attached annex-2 on behalf of its Partner NGOs. Hence, WVIN invites interested manufacturers/authorized dealers to submit electronic quotation for it. Suppliers are advised to visit the link: **https://bit.ly/3BV4fUT** to access the RFQ document. Quotation submission deadline is August 08, 2021 by 12:00 Noon. WVIN reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

**SCM Department, WVIN Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877 Email: npl_supplychain@wvi.org**

KANTIPUR PUBLICATIONS PVT. LTD. — KMG KANTIPUR MEDIA GROUP

**आवश्यकता**

यस पब्लिकेसन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- काठमाडौं - ३० जना (पुरुष/महिला)
- विराटनगर - १५ जना (पुरुष/महिला)
- भरतपुर - १५ जना (पुरुष/महिला)
- पोखरा - १० जना (पुरुष/महिला)
- नेपालगन्ज - १० जना (पुरुष/महिला)

आवेदन दिने अन्तिम मितिः– २०७८ श्रावण १५ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
धरानरोड, नेमुवा, मोरङ
फोन नं.: ०२१–४१८०७६, ४१८०७४
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
कारकादो, भुजईगाउँ, नेपालगन्ज
फोन नं.: ०८१–५५१०९४
E-mail: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं.: ०५६–५२८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सिर्जनाचोक, पोखरा
फोन नं.: ०६१–५२५६५६
E-mail: bishow.adhikari@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१–५१३५०००
E-mail: sales@kmg.com.np

**Call for Proposal**

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare a short movie under the Information and Support To People Without Civil Documentation Project. Infographic video should be made on the laws related to Legal Identity (Citizenship). The sealed proposal containing all the documents should be submitted preferably on or before August 9, 2021 by 5 p.m. to FWLD's office.

TERMS OF REFERENCE

**Scope of Work**
- Prepare a short movie of around 15 minutes
- Content and story line will be provided by FWLD
- Must be in Nepali and also with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Technical Proposal
- Proposed budget
- Working plan
- CV of key people engaged
- Prior work sample
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year

FWLD — Forum for Women, Law and Development 1995 — Working for non-discrimination and equality
**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415

**VACANCY ANNOUNCEMENT**

Urgently requires qualified candidates for the following posts.

- **Research Coordinator :-** PHD/MD (virology Epidemiology with 2 years minimum working experience in phase I and Phase II vaccine trials whole genome sequenceing.
- **Principal of Investigator :-** PHD/MD in Immunology or infectious disease with 2 years working experience in COVID-19 vaccine trial in phase I Phase, II & III with minimum 2 articles published in Q1 or Q2 journal.
- **Program Manager :-** Master Degree in related field with minimum 2 years working experience.
- **Communication Officer :-** well command in English writing & speaking with Bachelor/Masters degree.
- **Administrative Officer :-** Bachelor/ Masters Degree in related field.
- **Microbiologist :-** B.sc/ M.sc.
- **Staff Nurse :-** Few PCL with 1 year working experience.
- **Quality Control Executive :-** M.pharma/M.sc chemist.
- **Quality Control Assistant :-** B.pharma.
- **Personal Assistant :-** Minimum Bachelor degree with 1 year working experience.
- **Accountant :-** Bachelor Degree with 1 year experience.

Please send your CV with documents at **clinicalkathmandu@gmail.com** before **5th August 2021**
Only eligible candidates call for Interview.

**वर्गीकृत डिस्प्ले**

**भाडामा**
इमाडोल स्थित डाउन टाउन हाउजिङ्ग भित्र २० फिट बाटो भएको ६ आनामा बनेको २.५ तल्ले आधुनिक घर भाडामा
सम्पर्क: ९८५११०२५८४

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**सूचना**
नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौंको लागि खाद्यान्न तथा तरकारी आपूर्ति गर्न ३५ दिने कोटेशन माग सम्बन्धी सूचना ।
विस्तृत जानकारीको लागि
फोन नं. ०१–४९११६७८

**भाडामा**
बबरमहलको प्राईम लोकेसनमा रहेको पार्किङ्ग सुविधा भएको
Furnished Office-2
फ्ल्याट एवम् सटर गोदाम–१
भाडामा छ
सम्पर्क: 9851124618, 9611066618
Email: kamalanepal64@gmail.com

काठमाडौंको लागि
**डिलर चाहियो**
आलमोनियमको झ्याल ढोकामा प्रयोग हुने प्लाष्टिकका सामानहरु: गाइड, एंगल, ग्रिप तथा पर्दाका पाईप, इत्यादी
यू. एण्ड के. प्लाष्टिक प्रोडक्ट्स, वीरगंज
सम्पर्क नं. ९८५५०२६३६६
Website: www.uk-plastic.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# ८ दिन सडक बन्द

**कान्तिपुर संवाददाता** (सल्यान)



**स्तरोन्नतिका लागि यातायात सेवा बन्द गरिएको खलंगा–बाबियाचौर–बालुवासंग्रही सडक ।** *तस्बिर : विप्लव महर्जन/कान्तिपुर*

सदरमुकाम खलंगा हुँदै कर्णाली प्रदेशको राजधानी सुर्खेत जोड्ने सडक आठ दिनका लागि बन्द गरिएको छ । सडक स्तरोन्नतिको काम भइरहेकाले खलंगा-बाबियाचौर-बालुवासंग्रही सडक बिहीबारदेखि आठ दिनका लागि बन्द गरिएको हो ।

जिल्ला प्रशासन कार्यालयले सार्वजनिक सूचना जारी गरी सडक बन्द भएको जनाएको छ। सडक बन्द भएपछि बन्गाडकुपिन्डे नगरपालिकासहित पश्चिम क्षेत्रका बासिन्दालाई सुर्खेत र नेपालगन्ज जान समस्या भएको छ ।

स्थानीय घण्टौं पैदल हिँडेर गन्तव्यमा जान बाध्य छन् । सडक स्तरोन्नतिको काममा अवरोध हुने भएपछि बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म सडक बन्द गरिएको सहायक प्रमुख जिल्ला अधिकारी थमन खड्काले बताए । उनका अनुसार सडकमा स्तर वृद्धि र डबल कटिङको काम धमाधम भइरहेको छ। उनले सुर्खेत जानका लागि कालीमाटी हुँदै वैकल्पिक मार्गको व्यवस्था गरिएको जानकारी दिए ।

उक्त सडकमा गत वर्षदेखि स्तरोन्नतिको काम थालिएको थियो । पूर्वाधार विकास कार्यालयका अनुसार सडक निर्माणका लागि १८ करोड रुपैयाँ विनियोजन गरिएको छ । सडक निर्माणको जिम्मा गाल्वा निर्माण सेवाले लिएको कार्यालयले जनाएको छ ।

# फेरि थपियो निषेधाज्ञा

सल्यान (कास)- पसल र यातायातका साधन चल्न दिने निर्णय गर्दै सल्यानमा अनिश्चितकालका लागि निषेधाज्ञा थपिएको छ । कोरोना संक्रमणको जोखिम कम नभएको भन्दै जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकले निषेधाज्ञालाई निरन्तरता दिने निर्णय गरेको हो ।

यसअघि जारी गरिएको निषेधाज्ञा बिहीबार सकिएपछि थप गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मीदेवी हुमागाईंले बताइन् । उनका अनुसार अर्को सूचना प्रकाशन नहुँदासम्म निषेधाज्ञा थप गरिएको हो । बैठकले जिल्लाका सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरू स्वास्थ्य मापदण्ड अपनाएर खोल्न दिने निर्णय गरेको छ ।

त्यस्तै, पसल तथा यातायातका साधन बिहान ५ बजेदेखि बेलुकी ८ बजेसम्म सञ्चालन हुनेछन् । होटल भने ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालन गर्न पाउने निर्णय गरिएको छ । कोरोनाको संक्रमण बढेपछि सल्यानमा वैशाख १९ गतेदेखि निषेधाज्ञा जारी गरिएको थियो ।

**Request for Quotations (RFQ) For Vehicle Procurement**

World Vision

**IFB No: WVIN/SCM/2021-06, Published date: July 30, 2021**

World Vision International Nepal (WVIN) is an INGO committed to working with vulnerable children, families, and communities to overcome poverty and injustice. WVIN is facilitating a procurement of **4 units of 4WD Single CAB Pickups** having spec as per attached annex-2 on behalf of its Partner NGOs. Hence, WVIN invites interested manufacturers/authorized dealers to submit electronic quotation for it. Suppliers are advised to visit the link: **https://bit.ly/3BV4fUT** to access the RFQ document. Quotation submission deadline is August 08, 2021 by 12:00 Noon. WVIN reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

**SCM Department, WVIN Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877 Email: npl_supplychain@wvi.org**

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG KANTIPUR MEDIA GROUP

## आवश्यकता

यस पब्लिकेसन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- काठमाडौं - ३० जना (पुरुष/महिला)
- विराटनगर - १५ जना (पुरुष/महिला)
- भरतपुर - १५ जना (पुरुष/महिला)
- पोखरा - १० जना (पुरुष/महिला)
- नेपालगन्ज - १० जना (पुरुष/महिला)

आवेदन दिने अन्तिम मितिः– २०७८ श्रावण १५ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
धरानरोड, नेमुवा, मोरङ
फोन नं.: ०२१–४१८०७६, ४१८०७४
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
कारकादो, भुजईगाउँ, नेपालगन्ज
फोन नं.: ०८१–५५१०९४
E-mail: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं.: ०५६–५२८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सिर्जनाचोक, पोखरा
फोन नं.: ०६१–५२५६५६
E-mail: bishow.adhikari@kmg.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१–५१३५०००
E-mail: sales@kmg.com.np

# अनलाइन पढाइ न नियमित कक्षा

## 'पढाइ भएको भए कम्तीमा गृहकार्यको बहानाले घरमा पढिन्थ्यो'

**राजबहादुर शाही** (मुगु)



**कोरोनाका कारण पढाइ बन्द भएपछि सुनसान मुगुको गमगढीस्थित महाकाली मावि ।** *तस्बिर : राजबहादुर/कान्तिपुर*

गमगढीस्थित महाकाली माविमा कक्षा ९ मा अध्ययनरत सुवास मल्ललाई आजभोलि दिन कटाउन मुस्किल भएको छ। कोरोना महामारीका कारण गत चैतदेखि विद्यालय बन्द भएपछि उनी लामो समय घरायसी काममा व्यस्त बने। विद्यालयले अनलाइन कक्षा सञ्चालन नगरेपछि उनलाई समय कटाउनै मुस्किल भएको हो ।

लामो समयदेखि पठनपाठन बन्द हुँदा दुर्गम गाउँका विद्यार्थी फुर्सदिला बनेका छन् । शिक्षा विकास तथा समन्वय इकाइका अनुसार मुगुमा विद्यालय तहमा झन्डै १६ हजार विद्यार्थी अध्ययनरत छन् । 'अहिले त गत वर्ष पढेको सबै कुरा बिर्सियो,' मल्लले भने, 'अनलाइन कक्षा पनि छैन, विद्यालय पनि खुल्दैन ।'

सदरमुकाममा रहेका केही विद्यालयका विद्यार्थीले अनलाइन कक्षा पढ्न सञ्चालन गरे पनि ग्रामीण क्षेत्रका विद्यार्थी लामो समयदेखि पठनपाठनबाट वञ्चित छन् । 'गाउँमा नेट चल्दैन, कसरी अनलाइन पढ्ने ?,' उनले भने, 'पढाइ भएको भए कम्तीमा गृहकार्यको बहानाले घरमा पढिन्थ्यो ।' कोरोना महामारीका कारण दुई वर्षदेखि बालबालिकाको पढाइ बिग्रिएपछि अभिभावकसमेत चिन्तित छन् ।

पठनपाठन नभएपछि ग्रामीण क्षेत्रका अभिभावकले बालबालिकालाई घरायसी काममा लगाउन थालेका छन् । 'कहिले स्कुल सञ्चालन होला भनेर दिन गन्दै बस्नुपरेको छ,' छायानाथरारा नगरपालिका-४ का पदम रावलले भने, 'बच्चाहरू घरमा पढ्न मान्दैनन्, स्कुल खुल्ने टुंगो अझै छैन ।'

विद्यालय नखुल्दा बालबालिकाको बानीसमेत बिग्रिएको उनले बताए । जिल्लामा गत वर्ष असार १ गतेदेखि नयाँ शैक्षिक शत्र सुरु भएको थियो । तर यो वर्ष जिल्लाका कुनै पनि स्थानीय तहले विद्यालय सञ्चालनको निर्णय गरेका छैनन्। सबै विद्यार्थी र शिक्षकलाई कोरोनाविरुद्धको खोप लगाएर मात्र विद्यालय सञ्चालन गर्नुपर्ने शिक्षक संघका अध्यक्ष जंगबहादुर शाहीले बताए ।

### पुगेन पाठ्यपुस्तक

जिल्लामा नयाँ शैक्षिक सत्र सुरु भएको एक महिना बित्दासमेत पाठ्यपुस्तक पुग्न सकेको छैन । पुस्तक ढुवानीको जिम्मा लिएको जयलक्ष्मी स्टेसनरीको लापरबाहीले विद्यार्थीहरू पाठ्यपुस्तकबाट वञ्चित भएका हुन् ।

पाठ्यपुस्तक नपाउँदा विद्यार्थीको घरमा पढ्ने चाहना पूरा नभएको स्थानीय अभिभावक कमल शाहीले बताए । 'पाठ्यपुस्तक आए विद्यार्थीले कम्तीमा घरमा पढ्न त पाउँथे,' उनले भने, 'लगातार दुई वर्षसम्म पठनपाठन अवरुद्ध हुँदा विद्यार्थीको सिकाइस्तर खस्किएको छ ।'

मुगु आउने पुस्तक प्रादेशिक कार्यालय सुर्खेतमा तयारी अवस्थामा राखिएको स्टेसनरीका प्रोपराइटर जयलक्ष्मी भामले बताए । उनका अनुसार वर्षाले सडक अवरुद्ध हुँदा पुस्तक ढुवानीमा समस्या भएको हो । नयाँ पाठयपुस्तक ढुवानीका लागि गाउँपालिकाको शिक्षा शाखाले विद्यालयको खातामा बजेट पठाउने गरेको छ । स्टेसनरीले पुस्तक ढुवानी गरी जिल्लामा पुर्‍याएपछि विद्यालयले किनेर विद्यार्थीलाई वितरण गर्ने गरेका छन् । कोरोनाका कारण मुगुको शैक्षिक क्षेत्र थला परेको इकाइ प्रमुख सूर्य खत्रीले बताए । उनका अनुसार यो वर्ष असारबाट नयाँ शैक्षिक सत्र सुरु गरिएको थियो ।

### दुर्गममा होम ट्युसन

मुगुमकार्मारोङ गाउँपालिका र छायानाथरारा नगरपालिकाले विद्यार्थीको सहजताका लागि होम ट्युसन सञ्चालन गरिरहेका छन् । कोरोना महामारीका कारण विद्यालय बन्द भएपछि घरमै गएर बालबालिकालाई पढाउने व्यवस्था मिलाइएको हो ।

विद्यार्थीका लागि वैकल्पिक पाठ्यपुस्तकको व्यवस्था गरेर पठनपाठन सञ्चालन गरिरहेको मुगुमकार्मारोङ गाउँपालिकाका शिक्षा शाखा प्रमुख सुवास रावलले बताए । उनका अनुसार कक्षा सञ्चालनका लागि शिक्षक नै विद्यार्थीको घरमा पुग्ने गरेका छन् ।

विद्यार्थीको घरमै गएर पढाउने व्यवस्था मिलाउन सामुदायिक विद्यालयलाई २९ हजारदेखि १ लाख रुपैयाँसम्म बजेट निकासा गरिएको उनले जानकारी दिए । १७ सामुदायिक विद्यालयमा वैकल्पिक कक्षा सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ ।

छायानाथरारा नगरपालिकाले पनि ३८ लाख रुपैयाँ विनियोजन गरी वैकिल्पक कक्षा सञ्चालन गरिरहेको छ। सबै सामुदायिक विद्यालयका विद्यार्थीलाई २ सय रुपैयाँ उपलब्ध गराएर सिम खरिद गर्न लगाई पठनपाठन सञ्चालन गरिरहेको नगरपालिकाका शिक्षा शाखा प्रमुख खड्ग रोकायाले बताए ।

यसैबीच, कोरोना महामारीका कारण लामो समयदेखि विद्यालय नखुल्दा जिल्लाका अधिकांश विद्यालय बाँझा बनेका छन् । लामो समयदेखि पठनपाठन नभएपछि भवन, खेलमैदान, पुस्तकाल, कम्प्युटर कक्षालगायतका संरचना बाँझिएका हुन् । विद्यालयमा विद्यार्थी जान छोडेपछि अधिकांश विद्यालयका चौरमा घाँस पलाएको सर्वोदय माविका प्रधानाध्यापक लोकेन्द्र कार्कीले बताए । 'हरेक दिन चहलपहल हुने विद्यालय चरन क्षेत्रजस्तै बनेका छन्,' उनले भने, 'अधिकांश कक्षाकोठामा माकुराको जालो लागेको छ ।'

# कुशेमा वैकल्पिक सिकाइ

जाजरकोट (कास)- कुशे गाउँपालिकाले कोभिड-१९ को महामारीका बेला शिक्षण सिकाइमा परेको असरलाई कम गर्न वैकल्पिक शिक्षाका रूपमा गृह विद्यालयको अवधारणा अघि सारेको छ। यसका लागि गाउँपालिकाले विद्यालयलाई २५ बुँदे परिपत्र गरेको जनाएको छ ।

बिहीबार कुशेमा आयोजित शिक्षा संवाद कार्यक्रममा गाउँपालिका अध्यक्ष हरिचन्द्र बस्नेतले वैकल्पिक शिक्षणका लागि अभिभावक तथा शिक्षकहरूलाई अभिमुखीकरण, विद्यालयमा दरबन्दी थप गर्ने जस्ता कार्य गरिएको बताए । 'कोभिडका बेला हाम्रो पालिकामा पनि विद्यालयको पठनपाठन प्रभावित भयो, अहिले पनि विद्यालयहरू सञ्चालन हुन सकेका छैनन्,' उनले भने, 'हामीले वैकल्पिक रूपमा शिक्षाका लागि गरिएका कतिपय प्रयासहरू सञ्चारको अभावमा सफल हुन सकेनन्, दुर्गम क्षेत्रमा सञ्चारको अभावले वैकल्पिक शिक्षामा चुनौती आउने गरेको छ ।' उनले आफ्नो स्थानीय तहमा शिक्षा नीति बनाएर वैकल्पिक शिक्षाको विषय समावेश गरेको बताए ।

दुर्गम क्षेत्रमा सञ्चारको आधुनिक प्रविधि, विद्यालयमा जनशक्तिको अभाव, परिवारमा शिक्षित व्यक्तिको अभाव जस्ता कारणले वैकल्पिक शिक्षण प्रभावकारी बन्न सकेको छैन । शिक्षा पत्रकार समूह र सेभ द चिल्ड्रेनले आयोजना गरेको शिक्षा संवादमा वक्ताहरूले कोभिडका कारण पढाइ प्रभावित भएको बताए ।

संवादमा सहभागी गाउँपालिकाका शिक्षा शाखा प्रमुख जनकबहादुर शाहले गाउँपालिकाभित्रका ४ सय घरमा शिक्षक राखेर वैकल्पिक शिक्षण सिकाइ सञ्चालन गरिएको बताए । घरमै पुगेर बालबालिकालाई पढाउन बालविकास कक्षा शिक्षकलाई अभिमुखीकरण, स्वअध्ययन सामग्री निर्माणजस्ता वैकल्पिक सिकाइ गरिएको उनको भनाइ छ । 'अब गाउँपालिकाले आफ्नै रेडियो स्थापना गरेर त्यसबाट वैकल्पिक शिक्षा दिने योजना बनाएको छ,' उनले भने ।

## Call for Proposal

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare a short movie under the Information and Support To People Without Civil Documentation Project. Infographic video should be made on the laws related to Legal Identity (Citizenship). The sealed proposal containing all the documents should be submitted preferably on or before August 9, 2021 by 5 p.m. to FWLD's office.

**TERMS OF REFERENCE**

**Scope of Work**
- Prepare a short movie of around 15 minutes
- Content and story line will be provided by FWLD
- Must be in Nepali and also with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Proposed budget
- CV of key people engaged
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year
- Technical Proposal
- Working plan
- Prior work sample

FWLD 1995 Working for non-discrimination and equality
**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415

## VACANCY ANNOUNCEMENT

Urgently requires qualified candidates for the following posts.

- **Research Coordinator :-** PHD/MD (virology Epidemiology with 2 years minimum working experience in phase I and Phase II vaccine trials whole genome sequenceing.
- **Principal of Investigator :-** PHD/MD in Immunology or infectious disease with 2 years working experience in COVID-19 vaccine trial in phase I Phase, II & III with minimum 2 articles published in Q1 or Q2 journal.
- **Program Manager :-** Master Degree in related field with minimum 2 years working experience.
- **Communication Officer :-** well command in English writing & speaking with Bachelor/Masters degree.
- **Administrative Officer :-** Bachelor/ Masters Degree in related field.
- **Microbiologist :-** B.sc/ M.sc.
- **Staff Nurse :-** Few PCL with 1 year working experience.
- **Quality Control Executive :-** M.pharma/M.sc chemist.
- **Quality Control Assistant :-** B.pharma.
- **Personal Assistant :-** Minimum Bachelor degree with 1 year working experience.
- **Accountant :-** Bachelor Degree with 1 year experience.

Please send your CV with documents at **clinicalkathmandu@gmail.com** before **5th August 2021**
Only eligible candidates call for Interview.

# लिमीमा डिपो

हुम्ला (कास)- हिमालपारिको गाउँ लिमीमा खाद्य डिपो स्थापनाको तयारी गरिएको छ। सदरमुकाम सिमकोटबाट तीन दिनको पैदल दूरीमा रहेको लिमीमा पहिलोपल्ट खाद्य डिपो स्थापना गर्न लागिएको हो ।

नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका अनुसार पटकपटक खाद्यान्न अभाव भएपछि लिमीका बासिन्दाले गाउँमा खाद्य डिपो स्थापनाको माग गर्दै आएका थिए । सदरमुकाम सिमकोटदेखि लिमीसम्म खाद्यान्न तथा अन्य सामग्री ढुवानी गर्न प्रतिकिलो करिब एक सय रुपैयाँ भाडा तिर्नुपर्ने बाध्यता छ ।

गत कात्तिकमा लिमीमा खाद्यान्न अभाव भएपछि कम्पनीले डिपो स्वीकृतिको प्रक्रिया सुरु गरेको थियो । गत वर्ष लिमीका बासिन्दाका लागि चार सय क्विन्टल खाद्यान्न लिमी पठाइएको कम्पनीले जनाएको छ । कम्पनीका सूचना अधिकारी भरत अधिकारीले डिपोका लागि कर्मचारी खटाउन थालिएको बताए । उनका अनुसार यसअघि नाम्खा गाउँपालिकाको केन्द्र याल्वाङ र शाखा कार्यालय सिमकोटबाट लिमीसम्म खाद्यान्न ढुवानी गर्दा स्थानीयबाटै भाडा उठाइएको थियो ।

बिक्री केन्द्रका लागि यो वर्ष ५ सय क्विन्टल खाद्यान्न कोटा निर्धारण गरिएको उनले जानकारी दिए । कम्पनीका अनुसार लिमीका लागि कोरोना संक्रमणमा सुधार भएपछि काठमाडौंबाट रसुवा हुँदै तिब्बती मार्ग भएर खाद्यान्न ढुवानी हुनेछ । यदि त्यो सम्भव नभए नेपालगन्ज र सुर्खेतबाट चामल ढुवानीको व्यवस्था मिलाइने उनले बताए ।

## वर्गीकृत डिस्प्ले

**भाडामा**
इमाडोल स्थित डाउन टाउन हाउजिङ्ग भित्र २० फिट बाटो भएको ६ आनामा बनेको २.५ तल्ले आधुनिक घर भाडामा
सम्पर्क: ९८५११०२५८४

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**सूचना**
नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौंको लागि खाद्यान्न तथा तरकारी आपूर्ति गर्न ३५ दिने कोटेशन माग सम्बन्धी सूचना ।
विस्तृत जानकारीको लागि
फोन नं. ०१–४९११६७८

**भाडामा**
बबरमहलको प्राईम लोकेसनमा रहेको पार्किङ्ग सुविधा भएको
Furnished Office-2
फ्ल्याट एवम् सटर गोदाम–१
भाडामा छ
सम्पर्क: 9851124618, 9611066618
Email: kamalanepal64@gmail.com

काठमाडौंको लागि
**डिलर चाहियो**
आलमोनियमको झ्याल ढोकामा प्रयोग हुने प्लाष्टिकका सामानहरु: गाइड, एंगल, ग्रिप तथा पर्दाका पाईप, इत्यादी
यू. एण्ड के. प्लाष्टिक प्रोडक्ट्स, वीरगंज
सम्पर्क नं. ९८५५०२६३६६
Website: www.uk-plastic.com

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# शुक्लाफाँटामा बघिनीभन्दा बाघ बढी

**कान्तिपुर संवाददाता** (कञ्चनपुर)

दशकअघि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघको संख्या १७ थियो । २०१८ को राष्ट्रिय गणनामा उक्त संख्या घटेर १६ पुग्यो । देशका अन्य निकुञ्ज तथा संरक्षित क्षेत्रमा बाघको संख्या उल्लेख्य मात्रामा बढिरहे पनि शुक्ला फाँटामा भने बढ्न सकेको छैन । २०१३ को राष्ट्रिय गणनाअघिको तुलनामा त यहाँ बाघको संख्या निकै घटेको छ ।

कम क्षेत्रफलमा बाघको बढी घनत्व भएको निकुञ्जका रूपमा चिनिने शुक्लाफाँटा बाघको बासस्थान र आहाराका लागि नेपालमै उत्कृष्ट मानिन्छ । चोरीसिकारी पनि नियन्त्रणमा छ । आहारा र बासस्थान राम्रो हुँदा पनि भाले र पोथीको अनुपात नमिल्दा यहाँ बाघको संख्या बढ्न नसकेको संरक्षणकर्मीहरू बताउँछन् । 'पोथीभन्दा भालेको संख्या बढी छ,' बिहीबार बाघ दिवसका अवसरमा आयोजित कार्यक्रममा निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिनबहादुर पुर्जा पुनले भने, 'लगातार दुई/तीन गणनादेखि भालेको संख्या बढेको छ ।' एक भाले बराबर ३ देखि ६ पोथी आवश्यक पर्ने पुनले बताए । तर यहाँ ठीक उल्टो भएका कारण बाघको संख्या बढ्न नसकेको हो । २०१८ को राष्ट्रिय गणनाअनुसार शुक्लाफाँटामा १५ बाघ क्यामेरा ट्र्यापमा परेका छन् । तीमध्ये ९ भाले र ६ पोथी छन् । क्यामेरामा परेका बाघको तस्बिर अनुसन्धानपश्चात् निकुञ्जमा १६ बाघ रहेको तथ्य सार्वजनिक गरिएको हो ।

भाले र पोथीको अनुपात नमिल्दा भालेहरू एकआपसमै लडेरसमेत मर्ने खतरा हुन सक्ने संरक्षणकर्मीहरू बताउँछन् । यसबाहेक भाले र पोथीबीच सम्पर्क नै हुन नसक्ने अवस्थासमेत आउने उनीहरू बताउँछन् । 'भाले पोथीको अनुपात मात्रै होइन, विकास निर्माणका कारण बाघको बासस्थान पनि खण्डीकरण हुँदै छ,' प्रमुख संरक्षण अधिकृत पुनले भने, 'कतै सिँचाइका आयोजना छन्, कतै सडक र कतै निकुञ्जभित्रै मानवबस्ती ।' उनका अनुसार विभिन्न विकास निर्माणका आयोजनाले बासस्थान खण्डीकरण हुँदा बाघलाई विचरण गर्न समस्या हुन थालेको छ । तत्कालीन शुक्लाफाँटा आरक्ष विस्तारका क्रममा विस्थापित भएकाहरूको पुन:स्थापनान हुँदा उनीहरू निकुञ्जभित्रै विभिन्न ठाउँमा शिविर बनाएर बसेका छन् । निकुञ्ज कार्यालयले यस वर्ष पनि बाघ र आहारा प्रजातिको अनुगमन गरेको छ । जेठमा गरिएको अनुगमनको नतिजा सार्वजनिक गरिएको छैन । प्रारम्भिक अध्ययनको नतिजा हेर्दा भने उत्साहजनक अवस्था रहेको प्रमुख संरक्षण अधिकृत पुन बताउँछन् । 'प्रारम्भिक अध्ययनले बाघको संख्या पनि केही बढेको हुन सक्ने देखाउँछ, आहाराको अवस्थामा पनि थप सुधार आएको छ,' उनले भने, 'अन्तिम नतिजाका लागि भने विभागमा पनि अध्ययन भइरहेको छ ।' जेठ ३ देखि २५ गतेसम्म क्यामेरा ट्र्यापिङ प्रविधिबाट बाघ र आहारा प्रजातिको अनुगमन गरिएको हो । निकुञ्ज कार्यालयले राष्ट्रिय प्रकृति संरक्षण कोषको सहयोगमा अनुगमन गरेको थियो । निकुञ्जमा विभिन्न स्थानमा ८८ जोडी स्वचालित क्यामेराहरू जडान गरिएका थिए । अहिले तिनै क्यामेराले कैद गरेका तस्बिरको अनुसन्धान भइरहेको छ ।

### निकुञ्जमा ८८ जोडी स्वचालित क्यामेराले क्यामेराले कैद गरेका तस्बिरको अनुसन्धान

२०१३ को राष्ट्रिय गणनामा शुक्लाफाँटामा प्रतिवर्गकिमिमा बाघका आहारा ६९ वन्यजन्तु भेटिएका छन् । जुन अन्य संरक्षित क्षेत्रको तुलनामा निकै राम्रो हो । अहिले गरिएको अनुगमनमा आहारा प्रजातिमा पनि उल्लेख्य सुधार भएको प्रारम्भिक अध्ययनले देखाएको छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग जोडिएको क्षेत्रमा समेत बाघ देखिन थालेकाले संरक्षणमा पनि चुनौती थपिएको राष्ट्रिय प्रकृति संरक्षण कोषको शुक्लाफाँटा संरक्षण कार्यक्रमका प्रमुख लक्ष्मीराज जोशीले बताए ।

**Request for Quotations (RFQ) For Vehicle Procurement**

World Vision

**IFB No: WVIN/SCM/2021-06, Published date: July 30, 2021**

World Vision International Nepal (WVIN) is an INGO committed to working with vulnerable children, families, and communities to overcome poverty and injustice. WVIN is facilitating a procurement of **4 units of 4WD Single CAB Pickups** having spec as per attached annex-2 on behalf of its Partner NGOs. Hence, WVIN invites interested manufacturers/authorized dealers to submit electronic quotation for it. Suppliers are advised to visit the link: **https://bit.ly/3BV4fUT** to access the RFQ document. Quotation submission deadline is August 08, 2021 by 12:00 Noon. WVIN reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.

**SCM Department, WVIN Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877 Email: npl_supplychain@wvi.org**

KANTIPUR PUBLICATIONS PVT. LTD. KMG KANTIPUR MEDIA GROUP

## आवश्यकता

यस पब्लिकेसन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- काठमाडौं - ३० जना (पुरुष/महिला)
- विराटनगर - १५ जना (पुरुष/महिला)
- भरतपुर - १५ जना (पुरुष/महिला)
- पोखरा - १० जना (पुरुष/महिला)
- नेपालगन्ज - १० जना (पुरुष/महिला)

आवेदन दिने अन्तिम मिति:– २०७८ श्रावण १५ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
धरानरोड, नेमुवा, मोरङ
फोन नं.: ०२१-४१८०७६, ४१८०७४
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
कारकादो, भुजईगाउँ, नेपालगन्ज
फोन नं.: ०८१-५५१०९४
E-mail: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं.: ०५६-५२८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सिर्जनाचोक, पोखरा
फोन नं.: ०६१-५२५६५६
E-mail: bishow.adhikari@kmg.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१३५०००
E-mail: sales@kmg.com.np

# पाँच दशकदेखि रोकिएन पहिरो

## आँटी र झुल्चौरा बस्तीका ७ परिवार विस्थापित हुने क्रममा

**मनोज बडू** (दार्चुला)

२०२८ सालमा व्यास गाउँपालिका-४ स्थित मडगाउँमा पहिरो आउन सुरु भएको हो । उक्त ठाउँमा ५० वर्षदेखि निरन्तर पहिरो आइरहेको स्थानीयले बताएका छन् । अहिले मडगाउँसँगै आँटी र झुल्चौरा बस्ती पहिरोको उच्च जोखिममा छन् ।

स्थानीय गोविन्द भुलका अनुसार २०२८ देखिको पहिरो रोकिएको छैन । पहिरोको जोखिममा रहेको मडगाउँ उतिबेला नै विस्थापित भइसकेको थियो । अहिले पहिरोले आँटी र झुल्चौरा बस्तीका ७ परिवार विस्थापित हुने क्रममा छन् । उनले भने, 'आँगनको डिलसम्म पहिरो पुगिसकेको छ । पानी परेको दिन रातिको समयमा नसुतेर पहिरो खस्ने त्रासमा जागाराम बस्नुपरेको छ ।

२०५२ सम्म निरन्तर पहिरो आइरहेको र अहिले कहिलेकाहीं पहिरो आउने गरेको छ । अहिलेसम्म २२ घरधुरीहरू पहिरोमा परिसकेका छन् । तीन बस्तीका दर्जनौं घर पहिरोको उच्च जोखिममा रहेका झुल्चौराका जयराम भुलले बताए । 'योसँगै २०३९ र ४० सालदेखि पहिरोले ठूलो रूप लिन सुरु गरेको हो । अझै रोकिएको छैन,' उनले भने, 'पहिरो नियन्त्रणबारे सरकारले खासै चासो नदिँदा लामो समयदेखि जोखिममा बस्दै आएका छौँ ।' वर्षौंदेखि निरन्तर बर्खायाममा गाउँसम्मै पहिरो जान थालेपछि यहाँका बस्तीहरू असुरक्षित भएको उनको भनाइ छ ।

यो क्षेत्रमा पहिरो आउने क्रम नरोकिएपछि बस्ती छोडेर अन्यत्र जाने विस्थापित परिवारको संख्या बढ्दै गएको छ । 'घर खेत पहिरोले कटान गरिसकेपछि आफन्त र गाउँलेहरूको जमिनमा सानो अस्थायी घरहरू बनाएर बसेका छौँ,' सोही ठाउँका देवराम कामीले भने, 'खेत सबै पहिरोले लगेपछि मजदुरी र ऋण सापटी गरेर परिवारको गुजारा चलाउँदै आएका छौँ ।'

स्थानीयस्तरमा मजदुरी नपाएपछि भारतीय क्षेत्रमा गएर दैनिक ज्यालादारीमा काम खोज्दै घरखर्च जुटाउनुपरेको उनले बताए । रोजगारीका लागि भारत गएको अवस्थामा पहिरोको जोखिममा रहेका घरपरिवारको चिन्ताले सताउने गरेको देवरामले बताए ।



२०२८ देखि पहिरो आउन सुरु भएको व्यास गाउँपालिका-४ को झुल्चौरा बस्तीमुनिको पहिरो । *तस्बिर : मनोज/कान्तिपुर*

पहिरो नरोकिए घरजग्गा कटान भएर यही बर्खासम्म विस्थापित हुने डर लागेको आँटीका गंगादत्त भट्टले भने । २०५० देखि ५२ सालसम्म ठूलै पहिरो खस्ने गरेको थियो । त्यसपछि केही रोकिएको र अहिले पहिरो खस्ने क्रम जारी रहेको उनले बताए । पुरानो बस्तीनजिकै पहिरो खस्ने गरेकोले त्यहाँका अधिकांश घरपरिवार अन्यत्र सरेको उनले बताए । 'बस्तीमुनि र साइडमा पहिरो गएको छ,' उनले भने, '२०४८ सालबाटै नबस भन्दाभन्दै बसेका थियौं, हाल आएर उठीबास हुने भयो ।'

सरकारले २०४८/०४९ सालमा पहिराबाट घरखेत गुमाएका परिवारलाई अन्यत्र बसोबास गराउन तत्कालीन गाविसले लगत संकलन गरी २२ घरधुरीको स्थानान्तरणका लागि लगत पठाएको थियो । उनीहरूको अन्यत्र स्थानान्तरण भएन । पछि २०५४ मा तिनै २२ परिवारको घरजग्गा पहिरोले लगेका थियो । गाविसले जोखिममा रहेका परिवारसमेत गरेर ६२ घरपरिवारको लगत केन्द्रमा पठाएपछि संख्या बढी भएको भन्दै स्थानान्तरण नभएको स्थानीय हरकसिंह विष्टले बताए ।

तत्कालीन स्थानीय निकायले सही लगत संकलन गरी नपठाउँदा अहिले पनि आफूहरूले जोखिममै बस्नुपरेको देवरामले बताए । 'हामीलाई ज्यानको बाजी राखेर बस्नु मन छैन तर हामीलाई सरकारले व्यवस्थित ढंगले बसोबासको व्यवस्था गर्नुपर्‍यो,' उनले भने, 'हामीले गरिखाने खेतदेखि सबै जेजति भए पनि सम्पत्ति हाम्रो यहीं छ, अन्त गएपछि के गरेर खानु भन्ने चिन्ता छ ।'

भूगर्भविद्ले उक्त बस्तीमा जुनसुकै बेला पहिरो जान सक्ने भन्दै स्थानीयलाई सुरक्षित ठाउँमा सर्न उतिबेलै सुझाव दिएको विष्टले बताए । सही लगत नपाएको हुनाले अहिले पनि यहाँका बासिन्दाको सुरक्षित ठाउँमा स्थानान्तरण हुन सकेको छैन । उनीहरू जोखिम मोलेरै यही बसिरहेका छन् ।

गत आर्थिक वर्षमा पहिरो रोकथामका लागि भनेर भू-संरक्षण कार्यालय बैतडीले २५ लाखको कार्यक्रम सञ्चालन गरेको थियो । जुन ठाउँको बस्ती पहिरोको उच्च जोखिममा छ, त्यो ठाउँ छाडेर बाटो तथा खेत संरक्षणका लागि तारजालीमा बजेट खर्च गरेको स्थानीय मदनराम कामीले बताए । अहिले व्यास गाउँपालिकाले मडगाउँ पहिरो नियन्त्रणका लागि गुरुयोजना तयार गरेर डीपीआर बनाएको जनाएको छ ।

# चर्को घाममा खोप लगाउनेको लाइन

**भवानी भट्ट** (कञ्चनपुर)

महेन्द्रनगर निवासी कृष्णराज बोगटी दोस्रो चरणको खोप अभियान सुरु भएको पहिलो दिन बुधबार बिहानै परिवार नियोजन संघ कञ्चनपुरको कार्यालयमा पुगे । उनी पुग्दा कोरोनाविरुद्धको खोप लगाउनको भीड निकै बढी थियो । चर्को घाममा लामो लाइन थियो । १० वजे लाइनमा लागेका उनले दुई घण्टापछि मात्रै खोप लगाउने पालो पाए । 'यस्तो घाममा दुई/तीन घण्टा लाइन लाग्नु निकै अप्ठेरो छ, खोप केन्द्रमा व्यवस्थापन निकै कमजोर भयो,' बोगटीले भने, 'खोप लाउन आएका आफै बिरामी हुने समस्या देखियो ।' खोप केन्द्रमा मास्क, सेनेटाइजरको प्रयोग र भौतिक दूरीमा पनि खासै ध्यान पुगेको देखिएन । जसका कारण खोप केन्द्रमै संक्रमणको जोखिमसमेत बढी देखिन्छ ।

खोप लगाउने केन्द्रमा पुग्नेहरू चर्को घाम र अव्यवस्थित लाइनका कारण फर्किने गरेका थिए । उनीहरू खोप लगाउनेको लाइन घट्ने प्रतीक्षामा देखिन्थे । 'दुई/अढाई घण्टासम्म लाइन लागेर पनि खोप लगाउने पालो आएको छैन,' महेन्द्रनगरकै स्थानीय क्षेत्रज्ञ नारायण खत्रीले भने, 'खोप केन्द्रमा व्यवस्थापन निकै कमजोर देखियो ।'

कञ्चनपुरमा बुधबारदेखि जिल्लाका ९ वटै पालिकाहरूमा कोरोनाविरुद्धको खोप लगाउन सुरु भएको हो । अहिले ५५ वर्षभन्दा माथिको उमेर समुह र विगतमा छुटेको उमेर समूहकालाई खोप लगाउने योजना रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।



कञ्चनपुरको भीमदत्त नगरपालिका- ६ वनगाउँस्थित सहरी स्वास्थ्य क्लिनिकमा बिहीबार खोप लगाउनेहरूको भीड । *तस्बिर : भवानी/कान्तिपुर*

महेन्द्रनगर तथा आसपासका खोप केन्द्रमा खोप लगाउन आउनेको भीड निकै बढी थियो । स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गर्ने विषयमा सबैले लापरबाही नै गरेका थिए । खोप केन्द्र व्यवस्थापनमा नगर प्रहरीलगायत अन्य सुरक्षाकर्मीको उपस्थिति देखिए पनि स्थानीयले लामो समय लाइन लागेर मात्रै खोप लगाउन पाइरहेका थिए । 'बजार क्षेत्रमा भीडभाड बढी भएका कारण केही समस्या देखिएको थियो,' जिल्ला स्वास्थ्य कार्यालयका कोल्ड चेन अधिकृत जनक कुँवरले भने, 'सबैजना एकै पटक आउदा व्यवस्थापनसँगै स्वास्थय सुरक्षाका मापदण्ड पालना गराउन केही समस्या देखिएको हो ।' उनका अनुसार बुधबार ८ हजार ४४ र बिहीबार ११ हजार ८ सय ६८ गरी करिब १९ हजार जनालाई भेरोसेल खोप लगाइएको छ । सबै पालिकाबाट पूर्ण विवरण प्राप्त भइनसकेको उनले बताए ।

जिल्लामा बुधबारदेखि ४ दिन ३६ हजार जनालाई भेरोसेल र आइतबारदेखि ३ दिन २७ हजार जनालाई जोन्सन खोप लगाउने योजना छ । स्वास्थ्य कार्यालयका अनुसार जोन्सन खोप ५० वर्षमाथिका, वैदेशिक रोजगारीमा जाने र अपांगता भएका व्यक्तिहरूलाई लगाइनेछ । भेरोसेल खोप ५५ वर्षभन्दा माथिका, शिक्षक, यातायात मजदुर, उद्योगी व्यवसायी र यसअघि छुटेको विभिन्न उमेर समूहका व्यक्तिलाई लगाइनेछ ।

स्वास्थ्य कार्यालयका अनुसार हालसम्म कोभिसिल्डको ६ हजार ४ सय कक४० र भेरोसेलको ६ हजार ८ सय ८१ गरी १३ हजार जतिले मात्रै दुई डोज खोप लगाउन पाएका छन् ।

## Call for Proposal

**Forum for Women, Law and Development (FWLD)** is seeking proposal from individuals/organizations to prepare a short movie under the Information and Support To People Without Civil Documentation Project. Infographic video should be made on the laws related to Legal Identity (Citizenship). The sealed proposal containing all the documents should be submitted preferably on or before August 9, 2021 by 5 p.m. to FWLD's office.

**TERMS OF REFERENCE**

**Scope of Work**
- Prepare a short movie of around 15 minutes
- Content and story line will be provided by FWLD
- Must be in Nepali and also with sign language for hearing impaired person.

**Eligibility**
- Prior work experience in preparing infographic video

**Budget**
- Kindly consider proposing budget scale

**Required document**
- Letter of interest
- Technical Proposal
- Proposed budget
- Working plan
- CV of key people engaged
- Prior work sample
- Registration certificate under the law of Nepal
- Tax clearance certificate at least up to 2076/77 fiscal year

FWLD — Working for non-discrimination and equality
**Forum for Women, Law and Development (FWLD)**
72 Aadarsha Marg, Thapathali, Kathmandu, Nepal
Ph: 01-4233524, 4233525, 4266415

## VACANCY ANNOUNCEMENT

Urgently requires qualified candidates for the following posts.
- **Research Coordinator :-** PHD/MD (virology Epidemiology with 2 years minimum working experience in phase I and Phase II vaccine trials whole genome sequenceing.
- **Principal of Investigator :-** PHD/MD in Immunology or infectious disease with 2 years working experience in COVID-19 vaccine trial in phase I Phase, II & III with minimum 2 articles published in Q1 or Q2 journal.
- **Program Manager :-** Master Degree in related field with minimum 2 years working experience.
- **Communication Officer :-** well command in English writing & speaking with Bachelor/Masters degree.
- **Administrative Officer :-** Bachelor/ Masters Degree in related field.
- **Microbiologist :-** B.sc/ M.sc.
- **Staff Nurse :-** Few PCL with 1 year working experience.
- **Quality Control Executive :-** M.pharma/M.sc chemist.
- **Quality Control Assistant :-** B.pharma.
- **Personal Assistant :-** Minimum Bachelor degree with 1 year working experience.
- **Accountant :-** Bachelor Degree with 1 year experience.

Please send your CV with documents at **clinicalkathmandu@gmail.com** before **5th August 2021**
Only eligible candidates call for Interview.

# सर्पदंशबाट किशोरीको मृत्यु

टीकापुर (कास)- कैलालीको जानकी गाउँपालिका-८ पालबजारका १७ वर्षीय शिशिर चौधरीको विषालु सर्पले टोकेर मृत्यु भएको छ । आफ्नै घरमा सुतिरहेको बेला राति २ बजेतिर बायाँ हातमा सर्पले टोकेको र उपचारका क्रममा बाँकेको कोहलपुरमा बिहीबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै, कैलालीकै जानकी गाउँपालिका-६ सुवर्णपुरका ४७ वर्षीय नेपालु थारूको करेन्ट लागेर बुधबार मृत्यु भएको छ । सगुनको रूखको हाँगा काट्ने क्रममा बिजुलीको तारमा छुन गई उनलाई करेन्ट लागेको प्रहरीले जनाएको हो । करेन्ट लागेपछि टीकापुर अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## वर्गीकृत डिस्प्ले

**भाडामा**
इमाडोल स्थित डाउन टाउन हाउजिङ्ग भित्र २० फिट बाटो भएको ६ आनामा बनेको २.५ तल्ले आधुनिक घर भाडामा
सम्पर्क: ९८५११०२५८४

**फ्रि-होम डेलिभरी यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन | STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन | SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**सूचना**
नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौंको लागि खाद्यान्न तथा तरकारी आपूर्ति गर्न ३५ दिने कोटेशन माग सम्बन्धी सूचना ।
विस्तृत जानकारीको लागि
फोन नं. ०१-४९११६७८

**भाडामा**
बबरमहलको प्राईम लोकेसनमा रहेको पार्किङ्ग सुविधा भएको Furnished Office-2 फ्ल्याट एवम् सटर गोदाम-१ भाडामा छ
सम्पर्क: 9851124618, 9611066618
Email: kamalanepal64@gmail.com

**काठमाडौंको लागि डिलर चाहियो**
आलमोनियमको झ्याल ढोकामा प्रयोग हुने प्लाष्टिकका सामानहरु: गाइड, एंगल, ग्रिप तथा पर्दाका पाईप, इत्यादी
यू. एण्ड के. प्लाष्टिक प्रोडक्ट्स, वीरगंज
सम्पर्क नं. ९८५५०२६३६६
Website: www.uk-plastic.com

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।